# अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको एम्.ए. दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
जितानन्द अधिकारी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६४

## शोधनिर्देशकको मन्तव्य

प्रस्तुत "अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण" शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभागका एम.ए. द्वितीय वर्षका शोधार्थी जितानन्द अधिकारीले मेरा निर्देशनमा पूरा गर्नुभएको हो । क्षेत्रकार्य सम्पन्न गरी परिश्रमपूर्वक तयार गरिएको प्रस्तुत शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

__________________

(**जीवेन्द्रदेव गिरी**)
उपप्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

मिति: २०६४।०३।२२

त्रिभुवन विश्वविद्यालय

## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

### स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको मातहतमा छात्र जितानन्द अधिकारीले उपप्रा. जीवेन्द्रदेव गिरीको निर्देशनमा रही “अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण” नामक शोधपत्र तयार पार्नु भएकोले प्रस्तुत शोधपत्र सम्बन्धित विषयका लागि उपयुक्त ठानी स्वीकृत गरिएको छ ।

### शोधपत्रको मूल्याङ्कन-समिति

(प्रा. घनश्याम उपाध्याय)
(नि.विभागीय प्रमुख)

(उपप्रा. जीवेन्द्रदेव गिरी)
(शोधनिर्देशक)

.................................
(बाह्य परीक्षक)

मितिः २०६४।०४।०४

**कृतज्ञताज्ञापन**

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरुवर उपप्राध्यापक जीवेन्द्रदेव गिरीज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा उहाँले प्राध्यापन तथा विविध व्यावहारिक कार्यव्यस्तताका बीच पनि मलाई आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गर्नु भएकोमा शोधनिर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रस्तावलाई स्वीकृति प्रदान गरी शोधकार्य गर्ने अवसर दिने नेपाली केन्द्रीय विभागप्रति म कृतज्ञ छु । औपचारिक शिक्षाको यस तहसम्म आइपुग्न प्रेरणा, सहयोग र मार्गदर्शन गर्नुहुने मेरा पूजनीय बुबा जगन्नाथ अधिकारी, आमा सरस्वतीदेवी अधिकारी, दिदीहरू दुर्गादिवी उपाध्याय र हरिकला भण्डारीका साथै प्रस्तुत शोधपत्र लेखनको क्रममा सहयोग गर्ने भाइहरू दिनेशराज अधिकारी र धर्मराज अधिकारीलाई धन्यवाद छ ।

यस शोधकार्यका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका सरल र सहज रूपमा उपलब्ध गराई सहयोग गर्ने त्रि.वि.केन्द्रीय पुस्तकालय परिवारलाई हार्दिक धन्यवाद छ । यस शोधपत्रलाई छिटो छरितो  र सजग रूपमा टङ्कन गरिदिनु हुने असीम कम्युनिकेसन एन्ड फोटोकपीका श्री माधवराज ढकाललाई धन्यवाद दिन्छु ।

अन्त्यमा म यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि.नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।


जितानन्द अधिकारी
स्नातकोत्तर तह, दोस्रो वर्ष
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

समूह २०६१/०६२
रोल नं. ७१

# विषयसूची

पृष्ठ

## अध्याय एक
## शोधपरिचय


| | |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधार्थीको पूरा नाम | १ |
| १.३ शोधको प्रयोजन | १ |
| १.४ विषय-परिचय | १ |
| १.५ शोधसमस्या | १ |
| १.६ शोधको उद्देश्य | २ |
| १.७ पूर्वकार्यको विवरण | २ |
| १.८ शोधकार्यको औचित्य | ३ |
| १.९ अध्ययनको क्षेत्र र सीमा | ३ |
| १.१० सामग्रीसङ्कलन र विश्लेषण | ३ |
| १.११ शोधपत्रको रूपरेखा | ४ |


## अध्याय दुई
## अछाम जिल्लाको परिचय


| | |
|---|---|
| २.१ पृष्ठभूमि | ५ |
| २.२ भौगोलिक परिचय | ६ |
| २.२.१ लेकाली खण्ड | ६ |
| २.२.२ पहाडी खण्ड | ६ |
| २.२.३ औल खण्ड | ६ |
| २.३ ऐतिहासिक परिचय | ७ |
| २.४ सामाजिक जनजीवन र लोकसंस्कृति | ७ |
| २.४.१ संस्कार | ८ |
| २.४.२ आर्थिक अवस्था | ८ |
| २.४.३ शैक्षिक अवस्था | ९ |


## अध्याय तीन
## लोकगीतका रूपमा मागल र पर्वगीत


| | |
|---|---|
| ३.१ विषयप्रवेश | १० |
| ३.२ लोकगीतको परिचय | १० |
| ३.३ लोकगीतका विशेषता | १२ |
| ३.३.१ मौखिक परम्परा | १२ |
| ३.३.२ स्वच्छन्दता | १२ |
| ३.३.३ सामूहिकता | १२ |
| ३.३.४ सहजता र सरलता | १२ |
| ३.३.५ सङ्गीतमयता | १२ |
| ३.३.६ अज्ञात रचयिता | १२ |
| ३.३.७ पुनरावृत्ति तथा प्रश्नोत्तरप्रवृत्ति | १२ |
| ३.४ लोकगीतका तत्त्वहरू | १२ |
| ३.५ लोकगीतको वर्गीकरण | १४ |
| ३.६ लोकगीतका रूपमा मागलगीत | १७ |
| ३.६.१ मागलगीतको परिचय | १७ |

३.६.२ मागलगीतका प्रकारहरू १९
३.७ लोकगीतका रूपमा पर्वगीत २१
३.७.१ पर्वगीतको परिचय २१
३.७.२ पर्वगीतका प्रकारहरू २२

## अध्याय चार

## अछामी मागल र पर्वगीतहरूको सङ्कलन तथा वर्गीकरण

४.१ अछामी मागलको सङ्कलन २६
४.१.१ धार्मिक कार्यसँग सम्बन्धित मागल २६
४.१.२ देवीदेवतासँग सम्बन्धित मागल २८
४.१.३ व्रतबन्धसँग सम्बन्धित मागल ३०
४.१.४ विवाहसंस्कार सम्बन्धी मागल ३१
४.२ अछामी मागलको वर्गीकरण ३५
४.२.१ संस्कारका आधारमा वर्गीकरण ३५
४.२.२ विषयवस्तुका आधारमा वर्गीकरण ३७
४.२.३ आकारका आधारमा वर्गीकरण ३८
४.३ अछामी पर्वगीतको सङ्कलन ३८
४.३.१ रनपुतला गीत ३८
४.३.२ लुतो फाल्ने गीत ४०
४.३.३ भैलो गीत ४०
४.३.४ भुओ गीत ४१
४.३.५ होरी गीत ४१
४.४ अछामी पर्वगीतको वर्गीकरण ४६
४.४.१ विषयवस्तुका आधारमा वर्गीकरण ४६
४.४.२ लिङ्गका आधारमा वर्गीकरण ४७
४.४.३ आकारका आधारमा वर्गीकरण ४८
४.४.४ लयका आधारमा वर्गीकरण ४८

## अध्याय पाँच

## अछामी मागल तथा पर्वगीतको विश्लेषण

५.१ अछामी मागलको परिचय ४९
५.२ मागलगीतको ऐतिहासिकता ५०
५.३ मागलगीतका विशेषताहरू ५०
५.३.१ माङ्गलिक अभव्यिक्ति ५०
५.३.२ लामो ऐतिहासिक पृष्ठभूमि ५१
५.३.३ सामूहिकता ५१
५.३.४ नारी प्रधानता ५१
५.३.५ रचनाकारको अज्ञातता ५१
५.३.६ मौखिकता र मौलिकता ५१
५.३.७ स्थानीयता ५१
५.३.८ सङ्गीतको प्रयोग नहुनु ५२
५.३.९ पुनरावृत्तिको प्रयोग हुनु ५२
५.४ मागलका तत्त्वहरू ५२
५.४.१ लय वा भाका ५२
५.४.२ स्थायी र अन्तरा ५३
५.४.३ भाषा ५३
५.४.४ भाव ५३
५.४.५ गेयात्मकता ५४
५.४.६ कथनपद्धति ५४
५.५ मागलको महत्त्व ५४

५.५.१ ऐतिहासिक महत्त्व ५४
५.५.२ सांस्कृतिक महत्त्व ५४
५.५.३ भौगोलिक महत्त्व ५४
५.५.४ भाषिक महत्त्व ५५
५.५.५ सामाजिक महत्त्व ५५
५.५.६ साहित्यिक महत्त्व ५५
५.५.७ धार्मिक महत्त्व ५५
५.६ विभिन्न आधारमा मागलको विश्लेषण ५५
५.६.१ संस्कारका आधारमा मागलको विश्लेषण ५५
५.६.२ विषयवस्तुका आधारमा मागलको विश्लेषण ५८
५.६.३ स्वरूपका आधारमा मागलको विश्लेषण ६४
५.६.४ लय र छन्दका आधारमा मागलको विश्लेषण ६५
५.६.५ साहित्यिक विशेषताका आधारमा मागलको विश्लेषण ६८
५.६.६ भाषाका आधारमा मागलको विश्लेषण ७०
५.७ अछामी पर्वगीतको परिचय ७१
५.८ पर्वगीतहरूका विशेषता ७२
५.८.१ ऐतिहासिकता ७२
५.८.२ स्थानीयता ७२
५.८.३ सामूहिकता ७२
५.८.४ रचनाकारको अज्ञातता ७२
५.८.५ मौखिकता र मौलिकता ७३
५.८.६ पुनरावृत्ति ७३
५.९ पर्वगीतका तत्त्वहरू ७३
५.९.१ लय वा भाका ७३
५.९.२ स्थायी र अन्तरा ७३
५.९.३ भाषा ७३
५.९.४ गेयात्मकता ७३
५.९.५ भाव ७३
५.९.६ कथनपद्धति ७४
५.१० पर्वगीतको महत्त्व ७४
५.१०.१ सांस्कृतिक महत्त्व ७४
५.१०.२ ऐतिहासिक महत्त्व ७४
५.१०.३ भौगोलिक महत्त्व ७४
५.१.४ भाषिक महत्त्व ७४
५.१०.५ सामाजिक महत्त्व ७४
५.१०.६ धार्मिक महत्त्व ७५
५.११ विभिन्न आधारमा पर्वगीतको विश्लेषण ७५
५.११.१ विषयवस्तुका आधारमा पर्वगीतको विश्लेषण ७५
५.११.२ प्रस्तुतिका दृष्टिले विश्लेषण ७७
५.११.३ वर्षचक्रीय आधारमा पर्वगीतको विश्लेषण ७७
५.११.४ स्वरूपका दृष्टिले पर्वगीतको विश्लेषण ७८
५.११.५ लय र छन्दका आधारमा पर्वगीतको विश्लेषण ८०
५.११.६ साहित्यिक विशेषताका आधारमा पर्वगीतको विश्लेषण ८३
५.११.७ भाषाका आधारमा पर्वगीतको विश्लेषण ८३
अध्याय छ
निष्कर्ष
सन्दर्भग्रन्थसूची
परिशिष्टहरू

## संक्षेपीकृत सूची

| | |
|---|---|
| अ. | अप्रकाशित |
| एम. ए. | मास्टर अफ आर्ट्स |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.के.वि. | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| ने.सं. | नेपाल संवत् |
| प्र. | प्रकाशन |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ट |
| मा.वि. | माध्यमिक विद्यालय |
| मि.मि. | मिलिमिटर |
| वि.सं. | विक्रम संवत् |
| स. | समिति |
| से. | सेन्टिग्रेट |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण” रहेको छ ।

## १.२ शोधार्थीको पूरा नाम

जितानन्द अधिकारी

## १.३ शोधको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि लेखिएको हो ।

## १.४ विषय-परिचय

हिन्दूपरम्पराअनुसार कुनै पनि शुभकार्यमा नयाँ कामको थालनी गर्दा विभिन्न संस्कारहरू गर्नुपर्ने भएकाले जन्मसंस्कार, व्रतबन्धसंस्कार तथा विवाहसंस्कारमा माङ्गलिक कार्यका लागि अछाम जिल्लामा मागल गाइने गरिन्छ । त्यसैले त्यस्ता शुभकर्ममा गाइने गीतहरू नै मागलगीत हुन् । महिलाहरूद्वारा लामो लेग्रो तानेर मागल गाइने गरिन्छ । कुनै शुभ-अवसरमा कार्यसिद्धिका लागि र भविष्यप्रति उज्ज्वल कामना गरेर मागल गाइन्छ । दियो, कलश र गणेशजस्ता देवीदेवताको आराधना गर्दै कुनै विघ्नबाधा आईनपरोस् भनी मागलगीत गाउने प्रचलन रहिआएको छ । व्रतबन्धमा भिक्षा माग्दा, हलेदी लगाउँदा, विवाहमा दुलाहाले आमाको दशधारा दूधको भारा तिर्दाको सन्दर्भमा तथा दुलाहा-दुलहीको माइततिर जाँदा अनि दुलही माइतीघरबाट बिदाइ हुँदाका विशेष अवसरमा गाइने गीतहरू नै मागलगीतहरू हुन् । यसका साथै विसु पर्व, दसैँ-तिहार, पुसे औँसी, होरी आदि हिन्दू चाडपर्वहरू मनाउँदा पनि यहाँ लोकगीतहरू गाइन्छन् । यी गीतहरू पर्वगीतका रूपमा प्रसिद्ध छन् । यी गीतहरू अछाम जिल्लाका महत्त्वपूर्ण लोकसाहित्यिक सामग्रीका रूपमा रहेकाले यिनको अध्ययन गर्ने काम यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधसमस्या

लोकसाहित्यका विभिन्न हाँगाबिँगाहरू भएको सुदूरपश्चिम क्षेत्रअन्तर्गतको पहाडी जिल्ला अछाममा प्रचलित मागलगीत र पर्वगीतहरूको अध्ययन, वर्गीकरण र विश्लेषणमा केन्द्रित यस शोधपत्रका प्रमुख शोधसमस्याहरू निम्नानुसार बुँदागत रूपमा निर्धारण गरिएका छन् :

(क) मागलगीत र पर्वगीत भनेका के-के हुन् ?

(ख) अछाम जिल्लामा के-कस्ता अवसर र पर्वमा यी गीतहरू गाइन्छन् ?

(ग) अछामी मागलगीत र पर्वगीतलाई के-कति वर्गमा विभाजन गर्न सकिन्छ ?

घ) अछामी मागलगीत र पर्वगीतका विशेषताहरू के-के हुन् ?

## १.६ शोधको उद्देश्य

अछाम जिल्लामा परम्परादेखि प्रचलनमा आएका मागलगीत र विभिन्न अवस्थामा गाइने पर्वगीतहरूको अध्ययन गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यस प्रमुख उद्देश्यअन्तर्गतका निम्नलिखित सहायक उद्देश्यहरू पनि यसमा निर्धारण गरिएका छन्

क) मागलगीत र पर्वगीतको परिचय दिने ।

ख) अछाम जिल्लामा गाइने मागल र पर्वगीतहरू गाइने अवसर र पर्वहरूका बारेमा उल्लेख गर्ने ।

ग) अछामी समाजमा प्रचलित मागल र पर्वगीतहरूलाई सङ्कलन गरी वर्गीकरण गर्ने ।

घ) अछामी मागलगीत र पर्वगीतका विशेषताहरूलाई विभिन्न कोणबाट विश्लेषण गर्ने ।

## १.७ पूर्वकार्यको विवरण

अछाम जिल्लामा प्रचलित मागलहरूमा केन्द्रित भएर आजसम्म कसैले अध्ययन गरेको पाइँदैन तापनि विभिन्न सन्दर्भमा चर्चा गरिएका मागलगीत र पर्वगीतका सन्दर्भहरू प्रस्तुत अध्ययनसँग सम्बन्धित छन् । त्यसैले पूर्वाध्ययनको विवरणस्वरूप तिनको यहाँ चर्चा गरिएको छ ।

-1_ देवकान्त पन्तले 'डोटेली लोकसाहित्य एक अध्ययन' (२०३२) मा फाग र सगुनका बारेमा चर्चा गरेका छन् ।

-2_ धर्मराज थापाले 'मेरो नेपाल भ्रमण' (२०३२) मा अछाम जिल्लाका घरघरमा कविहरू भएको कुरा उल्लेख गर्दै होली पर्वका बारेमा चर्चा गरेका छन् ।

-3_ पूर्णप्रकाश नेपाल यात्रीले 'सेतीको नालीबेली' (२०३४) मा बुढीगङ्गा नदीका छेउछाउमा असारेगीत गाउन लागेका किशोरीहरूको चर्चा गरेका छन् ।

-4_ यात्रीकै 'सेतीका तारा' (२०३४) मा सेती नदी र देउडा गीतको सामान्य चर्चा गरिएको छ ।

-5_ यात्रीकै 'सेतीका तारा' (२०३५) मा अछाममा प्रचलित देउसीका बारेमा केही चर्चा गरिएको पाइन्छ ।

-6_ यात्रीले 'भेरी लोकसाहित्य' (२०४१) मा संस्कारगीतका बारेमा चर्चा गरेका छन् जसअन्तर्गत मागलका केही प्रसङ्गहरू गाँसिएका छन् ।

-7_ तेजप्रकाश श्रेष्ठले 'अछामी लोकसाहित्य' (२०४४) मा अछामी लोकगीतका बारेमा सामान्य परिचय दिएका छन् तापनि मागलगीत र पर्वगीतबारे भनेर केही प्रकाश पारेका छैनन् ।

-8_ जयराज पन्तले 'अँजुलीभरि सगुन र पोल्टाभरि फाग' (२०५५) मा सगुन र फागका बारेमा चर्चा गरेका छन् । मागल र सगुन परस्पर सम्बन्धित छन् भने फागको सम्बन्ध पर्वगीतसँग रहेको छ । उनको अध्ययन अछाममा केन्द्रित छैन ।

-9_ शम्भुप्रसाद कोइरालाले 'लोकसाहित्य सिद्धान्त र विश्लेषण' (२०५५) मा अछामकै मागलमा केन्द्रित नभएपनि मागलगीतको चर्चा गरेका छन् ।

-10_ कृष्णप्रसाद पराजुलीले 'नेपाली लोकगीतको आलोक' (२०५७) मा नेपाली लोकगीतका साथै पर्वगीत र मागलगीतका बारेमा चर्चा गरेका छन् । उनको अध्ययन अछामसँग मात्र नगाँसिएको र वृहत राष्ट्रिय सन्दर्भमा पर्वगीत र मागलको प्रसङ्ग त्यहाँ आएको कुरा मननीय छ ।

-11_ जीवेन्द्रदेव गिरीले 'लोकसाहित्यको अवलोकन' (२०५७) मा भेरीकर्णाली भेकका विभिन्न लोकगीतका बारेमा चर्चा गरेका छन् तर अछामका मागल र पर्वगीततर्फ उनको दृष्टि पुग्न सकेको छैन ।

-12_चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०५८) भन्ने पुस्तकमा मागलगीत, फाग, सगुन र पर्वगीतहरूका बारेमा केही विवेचना गरेका छन् तर उनको विवेचना अछामकेन्द्री छैन ।

-13_राजाराम सुवेदीले 'अछामको इतिहास' (२०५८) मा यस जिल्लामा मनाइने चाडपर्वहरूको संक्षिप्तपरिचय प्रस्तुत गरेका छन् ।

-14_ हितराज जोशीले आफ्नो शोधपत्र 'बझाङ्गी संस्कृतिमा भुओगीतको अध्ययन' (२०६०/०६१) मा भुओ गीतका बारेमा चर्चा गरेका छन् र अछामी पर्वगीतहरूका अध्ययनका क्रममा सो अध्ययन सरोकारको विषय हुनु स्वाभाविक छ ।

-15_ पर्वगीतका रूपमा 'होरी देउडा' (२०६१) मा अछाममा मनाइने होरीगीतको बारेमा सामान्य चर्चा गरिएको पाइन्छ ।

-16_ विर्खराज सोतीले आफ्नो 'बझाङ्गी मागलहरूको सङ्कलन र अध्ययन' शीर्षकको शोधपत्र (२०६२) मा मागलगीतका बारेमा बझाङ्गमा प्रचलित मागलहरूको विवेचना गरेका छन् । बझाङ्ग र अछाम भौगोलिक रूपमा नजिकै रहेकाले प्रस्तुत अध्ययनका सन्दर्भमा सो अध्ययन महत्त्वपूर्ण छ ।

-17_ मोहनराज शर्मा र खगेन्द्र लुइँटेलले 'लोकवार्ताविज्ञान र लोकसाहित्य' (२०६३) मा पर्वगीत र संस्कारगीतहरूको चर्चा गरेका छन् तर अछामका मागल र पर्वगीतको अध्ययनका दृष्टिले सो अध्ययन सामान्य नै छ ।

## १.८ शोधकार्यको औचित्य

अछाम जिल्लामा प्रचलित मागलगीत र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण आजसम्म कसैले पनि नगरेको हुँदा यो कार्य आफैँमा औचित्यपूर्ण देखिन्छ । यस अध्ययनबाट अछाम जिल्लामा प्रचलित ती गीतहरूको सङ्कलन हुन गई तिनको संरक्षण हुनेछ । तिनका भेदउपभेदका बारेमा अध्ययन गर्न चाहने सम्पूर्ण व्यक्तिहरूलाई पनि प्रत्यक्ष लाभ मिल्नेछ । अछामी जनजीवनका संस्कार र भाषिकाका बारेमा अध्ययन गर्न चाहनेलाई पनि प्रस्तुत अध्ययनबाट सहयोग पुग्नेछ । नेपालका विभिन्न भागका प्रचलित मागलगीत र पर्वगीतको तुलनात्मक अध्ययनअध्यापनमा प्रस्तुत अध्ययनलाई उपयोग गर्न सकिनेछ । अछाम जिल्लाको रहन-सहन, दुःख-सुख, हर्ष-विस्मात, छैटी, व्रतबन्ध र विवाहअन्तर्गतका शुभाशुभकार्यहरूका बारेमा पनि यस अध्ययनले जानकारी प्रस्तुत गर्नेछ । नेपाली लोकसाहित्यको अध्ययनको पूर्णताका निम्ति पनि प्रस्तुत अध्ययनबाट आंशिक योगदान पुग्ने कुरा स्पष्ट छ । यी सम्पूर्ण परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनको औचित्य सिद्ध हुन आउँछ ।

## १.९ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत अध्ययनको भौगोलिक क्षेत्र सुदूरपश्चिमाञ्चलअन्तर्गतको अछाम जिल्ला रहेको छ । यसमा अछाम जिल्लाअन्तर्गगतका भाटाकाटियाँ, छब्बीसक्षेत्र, तोली, विनायक, तोषी र विशेष गरी भैँसोले क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूमध्ये मागल र पर्वगीतहरूको मात्र सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.१० सामग्रीसङ्कलन र विश्लेषण

प्रस्तुत शोधपत्र तयार गर्नका लागि सम्बन्धित क्षेत्रमा गई प्रत्यक्षावलोकनका आधारमा क्षेत्रीय अध्ययन गरिएको छ । यस क्रममा स्थानीय माङ्गलिक कार्यहरूमध्ये व्रतबन्ध र विवाहका साथै मन्दिरका शुभाशुभ कार्यहरूका बारेमा अनुभवी व्यक्तिसँग सोधपुछ गरी जानकारी लिइएको छ । सामग्री-सङ्कलनका निम्ति गायन-अवलोकन पनि गरिएको छ । यसका

साथै पर्वगीतका सन्दर्भमा होरीपर्वमा प्रत्यक्ष सहभागी भई त्यससम्बन्धी जानकारी लिइएको छ । यी गीतहरूको विश्लेषणको क्रममा पुस्तकालयीय अध्ययनलाई पनि अँगालिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ :-

| | |
|---|---|
| पहिलो अध्याय | शोधपरिचय |
| दोस्रो अध्याय | अछाम जिल्लाको परिचय |
| तेस्रो अध्याय | लोकगीतका रूपमा मागलगीत र पर्वगीत |
| चौथो अध्याय | अछामी मागल र पर्वगीतको सङ्कलन र वर्गीकरण |
| पाँचौ अध्याय | अछामी मागल तथा पर्वगीतको विश्लेषण |
| छैटौँ अध्याय | निष्कर्ष |

# अध्याय दुई

# अछाम जिल्लाको परिचय

## २.१ पृष्ठभूमि

अछाम जिल्ला सुदूरपश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत सेतीअञ्चलको अति दुर्गम पहाडी जिल्ला हो । यहाँ विभिन्न किसिमका अनकन्टार खोँचहरू, ओडारहरू र विकट पहाडहरू अवस्थित रहेका छन् । दुईवटा संसदीय निर्वाचन क्षेत्र र ७५ गा.वि.स. रहेको यस जिल्लाको सदरमुकाम मङ्गलसेन हो । यस जिल्लालाई १३ इलाका खण्डमा विभाजन गरिएको छ । अछाम समुद्री सतहबाट ५४० मिटरदेखि ३८२० मिटरसम्मको उचाइमा रहेको छ । धार्मिक र पर्यटकीय दृष्टिकोणले प्रसिद्ध मानिने रामारोसन 'बाह्रबण्ड अठार खण्ड', 'खप्तड राष्ट्रिय निकुञ्ज', 'बैद्यनाथ क्षेत्र' र विनायक आदि यस जिल्लाका प्रमुख स्थान हुन् ।

भौगोलिक स्थितिका दृष्टिले अछाम जिल्लाको पूर्वमा कालीकोट र दैलेख, पश्चिममा डोटी, उत्तरमा बझाङ र बाजुरा तथा पूर्व-दक्षिणमा सुर्खेत जिल्लाहरू पर्दछन् । अछाम जिल्लाको फैलावट उत्तरी अक्षांश २८°४५' देखि २९°३३' सम्म र पूर्वी देशान्तर ८१°८२' देखि ८१°३५' सम्म रहेको छ । यसको क्षेत्रफल १,६२९२ वर्ग किलोमिटर रहेको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार अछाम जिल्लाको जनसङ्ख्या २,३०,९३९ रहेको पाइन्छ ।[1] यस जिल्लाको सामाजिक संस्कार बाजुरा, बझाङ र दैलेखको सामाजिक संस्कारसँग निकट रहेको पाइन्छ । प्राचीन सिंजा र डोटी प्रदेशबाट अलग भएर बाइसी राज्यहरू निर्माण हुने क्रममा अछाम वि.सं.२०१८ पछि स्वतन्त्र जिल्लाका रूपमा स्थापित भएको छ ।

'अछाम' नामकरणको सम्बन्धमा अछामी राजाको प्रारम्भिक राजधानी सेराबूढीथर्पुलाई इङ्गित गरिएको पाइन्छ । सेराबूढीथर्पुबाट केही तल पास्तोली गाड बग्दछ । त्यस ठाउँदेखि पूर्वपट्टि तीनवटा छहरा खसेका छन् । ती मध्ये एउटा छहरा अलि ठूलो र कहालीलाग्दो छ । त्यस मुहानलाई प्राचीन कालमा 'अस्माम्बु' भनिन्थ्यो । सो 'अस्माम्बु' भन्ने पानीको मुहानमा प्रत्येक वर्ष माघे सङ्क्रान्तिमा विशाल मेला लाग्दछ । त्यही अस्माम्बु शब्दबाट परिवर्तन भई अस्माम्ब-अच्छाम्म-अछाम्म र अछाम भयो भन्ने अध्येताहरूको मत रहेको छ ।[2] अर्को मतमा परापूर्वकालमा आश्वालयन ऋषि खेचराद्रि पर्वतमा तपस्या गर्न आउँदा उनका साथमा एउटा शिष्य पनि आएका थिए । उनी बालब्रम्हचारी हुनाले ऋषि आश्वालयनले त्यस्ता शिष्यलाई आफ्नो मद्दतका लागि योग सिकाउन साथमा ल्याएका थिए । ती शिष्यको नाम अक्षम थियो । आफ्ना गुरु आश्वालयनको आज्ञाअनुसार ती अक्षम ब्रम्हचारी कैलाश नदीको उद्गमस्थल हालको रामारोसन क्षेत्रमा आएर तपस्या गरी बसे । उनका तपस्याका तेजले वरपरको वातावरण अत्यन्तै तेजोमय, आकर्षक र सुनौलो भयो त्यसरी तेजोमय भएकाले सो धरतीलाई अक्षमस्थल भनियो । सो अक्षमस्थल (हालको रामारोसन) र त्यस वरपरको क्षेत्रलाई अछाम भन्ने नाम दिइयो ।[3]

अछामको नामकरणको अन्तिम आधार राजकुमार अक्षय मल्लको अछाम 'नौखुवा' विनायक वासलाई मान्न सकिन्छ । राजकुमार अक्षय मल्ल कर्णाली प्रदेशका राजा जितारी मल्लका जेठा छोरा थिए । अक्षय मल्ल राजा भएको प्रमाण पाइएको छैन । बरु उनी राजकुमार हुँदा नौखुवा अछामको पूर्वतर्फ कर्णाली नदीको पश्चिमी तटमा पर्ने विनायक क्षेत्रमा केही समय

---

[1] ;|f]tM 2060, cपkmfd, g]kfn -/fli^o, >d k|lti&fg_.

[2] पूर्णप्रकाश नेपाल 'यात्री', **सेतीअञ्चल दिग्दर्शन**, (विराटनगरः हिमाली सौगात प्रकाशन, २०३५), पृ.२२५ ।

[3] राजाराम सुवेदी, **अछामको इतिहास**, (अछामः श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिति, २०५८), पृ.२८ ।

बसेका थिए । राजकुमार अक्षयमल्ल अत्यन्तै धर्मात्मा र प्रजावत्सल थिए । उनी महन्त वा भिक्षु भएर परिभ्राजित र शान्तमय जीवनयापन गर्न चाहन्थे । उनले अछामभर ठाउँठाउँमा देवल, नाउला (कुवा) र मुङ्ग्राहरू निर्माण गराएका थिए । अछामभर जति पनि कुवा छन् ती सबै जसो राजकुमार अक्षय मल्लले निर्माण गरेका हुन् भन्ने सुनिन्छ । अछामको त्यो निर्माणको अभियान गरेका राजकुमार अक्षय मल्ल राजकाजमा कुनै लोभ लालच नराखी परिभ्राजक, महन्त वा भिक्षु भएर तिब्बततिर लागे । त्यस्ता महात्मा राजकुमारको सम्झनामा सो नौखुवा क्षेत्रलाई अक्षय मल्ल भूमि भनियो । त्यही अक्षयमल्लबाट अक्षयम भयो र अन्त्यमा अछाम भयो ।[4]

अछामका ऐतिहासिक पुरातात्विक स्थलहरू श्रीकोट, बान्नीगढी, नवलागढी, मोतीपरकोट, दर्नाका पञ्चदेवल, विनायकका पञ्चदेवल, जनालीकोट र सुरैकोट आदि पर्दछन् । अछाम जिल्लामा कृषकहरूले गाई, भैंसी, भेडा र बाखापालन गर्ने तथा धान, गहुँ, मकै, कोदो आदि अन्नबाली लगाउने गर्दछन् ।

## २.२ भौगोलिक परिचय

भौगोलिक हिसाबले अछाम मध्यपहाडी भागमा पर्दछ । यहाँको भौगोलिक बनोटलाई निम्नलिखित खण्डमा विभाजन गर्न सकिन्छ ।

### २.२.१ लेकाली खण्ड

समुद्री सतहबाट ३,१३४ मिटरभन्दा अग्ला पहाड वा भू-भागलाई लेकाली खण्ड भनिन्छ । यस क्षेत्रमा हिउँ पर्ने भएकाले मानिसहरूको बसोबास कम रहेको छ । गुराँसे लेक, रामारोसन, खप्तड आदि क्षेत्रहरू पर्दछन् । यहाँ दुर्लभ वन्यजन्तु, जडीबुटी तथा काठपातका साथै प्रसस्त खनिज पदार्थहरूको भण्डार रहेको पाइन्छ । पतझर जङ्गल, बुट्यानका रुखहरू रहेको यस खण्डमा डाँफे, कस्तूरी, मुनाल, कालिज, चितुवा आदि जीवजन्तु पाइन्छन् । यो ठाउँ अति चिसो हुने हुँदा यहाँ खेतीयोग्य जमिन कम मात्रामा रहेको पाइन्छ ।

### २.२.२ पहाडी खण्ड

समुद्री सतहबाट १,२२० मिटरदेखि ३,१३४ मिटरसम्मको उँचाइमा रहेको भू-भाग यस खण्डमा पर्दछ । अनुकूल हावापानीका कारण यस खण्डमा अन्य खण्डको भन्दा जनसङ्ख्या बढी नै रहेको छ । यहाँ न धेरै जाडो, न धेरै गर्मी हुने भएकाले मौसम अनुकूल रहेको पाइन्छ । गहुँ, मकै, कोदो, भटमास, धान आदि यस क्षेत्रका प्रमुख अन्नबाली हुन् । फलफूलमा नासपाती, आरु, स्याऊ, सुन्तला, केरा, कागती आदि पाइन्छन् । दर्ना, तडीगैह्रा, घोडासैन, श्रीकोट, बलाँता, विनायक आदि क्षेत्र यस खण्ड अन्तर्गत पर्दछन् ।

### २.२.३ औल खण्ड

समुद्री सतहबाट ५४० मिटरदेखि १,२२० मिटरसम्मको उँचाइलाई औल भनिन्छ । यसलाई बेँसी, टार, बगर, सैन आदिले पनि चिन्ने गरिन्छ । अछाम जिल्लामा यस प्रकारको भू-भाग प्रशस्त मात्रामा रहेको छ । अछामको यस भागलाई अन्नको भण्डार पनि भनिन्छ । त्यस्ता खण्डहरूमा प्रायः मौसम अलि गर्मी हुने खालको हुन्छ । कर्णाली, बूढीगङ्गा, कैलाश खोला, कुइका खोला, सैनको टार, वा अन्य खोलाका बगरलाई यस खण्डमा लिन सकिन्छ । यस्ता जमीनमा धेरै ठाउँमा सिँचाइको व्यवस्था भएकाले अत्यधिक मात्रामा धानको खेती र तरकारीको खेतीपाती गरिन्छ । साँफेबगर, ठाँटी, टोड्क्यासाल, लोड्याघाट र वैद्यनाथ क्षेत्रलाई यस खण्डमा राखिएको छ ।

यसरी अछामको समशीतोष्ण जलवायु जनजीवनका निम्ति अत्यन्तै अनुकूल मानिन्छ । छिमेकी जिल्लाका तुलनामा अछामको भू-भाग राम्ररी मिलेको छ र भूमि पनि उर्वर छ ।

[4] राजाराम सुवेदी, पूर्ववत्, पृ.२९ ।

चारैतिरबाट खोला र पहाडले घेरेर राखेका हुनाले अछाम सुरक्षित जिल्ला पनि मानिन्छ । असोजदेखि चैत्र महिनासम्म जाडो र बाँकी महिनामा न्यानो र शीतल हुन्छ । मनसुनी हावाले हिउँद र वर्षा दुबैमा वर्षा हुने हुँदा पुस, माघ तथा जेठदेखि भाद्रसम्म पानी पर्दछ । अछाममा औसत वर्षा १७९१ मि.मि. र अधिकतम तापक्रम २३$^{\circ}$ (से.) न्यूनतम तापक्रम १३$^{\circ}$ (से.) रहेको पाइन्छ ।

## २.३ ऐतिहासिक परिचय

वि.सं. २०१८ को भौगोलिक वर्गीकरणअनुसार अधिराज्यभरिका ७५ जिल्लाहरूमध्ये अछाम जिल्ला पनि ऐतिहासिक दृष्टिकोणले गौरवशाली देखिन्छ । मध्यकालमा अछाम जिल्ला अछाम, दर्ना, बिमकोट तथा घुँघुरकोट राज्यहरूमा विभाजित थियो । वि.सं. २०१८ पूर्व अछाम जिल्ला डोटी र दैलेखमा मिसाइएको थियो । नेपालको पश्चिम एकीकरणपूर्व अछाम एक स्वतन्त्र राज्य थियो । अछाम राज्यको इतिहासलाई अत्रिका सन्तान गोपाल ऋषिसँग लगेर जोडिएको छ । त्यस अनुसार उनका वंशज निमुखका माइला छोरा विलल्ल डोटी हुँदै कोल्टी पुगी सिंजापति महाराजकी छोरी हरमाता मैयाँसँग विवाह गरी जुम्लाको सामाचौरमा घरबार गरी बसे । वि.सं. १०७२ मा असोजको दसैंमा हारमाताका कोखबाट देवचन्द्र बालकको जन्म भएपछि सिंजापति महाराजाले लालुलोखडा, राखमदेखि दुल्लुको स्युबागदेखि दक्षिण मलबाराका २२ गाउँ, पश्चिम निगालीबोट सेती चौखुट्या, उत्तर भगवती ढुङ्गोअन्तर्गतको राज्य नातिलाई दिए । भनिन्छ त्यो राज्य वि.सं. १८४९ सम्म कायम रह्यो । देवचन्द्र शाहका साथमा चिउने बिष्ट, घोडसैनी ब्राम्हण, नदुकानी, सङ्केते थापा, अमुगाजरो बोहरा, पास्तोली चलाउनेसहित वि.सं.१११२ मा बूढीथर्पुमा गएर बस्न थाले । देवचन्द्रकी रानी सुखावती थिइन् । त्यसपछि अछाम राज्यको राजधानी बूढी थर्पुबाट बान्नीगढीमा सारियो ।[5]

अछामी लोक इतिहासमा प्रचलित वर्णनका आधारमा जानकारी प्राप्त गर्ने प्रयत्न गर्दा प्रागैतिहासिक कालमा 'नौखुवा' को नाउँबाट हालको अछाम क्षेत्र प्रख्यात थियो । नौखुवा भन्नाले अछामको नौखण्डको विभाजन भन्ने बुझिन्छ र ती खण्डमा छुट्टाछुट्टै नाइकेहरूका स-साना राज्यहरू थिए । तीखा पाताल, कोटबाडा, बाइकोट, सुनघट, भुलकोट, सुराइकोट, जनालीकोट, छातासैन र कुइकाकोट गरी नौवटा राज्यका अलग-अलग राजाहरूले राज्य गर्दथे । उपर्युक्त राज्यका राजाहरूले प्राकृतिक सिमाना बाँधेर आ-आफ्ना क्षेत्रमा बाँधी रैथाने भई बसेका हुनाले तिनीहरूलाई एकै नाम नौखुवाका राजा भनिन्थ्यो । देउराये, नवल्या र भोटे राजाहरूले त्यहाँ राज्य गर्दथे । पेखे राजाहरू अछाम दुल्लूमा चार पुस्तासम्म शासन गर्न सफल भए । जयपालदेवले तिनीहरूलाई जितेर आफ्नो जनताको पालन गर्न थाल्दा पाल राजका नामले प्रख्यात भए । त्यसपछि समुद्रवंशी जुम्ली महाराजले अछाममा शासन गर्न थाले ।[6] नेपालको एकीकरण पछि अछाम बाइसी राज्यहरूबाट छुट्कारा भई हाल एक स्वतन्त्र जिल्लाका रूपमा रहेको छ ।

## २.४ सामाजिक जनजीवन र लोकसंस्कृति

अछाम जिल्लामा अवस्थित लेकाली, पहाडी र औल खण्ड भएर रहेका मानिसहरूको सामाजिक जनजीवन र लोकसंस्कृति आ-आफ्नै किसिमको रहेको छ । नेपाल प्राकृतिक सौन्दर्यको अपार भण्डार हो । यसै भण्डारलाई सुशोभित गर्न अछामले पनि ठूलो सघाउ पुऱ्याइरहेको छ । धार्मिक सहिष्णुताका कारणले अछामी समाजमा हरेक जातथरका मानिसहरू एक-आपसमा मिलीजुली बसेका छन् । यस्तै परम्पराले हस्तान्तरण गर्दै आएका विभिन्न संस्कार र संस्कृतिहरू त्यहाँ मानिँदै आएका हुन् । अछामी संस्कृतिको पालना नगर्ने आधुनिक

---

[5] राजाराम सुवेदी, **बाइसी राज्यको ऐतिहासिक रूपरेखा**, (काठमाडौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५५), पृ. ३५ ।

[6] राजाराम सुवेदी, **अछामको इतिहास**, पूर्ववत्, पृ.२४ ।

ठिटाहरूलाई तत्कालीन समाजले पागलको संज्ञा दिन्छ । जेजस्तो भए पनि शान्ति, सद्भाव, एकता र सहयोगको कारणले गर्दा यहाँको जनजीवन र संस्कृति सुहाउँदो किसिमको रहेको छ ।

नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो । त्यसैले यहाँ बसोबास गर्ने अनेक जातजातिहरू रहेका छन् । यस जिल्लामा बसोबास गर्ने विभिन्न थरीका जातिहरूमध्ये ब्राम्हण जातमा अधिकारी, बजगाईं, देवकोटा, न्यौपाने, ढुङ्गाना, जैसी, भट्टराई, घोडासैनी, सुवेदी, खनाल, रेग्मी तथा अन्य छेत्री र ठकुरीमा शाही, स्वाँर, विष्ट, कुँवर, रोकाया, साउँद, थापा, रावल, धामी, बोहरा आदि पर्दछन् । तल्लो जातमा ढोली, आउजी, दमाई, कामी सार्की, सुनार आदि पर्दछन् । जातीय भेद भने यस जिल्लामा रहिआएको पाइन्छ । राउटेहरू काठका सामग्रीहरू बनाएर गाउँघरमा डुलाउने गर्दछन् भने वादीसमुदायले नाचगान गरी आफ्नो गुजारा चलाउने गर्दछन् ।

## २.४.१ संस्कार

मानिस सामाजिक प्राणी भएकाले समाजबिना अलग रहन सक्दैन । प्रत्येक व्यक्तिको आ-आफ्नै संस्कार हुन्छ । व्यक्ति समाजमै जन्मेको हुनाले समाजको संरक्षणमा उसले जीवन-यापन गर्नुपर्दछ । यहाँ नववर्षको प्रारम्भदेखि वर्षको अन्त्यसम्म विभिन्न पर्वहरूमा शुभदिन मानेर चाडपर्वहरू मनाउने गरिन्छ । सोह्रसंस्कारमध्ये यहाँ प्रचलित संस्कारहरूमा जन्मसंस्कार, षष्ठीसंस्कार, क्षौरसंस्कार, व्रतबन्धसंस्कार, विवाहसंस्कार, मृत्युसंस्कार आदिलाई लिन सकिन्छ । पहिले ब्राम्हणहरूले ८-१० वर्ष भित्रैमा विवाह गरी सक्नुपर्ने परम्परा र कन्याहरूलाई रजस्वला हुनुपूर्व नै विवाह गरी सक्नुपर्ने परम्परा थियो । आधुनिक शिक्षाको विस्तारसँगै यस परम्परामा परिवर्तन आएको पाइन्छ । अछामी समाजमा रजस्वला भएकालाई यहाँको बोलीमा ‘छाउ हुनु’ भन्दछन् । त्यस समयमा ती आइमाईहरू अशुद्ध र अपवित्र मानिन्छन् । यो परम्परा हाम्रो हिन्दू समाजमा धेरै ठाउँमा पाइन्छ तर ‘छाउ’ शब्दलाई नै यहाँ अर्को कार्यमा पनि प्रयोग गरिएको पाइन्छ । जेठाजु र भाइबुहारीले आपसमा छुवाछूत गर्नु यहाँको धर्मविरुद्ध मानिन्छ । यदि संयोगवश छुवाछूत भएमा जेठाजु र भाइबुहारी दुबैलाई घरको दुईपट्टि उभ्याएर घरको धुरीबाट पानी खन्याएर बलेसीको धारामा नुहाउन लगाई चोखो पार्ने चलन छ ।

यसैगरी समाजमा विद्यमान संस्कारहरूमा मृत्युसंस्कारले पनि महत्त्व पाएको छ । मानिसको मृत्यु भएमा नदी वा खोलामा लगेर अन्त्येष्टि कर्म गरिन्छ । छोरा नभए नजिकको अंशियारले काजकिरिया गरी सक्दो दान गरेर एघार दिनमा घर लिपपोत गरी ब्राम्हणबाट गहुँत चखाई शुद्ध गर्ने चलन रहिआएको छ । किरिया गर्ने व्यक्तिले एक वर्षसम्म बर्खी बारेर सेतो कपडा लगाएर बस्ने गर्दछ । ब्राम्हण समुदायमा लोग्नेको मृत्यु भएपछि स्वास्नीले पूरै गहना निकालेर जीवनभरि सेतो लुगा र सेतो टीका लगाउने चलन पाइन्छ । यसैगरी अछामी समाजमा विभिन्न किसिमका चाडपर्वहरूका अवसरमा विभिन्न ठाउँमा मेला वा जात्रा लाग्ने गर्दछन् ।

## २.४.२ आर्थिक अवस्था

नेपाल कृषिप्रधान देश भएकाले यहाँका अधिकांश मानिसहरू पनि कृषि पेशामा नै निर्भर छन् । अछामका साँफेबगर, मङ्गलसेन, बयलपाटा, जयगड, विनायक आदि क्षेत्रहरूमा व्यापारीकरण हुन पुगेको छ । यहाँ सिलगढीदेखि साँफेबगरसम्म पक्की सडक, साँफेदेखि मङ्गलसेन, गैरीटाँर, विनायकसम्म कच्ची सडकको निर्माण भई यातायातका साधनहरू चलेका पाइन्छन् । कृषिमै निर्भर यहाँका जनताले नून, तेललगायत दैनिक उपभोग्य वस्तुको उपभोग गर्न पनि कृषि पेशा नै अँगाल्नु परेको छ । यहाँका अधिकांश ग्रामीण भेगका जनताहरू खाद्यान्न र आर्थिक सङ्कटका कारणले गर्दा दैनिक जीवन धान्न गाह्रो भएकाले दिनानुदिन विदेसिन बाध्य भइरहेका छन् ।

### २.४.३ शैक्षिक अवस्था

नेपाल विकसित देशको तुलनामा शैक्षिक स्तरमा पछि परेको विकासोन्मुख देश हो । यस्तै अवस्थामा रहेको जिल्ला अछाम सञ्चार, यातायात आदिको असुविधाका कारणले शैक्षिक क्षेत्रमा पछाडिएको देखिन्छ । केही समय पहिले अछामी समाजमा पढेलेखेका व्यक्तिहरू सीमित मात्रामा रहेका थिए । अहिले 'सबैका लागि शिक्षा' को नारा लागू भएपछि केही मात्रामा शैक्षिक स्तर सुधारिएको पाइन्छ । प्राथमिक तहदेखि माध्यमिक तहको शिक्षा सर्वसुलभ भए पनि उच्चशिक्षाका लागि जिल्लाबाहिर जानुपर्ने स्थिति यथावत् छ । शिक्षाका लागि अनौपचारिक शिक्षाकेन्द्र र प्राथमिक शिक्षा परियोजनाले ठूलो टेवा पुऱ्याएका छन् ।

अछाम जिल्ला धार्मिक स्तरमा हेर्दा हिन्दूधर्मावलम्बी भएको जिल्लाअन्तर्गत पर्दछ । त्यसैले यहाँका मानिसहरू धर्मप्रति विश्वास राख्दछन् । यहाँका अधिकांश मानिसहरू कृषि पेशामा लागेका हुनाले शिक्षाको अवस्था कमजोर नै देखिन्छ । शैक्षिक दृष्टिकोणले अछामी जनताको ठूलो लगानी र प्रयत्नको फलस्वरूप सर्वप्रथम वि.सं. २०१६ मा बयलपाटामा एउटा मा.वि. स्थापना भयो भने वि.सं. २०३२ मा मङ्गलसेनमा अर्को मा.वि. को स्थापना भएको हो । अछाम जिल्लामा साक्षरता ४२% रहेको छ जसमा पुरुष साक्षरता ६२% र महिला साक्षरता २२% रहेको छ । अछाममा विद्यालयको सङ्ख्या ४४४, क्याम्पसको सङ्ख्या ३ उच्च मा.वि. ५ रहेका छन् जसमध्ये पूर्व प्राथमिक ३६, प्राथमिक ३००, नि.मा.वि. ७४, मा.वि. ३४ रहेका छन् ।[7]

यसैगरी अछाम जिल्लामा कर्णाली, बूढीगङ्गा, कैलाश खोला, कुईकागाड, विनायकगाड, छिपेखोला जस्ता नदी र खोलाहरूले यहाँको जनजीवनलाई फाइदा पुऱ्याएका छन् । अछामका बान्नीगढी, खप्तड, मष्टामाण्डौं, मङ्गलसेन, विनायक, रामारोसन, वैद्यनाथ आदि पर्यटकीय स्थलहरू मानिन्छन् । धार्मिक स्थलहरूमा बडिमालीका, वैद्यनाथक्षेत्र, श्रीकोट, जालपादेवी, बान्नीगढी, वरदादेवी, नन्दमाता, त्रिपुरासुन्दरी, षोडशादेवी आदि पर्दछन् । त्यस्तै ऐतिहासिक स्थलहरूमा विनायक, बिमकोट, घुँघुरकोट, तडिगैह्रा, दर्नाकोट, बान्नीगढी, श्रीकोट आदि पर्दछन् ।

[7] स्रोत: २०६०, **अफ्फाम**, नेपाल (राष्ट्रिय, श्रम प्रतिष्ठान) ।

# अध्याय तीन

# लोकगीतका रूपमा मागल र पर्वगीत

## ३.१ विषयप्रवेश

मानव सभ्यताको प्राचीनतम् साहित्य नै लोकसाहित्य हो । लोकसाहित्य परम्परादेखि समाजमा मौखिक रूपमा हस्तान्तरित भएको हुन्छ । मानवजीवनमा हाँसो, आँसु, पीडा, व्यथा, वेदना आदिको उन्मुक्तिका लागि प्राचीन समयदेखि नै मनोरञ्जन प्रदान गर्ने साहित्यका रूपमा लोकसाहित्य परिचित छ । लोकसाहित्य प्रत्येक मानवका मनबाट स्वस्फूर्त ढङ्गले प्रस्फुटित भई लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा आदिका माध्यमबाट अभिव्यक्त गरिने जनजीवनको साहित्य हो ।

लोकसाहित्यका बारेमा चूडामणि बन्धुले भनेका छन्:- समाजमा परम्परादेखि प्रचलित हुँदै आएको मौखिक अभिव्यक्ति नै कुनै समुदायको लोकसाहित्य हो र परम्पराबाट प्राप्त गरेकै कारणले गर्दा यस्ता साहित्यलाई परम्परागत साहित्य पनि भनिन्छ ।[8] लोकसाहित्य एक पुस्ताबाट अर्को पुस्तामा निरन्तर परम्परादेखि मौखिक रूपमा गाईंदै, सुनाईंदै र मनोरञ्जन प्रदान गरिँदै चलिआएको साहित्य हो भन्ने भनाई शम्भुप्रसाद कोइरालाको रहेको छ ।[9] कुना-कन्दरा, उकाली-ओराली, भन्ज्याङ-चौतारी, बनपाखा आदि क्षेत्रका वास्तविक बिछोड, हत्या, लडाइँ, मृत्यु आदिको अभिव्यक्ति यसमा पाइन्छ । लोकसाहित्य शिक्षित व्यक्तिभन्दा ग्रामीण अशिक्षित व्यक्तिहरूसँग बढी सम्बन्धित मानिन्छ ।

तेजप्रकाश श्रेष्ठका अनुसार गाउँघरमा अशिक्षित समाजमा गाइने गीत, भनिने कथा-कुथुङ्ग्री र उखान-टुक्कालाई सामूहिक रूपमा लोकसाहित्य भनिन्छ ।[10] यो ग्रामीण क्षेत्रमा बढी प्रयोग हुन्छ । यसले लोकसंस्कृतिको वास्तविक स्वरूपको प्रस्तुति र ग्रामीण जनजीवनको स्वाभाविक चित्रण गर्दछ । लोकसाहित्य प्राचीन समयमा ग्रामीण भू-भागमा मात्र सीमित थियो । लोकगीत आजको यस समयमा आइपुग्दा शहरका प्रत्येक बस्तीमा पनि फैलिएको छ । लोकसाहित्यलाई लिखित साहित्यबाट अलग्याउन सकिन्छ । लिखित साहित्य शिक्षित व्यक्तिहरूले मात्र प्रयोग गर्न सक्छन् तर लोकसाहित्य शिक्षित-अशिक्षित व्यक्तिहरूले ग्रहण गर्न सक्छन् ।

लोकसाहित्यलाई लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान-टुक्का, गाउँखाने कथा आदि विविध विधामा वर्गीकरण गरिएको छ । यी सबै विधाहरूमा लोकका सामाजिक, धार्मिक, आर्थिक, राजनैनिक आदि विषयको अभिव्यक्ति पाइन्छ ।

## ३.२ लोकगीतको परिचय

लोकगीत परम्परागत गीत हो । त्यो परम्परा मानव सभ्यताको निकै पुरानो परम्परा मानिन्छ । यी गीतहरूमा निरन्तर परिवर्तन भई नै रहन्छ । एउटा व्यक्तिले गाएको सुनेर अर्का व्यक्तिले गाउँदै आएको परिपाटी विद्यमान समाजमा रहिआएको छ । लोकगीतमा समाजको वास्तविक यथार्थलाई प्रस्तुत गरिएको हुन्छ । जनसमुदाय वा व्यक्तिले आफ्ना जीवन भोगाइका

---

[8] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाण्डौ : एकता प्रकाशन प्रा.लि., २०५८), पृ.१४ ।

[9] शम्भुप्रसाद कोइराला, **लोकसाहित्य : सिद्धान्त र विश्लेषण**, (विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५), पृ. २ ।

[10] तेजप्रकाश श्रेष्ठ, **अछामी लोकसाहित्य**, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४), पृ. १९ ।

भावनाहरूलाई गीतका माध्यमबाट रसिलो पाराले सम्पूर्ण व्यक्तिलाई द्रवीभूत बनाउँदै अभिव्यक्त गर्दछ । यो विधा व्यक्तिका कण्ठबाट विभिन्न चराचुरुङ्गीका भाकामा गाइन्छ ।

शम्भुप्रसाद कोइरालाकाअनुसार लोकगीतमा लोकजीवनका विभिन्न उद्गारहरूलाई लयात्मक रूपले अभिव्यक्त गरेर सङ्गीतात्मक रूपमा गाउने गरिन्छ ।[11] यो समाजप्रति नै समर्पित छ र लोक सम्पत्तिका रूपमा रहेको छ । लोकगीतले लोककविको हृदयलाई प्रज्ज्वलित बनाउँछ र बाहिर प्रस्फुटन हुन्छ । तब सो लयात्मक प्रस्फुटन लोकगीत कहलाउँछ । यसरी नै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।[12]

वास्तवमा लोकगीत गाउँघर र बस्तीको नैसर्गिक भावोद्गार हो । लोकजीवनका विभिन्न अवसरका सुख-दुःख, भावविचार, आशा-निराशा, रीति-स्थिति, माया-मोह, प्रेम, जोस्, होस् भरिएको लोकसाहित्यिक विधा नै लोकगीत हो । सत्यमोहन जोशीले लोकगीतको महत्त्वमा प्रकाश पारेका छन् । उनी भन्छन् - हाम्रा लेकपहाडका गाउँघरमा सीधासाधा नारीहरूका जीवनमा पनि उनीहरूका हृदयबाट बराबर कुनै भावोद्गारहरू गीतका रूपमा विभिन्न लय र गेडाका रूप लिएर गाउँघरमा गुञ्जायमान हुन्छन् ।[13] तेजप्रकाश श्रेष्ठका अनुसार जनजीवनका हृदयभित्र गडेर रहेका दुःख सुखका झिल्काहरू पनि स्वतः कलात्मक र हृदयस्पर्शी भएर प्रकट हुन्छन् । यही दुःख सुखको सङ्गीत्मय सुस्केरा नै लोकगीत हो ।[14]

लोकगीत समाजको सम्पत्ति भएकाले जोसुकै व्यक्तिले पनि गुनगुनाउन सक्छ । समाजमा गाउँघर र सहरबजारमा बस्ने प्रत्येक व्यक्तिले आफ्नै भाकामा लोकगीत गाउने गर्दछ । त्यसैले यी गीत अति सरल हुन्छन् । सरस र सुन्दर भएकाले गीतमा सजीवता पाइन्छ । कृष्णप्रसाद पराजुली लोकगीतका बारेमा निम्नानुसार विचार प्रकट गर्दछन् :- लोकगीत नदीको प्रवाहजस्तै हुन्छ जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानवसभ्यतालाई शीतलता दिने काम गर्दछ ।[15] लोकजीवनमा मान्छेहरू गीतद्वारा आफ्ना जीवनका दुःखपीडा र विष्मयलाई धुन्छन्, पखाल्छन् र त्यसैमा रम्छन् ।

विभिन्न चाडपर्वमा वर्षैभरि सम्पूर्ण नेपालीका घर-घरमा लोकगीत घन्किरहेको हुन्छ । लोकगीत लोकजीवनको वा समग्र जीवनकै सुसेली हो । जनजीवनका आवेग, कुण्ठा र संवेगहरूलाई बाहिर प्रकट गर्न नसकेपछि गीतका माध्यमद्वारा प्रस्फुटित हुने भाव बाहिर प्रकट हुन्छ । लोकगीत एक्लै पनि गाउन सकिन्छ । दोहोरीका रूपमा पनि गाउन सकिन्छ । त्यसैले विभिन्न किसिमका अवस्थामा स्थानीय जनसमूहद्वारा एक-आपसमा हाँसोठट्टा गर्दै आफ्ना भावनाहरू लोकगीतमार्फत् व्यक्त गरिन्छ । बालकदेखि बृद्धले सजिलैसँग बुझ्न र गुनगुनाउन सक्ने शब्दहरू, गाउँघर र सहरमा बोलिने झर्रा शब्दहरू लोकगीतमा समेटिएका हुन्छन् । सर्वसाधारण जनताले बोल्ने भाषाका आफ्नै भाकाहरूद्वारा त्यहाँको समाजको यथार्थलाई गीतद्वारा प्रस्ट पारिएको हुन्छ । पहाडी मुलुक भएकाले यहाँका जनताहरू विभिन्न किसिमका चाडपर्व, मेलापात र संस्कारजस्ता अवसरमा गीतहरू सुसेलिरहेका हुन्छन् ।

---

[11] शम्भुप्रसाद कोइराला, पूर्ववत्, पृ.२६ ।

[12] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, (काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ.७४ ।

[13] सत्यमोहन जोशी, **नेपाली लोकगीत एक अध्ययन**, (ललितपुर : साहित्य सदन, ने.सं. १०७५), पृ.५ ।

[14] तेजप्रकाश श्रेष्ठ, पूर्ववत्, पृ. ४३ ।

[15] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाण्डौँ: वीणा प्रकाशन प्रा.लि., २०५७), पृ.४३ ।

## ३.३ लोकगीतका विशेषता

### ३.३.१ मौखिक परम्परा

लोकगीतका विशेषताहरूमध्ये एक प्रमुख विशेषता मौखिक परम्परा हो । यो एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः मौखिक रूपमा सर्दै आइरहको हुन्छ । यो समाजमा मौखिक रूपमा जन्मने र हुर्कने भएकाले यसको कुनै लिखित रूप हुँदैन । एक व्यक्तिबाट अर्को व्यक्तिमा तथा एक ठाउँबाट अर्को ठाउँमा भावुक हृदयबाट लोकगीत स्वतः सर्दै गइरहेको पाइन्छ ।

### ३.३.२ स्वच्छन्दता

लोकगीत स्वच्छन्द हुन्छ । लोकगीतलाई आफ्नै भावधारामा सलल बगेर व्यक्तिले भावात्मक रूपले सहज ढङ्गले व्यक्त गर्न सक्छ । कुनै पनि व्यक्तिले आफ्नै भाका वा भाषामा लोकगीत गाउन सक्दछ । यो स्वच्छन्द  भएकाले जसले पनि जुन समयमा पनि गाउन सक्ने किसिमको हुन्छ । यसमा कुनै रोकावट हुँदैन ।

### ३.३.३ सामूहिकता

लोकगीत समाजको सम्पत्ति हो । यो सामूहिकतामा रहन्छ, समाजमा नै हुर्कन्छ । यो एक व्यक्तिको निजी सम्पत्ति नभई समाजको साझा सम्पत्तिका रूपमा रहेको हुन्छ ।

### ३.३.४ सहजता र सरलता

लोकजीवनको सहज उपलब्धिको रूपमा लोकगीतलाई लिइन्छ । सामान्यभन्दा सामान्य व्यक्तिले पनि लोकगीत गाउन सक्छ । यसरी नै जुनसुकै ठाउँमा पनि लोकगीत गाउन सकिन्छ । जीवनका घटना आदिलाई अँगालेर जुनसुकै बेलामा पनि लोकगीत गाउन सकिन्छ । सरल र सहज भएकाले लोकगीतमा सजीवता पाइन्छ ।

### ३.३.५ सङ्गीतमयता

लोकगीतमा सङ्गीतमयता हुन्छ । यो गेयात्मक र लयात्मक हुन्छ । यसको सङ्गीतमयतालाई वाद्यवादनले अझ वृद्धि गर्दछ । मादल, खैंजडी, मुरलीजस्ता बाजाहरू कतिपय लोकगीत गाउँदा प्रयोग गरिन्छन् । मागल, फाग र न्याउलेगीत वाद्यवादनको प्रयोगबिना नै गाउने गरिन्छन् ।

### ३.३.६ अज्ञात रचयिता

रचनाकार अज्ञात हुनु पनि लोकगीतको विशेषता हो । लोकगीतको निर्माता नै लोक हो । लोकजीवनमा एउटाबाट अर्कामा हस्तान्तरित हुँदै आएका यी गीतहरूको मूल रचयिता को हो भन्ने कुराको यकिन हुन सकेको छैन । त्यसैले धेरैजसो लोकगीतको रचनाकार नै हुँदैन । लोकगीत मौखिक रूपमा सर्दै आएकाले यसको रचनाकार लोकसमाज नै हो भन्न सकिन्छ ।

### ३.३.७ पुनरावृत्ति तथा प्रश्नोत्तरप्रवृत्ति

लोकगीतमा भएका शब्दहरू तथा वाक्य पनि पटक-पटक दोहोरिन्छन् । यसैले दोहोरिने प्रवृत्तिले लोकगीतलाई मिठासपूर्ण र लयबद्ध बनाइदिन्छ । कतिपय लोकगीतमा भावुक युवा-युवतिका हृदयमा चलमलाएका मायाप्रीतिका उद्गारहरूका साथै अन्य विभिन्न प्रसङ्गहरू प्रश्न र उत्तरमा पोखिन्छन् । लोकगीतमा थेगो जोड्ने प्रवृत्ति व्यापक मात्रामा रहेको पाइन्छ । यसले गर्दा लोकगीतलाई कर्णप्रिय बनाउँदछ । अछाम लगायतका पश्चिमी नेपालका जिल्लामा प्रचलित गीतहरूमा न्याउली, हदेली, राइझुमा, जौपातजस्ता थेगाहरू लोकगीतमा जोडिन्छन् ।

## ३.४ लोकगीतका तत्त्वहरू

लोकसमाजद्वारा प्रस्तुत गरिँदै आएको गेय कलात्मक अभिव्यक्तिमा लोकगीत पर्दछ । यसले लोकसमाजलाई मनोरञ्जन दिने तथा ज्ञान र अनुभूतिहरू हस्तान्तरण गर्ने काम गर्दै

आएको हो । लोकगीत लोकसाहित्यको श्रव्य विधा हो । परम्परादेखि मौखिक रूपमा प्रस्तुत हुँदै आएका लोकगीतहरूले सामाजिक जनजीवनका विभिन्न अनुभूति, विचार र चिन्तनहरूलाई कलात्मक रूपले अभिव्यक्ति गर्दछन् ।[16]

लोकगीतका आवश्यक तत्त्वहरूलाई विभिन्न विद्वान्हरूले निम्नानुसार प्रस्तुत गरेका छन् :-

कृष्णप्रसाद पराजुलीकाअनुसार लोकगीतका तत्त्वहरू यी हुन् - संरचना, गेयता/लय, कथनपद्धति, भाषा र भाव ।

मोतीलाल पराजुलीकाअनुसार लोकगीतका तत्त्वहरू यी हुन् -

क) कथ्य विषयवस्तु/भाव, ख) भाषा,

ग) स्थायी, अन्तरा र थेगो, घ) लय वा भाका तथा ङ) सङ्गीत ।

चूडामणि बन्धुकाअनुसार लोकगीतका तत्त्वहरूमा

क) कथ्य, ख) भाषा, ग) चरन वा पद,

घ) स्थायी र अन्तरा, ङ) रहनी र कथन तथा च) लय वा भाका पर्दछन् ।

यी विभिन्न विद्वानहरूले लोकगीतका तत्त्वहरूबारे गरेको विवेचनाका आधारमा लोकगीतका मूलभूत तत्त्वहरूबारे यहाँ सङ्क्षिप्त जानकारी प्रस्तुत गरिन्छ :

**क) कथ्य-विषय**

लोकगीतमा कुनै न कुनै कथ्य-विषय हुन्छ । त्यसमा व्यक्त गर्नेले केही न केही भनेको हुन्छ । मानव मनका अनुभूतिजस्ता विषयहरू कथ्य विषयभित्र पर्दछन् । यसमा श्रृङ्गार, प्रेम, विरह, करुणा, उत्साहजस्ता भावहरू तथा विभिन्न किसिमका विषयका अनुभवजन्य सन्देशहरू लोकजीवनबाट अँगालिएका हुन्छन् । गीतमा कुनै न कुनै सन्देश हुन्छ । त्यो सन्देश नै गीतको मूल कथ्य-विषय हो ।

**ख) भाषा**

लोकगीत भाषाका माध्यमबाट व्यक्त हुन्छ । गीतको भाषा सामान्य बोलचालको भाषाभन्दा भिन्न हुन्छ । गीतहरू मौखिक रूपमा एक अर्कोमा सर्दै वा हस्तान्तरित हुँदै आएका छन् । यीमध्ये कुनैमा प्राचीन भाषाको प्रयोग पाइन्छ । विशेष गरी फाग, होरी र मागलमा पुरानो भाषाको रूपलाई देख्न सकिन्छ ।

**ग) स्थायी, अन्तरा, चरन र थेगो**

लोकगीतमा जुन अंश पटक-पटक दोहोरिन्छ त्यो नै स्थायी हो । यसले गीतको भाका वा लय निर्धारण गर्ने कार्य गर्दछ । स्थायी पदपछि गाइने मूल कथ्य अन्तरा हो । अन्तरा दोहोरिँदैन । गायकले भन्न खोजेको मूल विषयवस्तु यस खण्डमा रहन्छ । यसलाई गेडा पनि भन्दछन् । गीतका हरेक पाउलाई चरन भनिन्छ । यसको पहिलो पाउलाई फेद र दोस्रोलाई टुप्पो भन्ने गरिन्छ । लोकगीतमा ध्वन्यात्मकता ल्याउन, लयलाई गति प्रदान गर्न तथा आलङ्कारिकता ल्याउनका लागि स्थायी वा अन्तराहरूमा

---
[16] मोतीलाल पराजुली, '**लोकगीतको संरचना**' (कुञ्जिनी, ११:८, २०६०), पृ.२१ ।

पटक-पटक दोहोरिने पदावलीहरूको व्यवस्था गरिएको हुन्छ । यस्ता वर्ण, पद र पदावलीहरूलाई थेगो, रहनी वा स्तोभ भनिन्छ ।[17]

**घ) लय वा भाका**

लोकगीतको निर्माणमा लयको महत्त्वपूर्ण भूमिका रहन्छ । यसले लोकगीतमा ध्वनीहरूको मात्रा र क्रम निर्धारण गर्ने तथा आन्तरिक सङ्गीत निर्माण गर्ने काम गर्दछ । लोकजीवनमा गीत गाउने खास शैली नै भाका हो ।

**ङ) छन्द**

कुनैकुनै लोकगीतहरू छन्दमा आबद्ध हुन्छन् र लयको प्रवाह लिएका हुन्छन् । झ्याउरे, दोहा, सेलोजस्ता लोकगीतका छन्द निश्चित अक्षरका छन्द हुन् ।

## ३.५ लोकगीतको वर्गीकरण

लोकगीतको वर्गीकरणका सम्बन्धमा विभिन्न विद्वान्हरूले धेरै किसिमले प्रस्तुत गरेका छन् । भारतीय विद्वान् डा. कृष्णदेव उपाध्यायले लोकगीतलाई निम्न प्रकारले वर्गीकरण गरेका छन् :

क) संस्कारसम्बन्धी, ख) ऋतुसम्बन्धी,

ग) व्रतसम्बन्धी, घ) जातसम्बन्धी,

ङ) क्रियासम्बन्धी र च) विविध विषयसम्बन्धी ।

चूडामणि बन्धुले ‘नेपाली लोकसाहित्य’ भन्ने पुस्तकमा लोकगीतलाई यस प्रकार वर्गीकरण गरेका छन् :

१) सहभागिताका आधारमा

क) एकल गीत ख) दोहोरी गीत ग) समूह गीत

२) लय वा भाकाका आधारमा

क) स्थानका आधारमा (कालीपारी, बन्दीपुरे आदि) ।

ख) जातका आधारमा (बादीगीत, दमाईंगीत, गाइनेगीत आदि) ।

३) प्रकार्यका आधारमा

क) सामान्य गीत - झ्याउरे, देउडा, सङ्गिनी आदि ।

ख) विशेष गीत

अ) धार्मिक गीतहरू : मागल, फाग, धमारी, भोलाउलो आदि ।

आ) अनुष्ठानमूलक तथा संस्कारगीत : मागल, फाग, खाँडो, रत्यौली आदि ।

इ) ऋतुगीत तथा पर्वगीत

---

[17] मोतीलाल पराजुली, पूर्ववत्, पृ.२२-२३ ।

ऋतु : जेठे, असारे, भदौरे, फागु आदि ।

पर्व : तीज, गौरा, भैलो, भुओ, फागु आदि ।

ई) श्रमगीत : गोडेलो, बाली, रोपाइँ, दाइँ आदि ।


कृष्णप्रसाद पराजुलीको 'नेपाली लोकगीतको आलोक' भन्ने पुस्तकमा गरिएको लोकगीतको वर्गीकरण यस प्रकार रहेको छ :

१) क्षेत्रका दृष्टिमा २) जातीय दृष्टिमा

३) कार्यावस्थाका आधारमा ४) उमेर लिङ्गका आधारमा

५) स्वरूपका दृष्टिमा र ६) प्रस्तुतिका आधारमा ।

कृष्णप्रसाद पराजुलीले नै विषयलाई आधार बनाएर गरेको लोकगीतको वर्गीकरणको तालिका यस प्रकार छ :




मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलको 'लोकवार्ता विज्ञान र लोकसाहित्य' भन्ने पुस्तकमा गरिएको लोकगीतको वर्गीकरण यसप्रकार रहेको छ :

१) क्षेत्रीय आधारमा, २) जातीय आधारमा,

३) लिङ्गका आधारमा, ४) उमेरका आधारमा,

५) सहभागीताका अधारमा : एकल, दोहोरी, सामूहिक आदि ।

६) बनोटका आधारमा

क) भावप्रधान - मागल, फाग, सगुन आदि ।

ख) घटना प्रधान

७) प्रस्तुतिका आधारमा

क) कण्ठ्यगीत - मागल, सगुन, होरी, भैलो आदि ।

ख) वाद्यगीत - बालुन, हुड्केली आदि ।

ग) नृत्यगीत - रत्यौली, तीजे, देउडा, फाग आदि ।

८) विषयका आधारमा

क) धार्मिक

ख) सांस्कारिक -

अ) संस्कारगीत : मागल, रत्यौली, सगुन आदि ।

आ) भौलो, देउसी, फागु, होली, भुओ आदि ।

ग) श्रमगीत : जेठे, असारे आदि ।

९) आकारका आधारमा : लघु र लघुतम ।

१०) समयका आधारमा

क) सामयिक

अ) ऋतुगीत : असारे, जेठे आदि ।

आ) पर्वगीत : भुओ, भैलो, फागु आदि ।

इ) श्रमगीत : असारे, रोपाईं आदि ।

ई) संस्कारगीतः मागल, सगुन, फाग आदि ।

ख) सदाकालिक : झ्याउरे, सङ्गिनी, भजन, चुड्का आदि ।

सत्यमोहन जोशीको 'नेपाली लोकगीत एक अध्ययन' भन्ने पुस्तकमा गरिएको लोकगीतको वर्गीकरण यसप्रकार छ :-

१) भजनको रूपमा गाउने गीत : चुड्का आदि ।

२) नृत्यसँग गाँसिएको गीत : घाँटुजस्तै आदि ।

३) प्रेममय जीवनसँग टाँसिएको लोकगीत : जुहारी आदि ।

४) चाडवाडसँग गाँसिएको : तीज, होरी आदि ।

५) युद्ध क्षेत्रमा प्राण सञ्चार गर्ने लोकगीत : झ्याउरे आदि ।

६) कथा गाँसिएको : घाँटु, चुड्का आदि ।

७) सामयिक महत्त्वपूर्ण : दाइँगीत आदि

८) उत्सवमा झिक्ने लोकगीत : घाँटु, रत्यौली आदि ।

जीवेन्द्रदेव गिरीको 'लोकसाहित्यको अवलोकन' भन्ने पुस्तकमा विषयवस्तु अनुरूप लोकगीतलाई यसरी वर्गीकरण गरेको पाइन्छ :

१) श्रमगीत, २) प्रेमगीत, ३) शोकगीत,

४) संस्कारगीत र ५) शक्तिगीत ।

तेजप्रकाश श्रेष्ठको 'अछामी लोकसाहित्य' भन्ने पुस्तकमा नेपाली वातावरणलाई दृष्टिकोण गर्दै लोकगीतको वर्गीकरण गरेको पाइन्छ :

१) प्रकृतिप्रधान, २) प्रेमप्रधान, ३) धर्मप्रधान,

४) पशुपन्छी प्रधान,

५) ऋतुकालीन लोकगीत :

क) चाडपर्वमा गाइने लोकगीत : देउसी, भैलो, मालसिरी आदि

ख) कामगर्दा गाइने गीत : दाइँ, असारे वा जुहारी आदि ।

ग) ऋतुअनुसार गाइने लोकगीत : साउनभदौमा गाइने सिलू लोकगीत ।

६) कथानक लोकगीत ७) नृत्यप्रधान

८) वीररसप्रधान र ९) व्यङ्ग्य प्रधान ।

उल्लिखित लोकगीतको वर्गीकरणलाई हेर्दा विभिन्न किसिमले लोकगीतको वर्गीकरण गर्न सकिने कुरा स्पष्ट हुन्छ । विद्वान्हरूकाअनुसार लोकगीतलाई मूलतः निम्नानुसार वर्गीकृत गर्न सकिने देखिन्छ :

| | | |
|---|---|---|
| १) बाह्रमासे लोकगीत | - | झ्याउरे आदि । |
| २) ऋतुकालीन लोकगीत | - | असारे, जेठे आदि । |
| ३) पर्वगीत | - | तीज, भैलो, फागु आदि । |
| ४) संस्कारगीत | - | मागल, फागु आदि । |
| ५) श्रम/कर्मगीत | - | रोपाइँ, दाइँगीत आदि । |
| ६) धार्मिक | - | भजन, चुड्का आदि र |
| ७) विविध । | | |

## ३.६ लोकगीतका रूपमा मागलगीत

### ३.६.१ मागलगीतको परिचय

मङ्गल शब्दबाट अपभ्रंश भएर 'मागल' भएको हो । यसरी मङ्गल भन्नाले राम्रो र शुभ भन्ने हुन्छ । कुनै पनि कार्यको अन्तिम परिणाम सफलतापूर्वक सम्पन्नहोस् र त्यसको भावी लक्षण शुभैशुभ रहोस् भनेर गाइने गीत नै मागलगीत हुन् । मागललाई महाल वा कहीँ मागल भन्ने चलन रहिआएको छ । बालकको जन्म, षष्ठीकर्म, पास्नी, व्रतबन्ध, विवाह, जे भए पनि शास्त्रीय कर्मकाण्डअनुसार कर्मविधिमा रहेर गाइने शुभगीत नै मागल हुन् ।[18]

[18] बिर्खराज सोती, **"बझाङ्गी मागलको सङ्कलन र अध्ययन"**, (त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र, २०६३), पृ. १८ ।

मानव जीवनको जन्मदेखि विवाहसम्मका संस्कार कार्यमा गाइने माङ्गलिक गीत नै मागल हुन् । लोकजीवनका रीतिरिवाज, भोगाइका अनुभवहरू जन्मदेखि मृत्युसम्मको कर्तव्यपरायणता, स्वर्गका कल्पना आदिलाई मागलमा प्रस्तुत गरिएको हुन्छ । मागलगीतहरू विभिन्न अवसरमा तथा देवीदेवताका मन्दिरमा गएर पनि गाइने गरिन्छ । मागलगीत विभिन्न संस्कारहरूमा नेपाली नारीहरूले लामो भाकामा लेग्रो तानेर गाइने गीत हो । मागलहरूको गायन नारीहरूको समूहबाट हुन्छ । मागलगीत नेपालका डोटी प्रदेश तथा कर्णाली प्रदेशमा गाइने शुभगीतहरूमध्ये प्रमुख मानिन्छ । प्यूठानदेखि पूर्व मागल वा महाल गीतलाई मङ्गलगीत भन्ने प्रचलन रहेको छ । डोटी क्षेत्रमा यस्तो मङ्गलगीतलाई फाग पनि भन्ने गरिन्छ ।

प्रायः आनुष्ठानिक कार्यगर्दा स्वास्नीमान्छेले नै मागलगीत गाउने प्रचलन छ । मागलगीत स्वास्नीमान्छेको मुक्तकण्ठबाट लामो स्वरमा गाउने गरिन्छ । विवाहको समयमा चिउरा कुट्दा, कोलमा तेल पेल्दा, दुलहीका घरतिर जन्ती प्रस्थान गर्दा र देवीदेवताका मन्दिरमा जाँदा कुनै काममा विघ्नबाधा नपरोस् भन्नाका लागि देवीदेवताको पूजा-आराधना गरी मागलगीत गाइन्छ । डोटी र कर्णाली प्रदेशतिर लोकगीतका रूपमा मागलगीतलाई सगुन भन्ने गरिन्छ । सगुनको अर्थ राम्रो वा शुभसाइत भन्ने हुन्छ । अष्टसिद्धिका निमित्त देवस्तुति गरिने मन्त्रलाई गीतमा बाँधेर गाउनु सगुन हो । मागललाई कतैकतै फाग भन्ने पनि गरिन्छ ।

जयराज पन्तकाअनुसार सगुन भनेको शुभकामना हो । इष्टफलप्राप्ति र निर्विघ्न कार्यसमाप्तिका लागि गरिने ईशवन्दना हो, शुभचिन्ह वा शुभलक्षण अर्थात शुभसङ्केत हो, स्वच्छ र पवित्र हृदयले प्रदान गरिने उपहार वा कोसेली, ईश्वरमाथि गरिएको आस्था, विश्वास र भरोसा हो, प्रत्येक माङ्गलिक अनुष्ठानमा अबलम्बन गरिने तत्स्थानीय कर्मकाण्डको अनिवार्य परम्परा हो ।[19]

सगुनले शुभलग्न, साइत वा शुभकार्यका अवसरमा प्रदान गरिने उपहार, शुभकामनामा विशेष प्रकारका अनुष्ठानमा आमन्त्रण गर्न पठाइएको कोसेली आदिलाई जनाउँछ । यसलाई विभिन्न माङ्गलिक कार्यमा अनिवार्य रूपमा गाइने गरिन्छ । गणेश भगवान्लाई अगुवा बनाई बृहस्पति र तेत्तीसकोटी देवतालाई आव्हान गर्दै सफलताको कामना गरेर सगुन गाउने गरिन्छ । यसमा देवीदेवताको स्तुतिको आराधना गरी सफलताको कामना गरिन्छ ।

चूडामणि बन्धुकाअनुसार डोटीप्रदेशतिर फागको गायन जीवनसंस्कारको महत्त्वपूर्ण अङ्ग हो । डोटीमा मौरीको घारलाई फाग भनिन्छ । मौरीका घारमा मौरीको समूहले गुनगुन गरेजस्तै नारीकण्ठबाट सामूहिक रूपमा प्रस्तुत गरिने गीतको नाम फाग रहन गएको हो । फागहरूको गायन प्रक्रिया पनि माङ्गलिक अवसरहरूमा नै हुन्छ ।[20] तर विशेष अनुष्ठानमा देवीदेवताको प्रार्थनाका रूपमा सगुनको गायन हुन्छ भने सगुनपछि विभिन्न प्रसङ्गहरूमा फागहरूको नै गायन हुन्छ । भेरीक्षेत्रतिर ती फागहरू मागलका रूपमा गाइन्छन् । कर्णाली अञ्चलतिर पनि देवदेवीको आव्हान एवं अनुष्ठानका विविध प्रसङ्गमा गाइने गीतहरूलाई मागलगीत भनिन्छ ।

मागल, फाग र सगुन माङ्गलिक कार्य गर्दा देवीदेवताको आराधनाका साथै कुनै शुभकार्यमा बाधा नहोस् र चिताएको फल प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले गाइन्छ । मागलको आफ्नै विशिष्ट भाकामा सौभाग्यवती महिलाहरूद्वारा ठाडो लामो लेग्रो तानेर ढिलोगरी गाइने गीत नै मागलगीत हो । सगुन पनि मागलको सिरानमा रहने अंश मानिएको हुनाले यसलाई पनि मागल नै भनिन्छ । यसरी हेर्दा कुनै पनि शुभअवसरमा कुनै पनि कामको सिद्धि वा फल प्राप्त गर्न, शुभसाइतका लागि, विवाह, व्रतबन्धजस्ता संस्कारका अवसरमा तथा देवीदेवताको पूजा-आराधनाका अवसरमा गाइने गीतलाई मागलगीत भनिन्छ । लोकगीतको

[19] जयराज पन्त, **अंजुलीभरि सगुन र पोल्टाभरि फाग**, (काठमाण्डौः ने.रा.प्र.प्र., २०५५), पृ. ३ ।

[20] चूडामणि बन्धु, पूर्ववत्, पृ.१५९ ।

वर्गीकरण गर्ने क्रममा कसैले यसलाई सामयिक लोकगीतका रूपमा र कसैले संस्कारसम्बन्धी गीतका रूपमा वर्गीकरण गरेको पाइन्छ । त्यसैले माङ्गलिक कार्यमा गाइने भएकाले नै यसलाई मागलगीत भनिएको कुरा छर्लङ्ग छ ।

### ३.६.२ मागलगीतका प्रकारहरू

सुदूरपश्चिमका डोटी प्रदेश, बझाङ, बाजुरा र अछाम जिल्लामा तथा भेरी र कर्णालीक्षेत्रमा गाइने मागलहरू भाषिकागत रूपमा फरक-फरक भए पनि तिनका विषयवस्तुमा खासै फरक देखिँदैन । लामो भाका हालेर लोकस्तरमा गाइने भएकाले मागलहरूलाई लोकगीतअन्तर्गत राखिएको पाइन्छ । विभिन्न जात, जाति, संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज, परिवेश आदिमा पाइने भिन्नताका कारणले मागललाई दुई वर्गमा विभाजन गरिएको पाइन्छ । ती हुन् : क) संस्कारसम्बन्धी मागल ख) देवीदेवतासम्बन्धी मागल ।

### ३.६.२.१ संस्कारसम्बन्धी मागल

नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । यस मुलुकका विभिन्न जातजाति र भाषाभाषीहरूको आफ्नै प्रकारको संस्कृति, चालचलन र वेशभूषा छ । ती विभिन्न जातजातिका संस्कार र पर्वमा मागलहरू गाइने गरिन्छन् । कुनै पनि वाद्ययन्त्रबिना मागलगीतहरूको नारीकण्ठद्वारा माङ्गलिक गायन गरिन्छ । हिन्दूधर्मपरम्पराअनुसार विधिपूर्वक सम्पादन गरिने क्रियाकलापलाई संस्कार भनिन्छ । संस्कारहरूमा जन्म, न्वारन, पास्नी, व्रतबन्ध, विवाह, मृत्युजस्ता सोह्रसंस्कारहरू पर्दछन् । विशेष गरेर मागलगीतहरू जन्मदिन, व्रतबन्ध र विवाहजस्ता संस्कारकर्म र अन्य केही शुभकार्यहरूमा गाइने प्रचलन रहिआएको छ । हिन्दूसंस्कारअनुसार विभिन्न क्षेत्रमा प्रचलित संस्कारसम्बन्धी मागलहरूलाई निम्नानुसार अङ्कन गर्न सकिन्छ :

#### क) जन्मसंस्कारसम्बन्धी मागल

संसारमै जन्मदिनमा खुसीयाली मनाउने परम्परा परापूर्वकालदेखि (राम, कृष्ण आदिका पालादेखि) नै चलिआएको पाइन्छ । कुनै पनि देश-ठाउँमा बालक जन्मेको खुसीयालीमा भोजन गर्ने, मिठाइँ बाँड्ने र नाचगान गरी रमाइलो गर्ने परम्परा रहिआएको छ । डोटी, भेरी, कर्णाली र सेतीतिर बालक जन्मेको खुसीयालीमा माग्ल्यारीले मागलगीत गाउँदै बालकप्रति माङ्गलिक शुभकामना दिने प्रचलन रहेको छ । सो अवसरमा छोराका बाबुलाई टीका लगाउँदै नाचगान गरिन्छ र छैटौँ दिनमा छैटी मनाइन्छ । हिन्दूपरम्पराअनुसार ब्राम्हणहरूलाई बोलाएर कर्मकाण्डअनुसार दश दिनमा न्वारन गरी बालकको नामकरण गरिन्छ । सो अवसरमा पूजनविधिअनुसार मग्ल्यारीहरूले मागलगीत गाएर बालकको भविष्यप्रति शुभकामना व्यक्त गर्दछन् ।

जुम्ला क्षेत्रमा छोरो जन्मँदा नवजात बालकको भाग्य कस्तो छ भनी प्रश्न गरिन्छ । जन्मेको दिन र समयको गणना गरी बालकको भाग्य हेर्न स्वयं ब्राम्हणलाई अनुरोध गरिन्छ । छैटी र न्वारनका दिन सम्पन्न हुने समारोहमा बालो नचाइन्छ । भेरीक्षेत्रमा प्रचलित जन्मोत्सवका अवसरमा गाइने मागलमा जन्मदिनको वातावरण र प्रकृतिको प्रशंसा गरिन्छ । जन्म दिने कोखलाई धन्यवाद दिइन्छ  र जन्मेको बालकको भविष्यको प्रशंसा गरिन्छ । विभिन्न मागलहरूमा बालकप्रति शुभकामना व्यक्त गरिन्छ ।[21]

#### ख) व्रतबन्धसंस्कारसम्बन्धी मागल

हिन्दूधर्मकाअनुसार कर्मकाण्डविधिद्वारा नेपाली समाजमा जन्मसंस्कारजस्तै व्रतबन्धसंस्कार पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । खासगरी धर्मसंस्कार वा

[21] चूडामणि बन्धु, पूर्ववत्, पृ.१५५ ।

धर्मग्रन्थकाअनुसार आठवर्षमा व्रतबन्ध गरिसक्नुपर्ने परम्परा छ । ब्राम्हण-छेत्री समाजमा बढी मात्रामा व्रतबन्ध गर्ने प्रचलन प्रख्यात छ । तर समाजको हरेकक्षेत्रको विकास र परिवर्तनसँगै सामाजिक मूल्य र मान्यताहरू पनि केही मात्रामा परिवर्तनशील अवस्थामा रहेका छन् । व्रतबन्धका निम्ति ज्योतिषीको सल्लाहअनुसार शुभमुहूर्त र शुभदिनमा नक्षत्र हेरी पानीका मुहान वा पँधेरामा गई केश छेदन (क्षौर) कर्म गरी यज्ञोपवीत धारण गरिन्छ । त्यस दिनदेखि ऊ आफ्नो संस्कारअनुसार चल्दछ ।

व्रतबन्धको समयमा गेरु रङ्गको मेखला वस्त्रधारण गर्नाका साथै काँधमा झोली र हातमा पुस्तक समाती गुरुकुल शिक्षा प्रणालीलाई आधार मानेर काशी अध्ययन गर्न जाने भन्ने पौराणिक कथा छ । व्रतबन्धको बेला गाउने ज्यादै मार्मिक मागल देशान्तर जाँदाको मागल हो । भीक्षा माग्दाको मागल पनि यसैसँग सम्बन्धित छ । पवित्रतापूर्वक नारीहरूद्वारा सम्पन्न गरिने यस कार्यमा मुक्त कण्ठले मागलगीत गाइने गरिन्छ । मण्डप बनाउँदा, कसार बटार्दा, वेदी पुर्दा, छाला पहिराउँदा, दीक्षा सुनाउँदा, भिक्षा दिँदा र जनै पहिराउँदा पनि मागलहरू गाइने गरिन्छन् ।

**ग) विवाहसंस्कारसम्बन्धी मागल**

विवाहसंस्कार प्रत्येक मानवका लागि महत्त्वपूर्ण संस्कार मानिन्छ । हिन्दूधर्मपरम्पराका संस्कारसम्बन्धी मागलहरूमध्ये विवाहसंस्कारमा गाइने मागल सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा विवाहसंस्कारसम्बन्धी मागल अन्य क्षेत्रभन्दा महत्त्वपूर्ण मानिन्छ । जन्मसंस्कार र व्रतबन्ध संस्कारका मागलगीत प्रायः लोप हुने अवस्थामा रहेका छन् । तर विवाहसंस्कार गर्दा गाइने मागलहरू भने अझै जीवन्त रूपमा प्रचलित छन् । विवाहको प्रारम्भमा ब्राम्हणद्वारा शुभलग्न ठहराई दाउरा काट्ने काम र वरबधूका लुगा कपडा सिलाउने कामदेखि विवाहको अन्तिम (चतुर्थी) कर्मसम्म मागलगीत गाउने परम्परा रहिआएको छ । हाम्रो संस्कारअनुसार कन्यालाई कन्याका बुबाबाट मन्जुरी गरी कर्मकाण्डपद्धतिअनुसार विवाह गरेर वरको घरमा ल्याइन्छ । ब्राम्हण पुरोहितद्वारा मण्डप बनाएर कुलदेवता, नवग्रह, गणेश आदि देवताको पूजा गरी विवाह सम्पन्न गर्ने क्रममा पूजाविधिअनुसार नेपाली नारीहरूले मागलगीत गाउने प्रचलन रहेको छ ।

दैलेख वा अन्य ठाउँमा गाइने मागलमा चेलीलाई सिँगारपटार गरी गहनाले सजिएर बाहिर निस्कन अनुरोध गरिएको छ अनि उसलाई विभिन्न किसिमका दाइजो लैजाऊ भनिएको छ । कन्यादानको मागलमा पनि दशधारा दूधको वर्णन गरिएको छ । दुलही बेहुलाका घरमा पुगेपछिका प्रसङ्गमा दुलही भित्र्याउँदा, मानापाथी भर्दा, वधूप्रवेश गर्दा आदिका विभिन्न अवसरमा गाइने मागलले विवाहसंस्कारलाई लोकको परम्परासँग जोडेको छ । विवाहका अवसरमा गणेश बटार्दाको मागल पनि दुलाहादुलहीको भविष्यप्रति शुभसङ्केत गर्ने गीतका रूपमा रहेको हुन्छ । विवाहसंस्कारअन्तर्गत चामल भिजाउँदा, धानका चिउरा कुट्दा, तेल पेल्दा, पात ल्याउँदा, गरगहना बनाउँदा, डोलीपूजा गर्दा, गोडाधुँदा आदि कार्यहरूमा विशेष गरेर शुभगीतहरूका साथै मागलगीत गाइने गरिन्छ ।

### ३.६.२.२ देवीदेवतासम्बन्धी मागल

हिन्दूसंस्कारपरम्पराअनुसार नेपाली समाज ईश्वरप्रतिको आस्था र धर्मप्रतिको विश्वासमा रहेको हुनाले विभिन्न देवीदेवताहरूको पूजा गर्ने परिपाटी चलिआएको छ । नेपाली समाजका अधिकांश देवीदेवताका मन्दिरहरू पहाडी क्षेत्रमा अवस्थित रहेका हुनाले पूजा-आजाको अत्यधिक प्रचलन रहेको पाइन्छ । देवीदेवताको मन्दिरमा गएर नारीहरूद्वारा मुक्त कण्ठले मागलगीत गाइने परम्परा रहेको छ । नारीहरूद्वारा गाइने उक्त मागलगीतमा मन्दिरमा आउने दर्शनार्थी, आफ्नो यात्रा तथा शक्तिशाली देवी-

देवताको नै महिमामय वर्णन गरिएको हुन्छ । कुनैकुनै क्षेत्रमा मष्टाको पूजा गर्दा धामीमा शक्तिमान् मष्टो प्रवेश गरेको भनी धामी काम्दछ । यसरी देवता काम्दा माग्ल्यारीहरूले उसको अतिशयोक्तिपूर्ण तरिकाले वर्णन गर्दछन् । उनीहरूले देवताको जन्म, रूप र शक्तिको मागलगीतबाट महिमामय गान गर्ने चलन रहेको छ । देवताका मागलहरूसँगै उनीहरूको उत्पत्ति र शक्तिको वर्णन गरिएको हुन्छ ।

सेतीअञ्चलका पहाडी जिल्लामा देवीहरूका मन्दिरमा गएर पूजा गर्दै नारीकण्ठद्वारा लामो भाकामा देवीको महिमाको मागल गाउँदै रातभरि मनोरञ्जन गरिन्छ र श्रद्धालु भक्तजनहरू देवीप्रति निष्ठा राख्दछन् । देवीहरूको मठ-मन्दिर, ध्वजा, पताका र फलफूलहरूद्वारा सु-शोभित भएको हुन्छ । देवीहरूले प्रत्येक मानिसका सम्पूर्ण चाहना पूरा गरुन् भन्दै मागलगीत गाउने गरिन्छ । देवीलाई शक्तिशाली तथा दुष्टको नाश र सज्जनको रक्षा गर्ने प्रतीकका रूपमा पूजिँदै आइरहेको नेपाली समाज विश्वमै धर्मप्रति आस्थाविश्वास रहेको देश भनेर चिनिएको छ । हिन्दूधर्ममा कालिका, मालिका, जाल्पा, हाँसुल्ला, नन्दा आदि देवीसम्बन्धी मागलगीतहरू गाउने गरिन्छन् ।

## ३.७ लोकगीतका रूपमा पर्वगीत

### ३.७.१ पर्वगीतको परिचय

नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीत हुन् । पर्वगीतहरूमा गौरा, तीज, देउसी, भैलो, भुओ, वसन्त र फागु प्रमुख मानिन्छन् । नेपाल भौगोलिक विविधताले गर्दा हिमाल, पहाड र तराईमा विभक्त छ । पूर्वमेचीदेखि पश्चिममहाकालीसम्मको विविधतामय भू-भागका साथै भारतका सिक्किम, आसाम तथा भुटान र बर्मामा बसोबास गर्ने नेपालीहरूका विभिन्न किसिमका पर्वगीतहरू पाइने गर्दछन् । रमाइलो गर्ने, मीठोमीठो खाने, नयाँ लुगा लगाउने तथा नेपाल र नेपालबाहिर भएका इष्टभित्र एवं आफन्तहरूको मिलन हुने भएकाले नेपालीहरूका निम्ति चाडपर्व महत्त्वपूर्ण मानिन्छन् । चाहे वसन्त ऋतुमा पर्ने विसु पर्व होस्, चाहे हेमन्त ऋतुमा पर्ने माघे सङ्क्रान्ति होस् यिनीहरूको नेपाली परम्परामा निकै महत्त्व रहेको छ । विसु, तीज, गौरा, दसैं, देउसी, भैलो, शिवरात्री, होरी आदि नेपालका ठूला चाडपर्वहरू हुन् र यी पर्वहरूका बारेमा मनोरञ्जन प्रदान गर्न विभिन्न प्रकारका गीतहरू गाउने गरिन्छन् । चाडपर्वहरू नेपालीका विशिष्ट सांस्कृतिक सम्पत्ति हुन् । नेपाली लोकसंस्कृतिको पहिचानका लागि चाडपर्वहरूको ठूलो महत्त्व रहेको छ ।

लोकगीतको वर्गीकरणका आधारमा चाडपर्वहरूलाई ऋतुकालीनगीतअन्तर्गत पनि राख्न सकिन्छ । चाडपर्वहरू ऋतुअनुसार चल्दै मनाइँदै आएका नेपालीहरूका गहना हुन् । नेपाली चाडपर्वसँग सम्बन्धित पर्वगीतका बारेमा सङ्क्षिप्त वर्णन तल गरिएको छ :

### ३.७.२ पर्वगीतका प्रकारहरू

#### ३.७.२.१ होरी पर्वगीत

ऋतुहरूको राजा भनेर चिनिने वसन्तऋतुसँगै फागुन महिनाको पूर्णिमाका अवसरमा फागु वा होरी नेपालका पश्चिमी पहाड वा तराईमा विशेष प्रसिद्ध वा प्रचलित रहेको छ । फागुन महिनामा मनाइने हुनाले यसलाई फागु भनिन्छ । यो पुरुषहरूद्वारा गाइँदै नृत्य गर्दै खेलिने वा गाइने खेल वा गीत हो । यो नेपालका सुदूरपश्चिमका डोटी अछामतिर फागुन शुक्लाष्टमीका दिनदेखि पूर्णिमासम्म मनाईंदै हर्षोल्लासका साथ खेलिने खेलमा गाइने नृत्य गीत हो । फागुका सम्बन्धमा विभिन्न किसिमका आ-आफ्नै धारणाहरू रहेका छन् ।

शोभा तिवारीकाअनुसार वसन्तको आगमनमा गाइने अथवा फागुको समयमा गाइने गीतलाई फागुगीत भनिन्छ । फागुगीतका शब्दहरूमा सबै फागुसम्बन्धी भावहरू दर्साइएको हुन्छ । जसरी वसन्त ऋतुमा सप्तरङ्गी फूलहरू फुलेर वातावरण नै मगमग हुन्छ त्यस्तै फागुगीतका शब्दले पनि रङ्गीन र रसिलो भएर रोचकता ल्याउँछ ।[22]

होलीका हिरण्यकशिपुकी बहिनीको नाम हो । फुपू होलिकाले भदाहा प्रह्लादलाई आगोमा डढाएर मार्न बल्दो चितामा शीतलपाटी ओढेर काखमा प्रह्लादलाई राखी बस्दा ऊ त्यस शीतलपाटीबाट बाहिर भई डढेर मरी र त्यही शीतलपाटी ओढेकाले प्रह्लाद आगोबाट जिउँदै बाहिर निस्के भन्ने पौराणिक कथा पाइन्छ । यसैको सम्झनामा अहिले पनि चीरदहन गरिन्छ र होलिकालाई मारिन्छ । यसै चीरदहनका अवसरमा होलिकालाई मारेको खुसीमा होरी वा होली गाइन्छ ।[23]

होरी पर्व स्थानीय स्तरमा भिन्न भएपनि यो नृत्य र गीतका साथ अत्यन्त उल्लासपूर्वक पहाड र तराईमा सर्वत्र खेलिन्छ । प्राचीन समयमा कृष्ण र गोपिनीहरूले होली खेल्ने गरेको प्रसङ्गबाट यो पर्व प्राचीन समयदेखि चलेको मान्न सकिन्छ । जाडोको बिदाइ र गर्मीको आगमन हुने भएकाले पनि होरी खेल्ने गरिन्छ भन्ने भनाइ छ । यो गीत नृत्यका साथ खेलिन्छ र गाइन्छ । सेतो पटुका र भोटो लगाई फेटा गुथेर नाच्ने युवाहरू समूहनृत्य गर्दछन् । दिनभरि कामगरी बेलुकी खाना खाइसकेपछि टाउकामा पगरी कसी शरीरमा जामा पहिरेर आँगन वा खुला चौरमा भेला भएर उनीहरूले होरी गाउँछन् । असत्यमाथि सत्यको विजय भएको हुँदा यस दिनलाई हर्षोल्लासपूर्वक मनाइन्छ । विशेष गरेर श्री कृष्णलीला र शिवसँग होरी सम्बन्धित छ । श्रीकृष्णले ब्रजमा गोपिनीहरूसँग होली खेलेको चित्रण पाइन्छ । सीता-रामको विवाह र बनबास तथा नटराज शिवको नृत्यवर्णनमा आधारित गरेर होरीगीत गाइने गरिन्छ ।

#### ३.७.२.२ भुओ पर्वगीत

लोग्ने मान्छेद्वारा मात्र खेलिने र गाइने भुओगीत पौष औँसीका राती एउटा निश्चित खाँडो (ठाउँ) मा गाउँका सबैजना जम्मा भएर गाउँछन् । यस क्रममा उनीहरूले आगो जलाउँछन् । यो खेल खेल्दा एक हातमा ढाल र अर्को हातमा तरबार लिएर नचाउँदै पाइला मिलाएर खेल्ने गर्दछन् । एक जनाले गीत जान्ने व्यक्तिले खेलेकाबीचबाट गीत गाउँछ । भूतप्रेतले सताउन थालेपछि प्रत्येक तन्नेरी र बूढापाकाहरूले हातमा तरबार लिएर त्यसलाई मार्न गएकाले यसको खुसीयालीमा भुओ गीत गाउने गरिन्छ । कतैकतै यसलाई भस्सी, भोसी

[22] शोभा तिवारी 'लोहनी', **लोकसङ्गीतार्पण**, (काठमाण्डौं: साझा प्रकाशन, २०६०), पृ.६७ ।
[23] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, पूर्ववत्, पृ.१२७ ।

पनि भन्ने चलन छ । यसको सम्बन्ध भूतसँग रहेको हुँदा यसद्वारा भूतलाई भगाइन्छ भन्ने मान्यता रहेको छ ।

पूर्णप्रकाश नेपाल 'यात्री' काअनुसार साधारणतया आ-आफ्ना गाउँघरबाट मुख्य स्थलमा जाँदा हात-हातमा झरझराउँदा राँका, दियालाहरू लिएर निर्दिष्ट स्थान र समयमा जम्मा हुनु र आगाका अगेना जलाएर त्यसै उज्यालामा वरिपरि नाच्नु-उफ्रनु प्राचीनकालीन ग्रामीण मनोरञ्जनको द्योतक मानिन्छ । हातमा जल्दो बल्दो राँको लिएर नाच्नु-उफ्रनुलाई लोकशास्त्रका विवेचकले 'भूत नृत्य' उल्लेख गरेका छन् ।[24] भुओ खेल्दा पौष औँसीका दिन मिर्मिरे विहानीमा सम्पूर्ण मानिसहरू जम्मा हुन्छन् । यो लगातार पाँच दिनसम्म मनाइने गरिन्छ । भुओ पर्व हर्षोल्लास तथा उमङ्गका साथ कदमकदम मिलाएर खेलिन्छ । भुओपर्व पाँच पाण्डवका दुःख सुखसँग सम्बन्धित पनि छ । भूतबाट बच्नका लागि नै हतियार हातमा लिएर भुओ खेल्ने गरिन्छ । न्यायी पाण्डवहरूले अन्यायी कौरवमाथि विजय प्राप्त गरेको विजयोत्सवका रूपमा मनाउने गरिन्छ । औँसीका रातभरि पाँच पाण्डवका रूपमा स्थापना गरिएको मन्दिरमा मूढा बालेर आगो ताप्दै जाग्राम बस्ने चलन छ । यो खेल खेलिसकेपछि उनीहरूले वृत्ताकार खेलको मध्यभागमा हातहातको राँको फालेर आगो ताप्छन् र घर फर्कन्छन् । त्यसपछि मीठोमीठो खाएर ठूलाबडाबाट सानालाई टीका लगाउने गरिन्छ ।

### ३.७.२.३ भैलो पर्वगीत

भैलो पनि पर्वगीतअन्तर्गत पर्दछ । देशका कतिपय भागमा लक्ष्मीपूजाको औँसीको दिनदेखि भैलोपर्व प्रारम्भ हुन्छ भने सुदूरपश्चिमका कतिपय जिल्लामा पुसे औँसीमा भैलोको प्रारम्भ हुन्छ । कर्णालीप्रदेश तथा भेरीक्षेत्रमा यसलाई भैली भन्ने चलन पनि छ । कथाअनुसार विष्णुले तारकासुर दैत्यलाई वध गरेर देवतालाई सुखशान्ति दिएको, दानी बलिराजाले पातालको राज्य पाएको, रामवनबासबाट फिर्दा अयोध्याबासीले स्वागत गरेको र उनी राजसिंहासनमा चढ्दा जनता उल्लसित भएको उपलक्ष्यदेखि यो उत्सव मनाउने गरिन्छ । लक्ष्मीपूजाका दिन साँझ परेपछि गाउँघरका आइमाईको जमात खुसियाली गर्दै भैलो गीत गाउँछन् । एकजनाले भट्याउने र अरुले 'भैली' भन्ने गरिन्छ ।

भैलो खेल्ने किशोरी बालिका र युवायुवतिहरूलाई भैलिनी भनिन्छ । कतैकतै तिहारको पाँचैदिन भैलो खेलिन्छ । पाँचौ दिन छाडा भैली खेलेर त्यस पर्वको भैलोलाई विसर्जित गरिन्छ । भैलो खेल्दा भैलाकै लयका गीत गाइन्छन् । त्यसमा एउटीले भट्याउने र अरुले 'भैलो' भन्दै दोहोऱ्याउने गर्दछन् । यस गीतमा भैलेनीहरू बलिराजाले चलाएको चलनअनुसार भैलो खेल्न आएको कुरा बताउँछन् ।[25]

भैलेनीहरू भैलो खेल्दै घरघर डुल्दछन् र घरका व्यक्तिहरूको गुणगान घरको सम्पन्नताजस्ता कुराहरूको प्रशंसा गर्दै केही समयसम्म गीत गाई नै रहन्छन् । अनि घरकी मूल आइमाई मान्छेले स्थानीय प्रचलनअनुसार रोटी, पैसा, फलफूल नाङ्लामा राखी बत्ती बालेर सगुन दिने चलन छ । त्यसपछि घरकी मूलीलाई टीका लगाइदिएर आशीर्वादका गीत गाइन्छन् । आशीर्वादमा ढुङ्गा छुँदा द्रव्यहोस्, माटो छुँदा अन्नहोस् आदि कुरा भन्ने गरिन्छ । आज नेपालीहरू जहाँ-जहाँ पुगेका छन् त्यहाँ भैलोको गीत गाउने र नयाँ ढङ्गले मनाउने गर्दछन् । नेपाली संस्कृतिलाई जीवन्तता प्रदान गर्न भैलो पनि एउटा महत्त्वपूर्ण पर्वका रूपमा रहेको छ ।

भैलो विशेषगरी महिलाहरूद्वारा गाइने र भट्याइने प्रचलन छ । तापनि कतैकतै महिला र पुरुषहरूद्वारा पनि खेल्ने गरेको पाइन्छ । शरद्ऋतुको आगमनसँगै देउसी अघि लक्ष्मीपूजाका

---

[24] पूर्णप्रकाश नेपाल 'यात्री', **भेरी लोकसाहित्य**, (काठमाण्डौंः ने.रा.प्र.प्र., २०४१), पृ.३५० ।

[25] चूडामणि बन्धु, पूर्ववत्,पृ.१६८ ।

दिन मनाइने चाडपर्वमा गाइने भैली गीतको पनि आफ्नै छुट्टै पहिचान छ । हाम्रो लोकसंस्कृतिको जगेर्नामा हामी सबैको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ३.७.२.४ देउसी पर्वगीत

विभिन्न चाडपर्वमा गाइने पर्वगीतहरूमध्ये देउसी पनि प्रमुख मानिन्छ । शरद्ऋतुको अवसरमा लक्ष्मीपूजाको भोलिपल्ट साँझ बत्ती बालेपछि गाउँघरका किशोर, प्रौढहरू देउसीको गीत गाउँदै घरघर डुल्छन् । देउसीमा विशेष गरी पुरुषहरूको महत्त्वपूर्ण जिम्मेबारी रहन्छ तापनि कुनै क्षेत्रमा महिलाहरूको पनि सहभागिता देखिन्छ । देउसी खेल्न निस्केका किशोर र प्रौढहरूलाई देउसे भनिन्छ । नेपाली प्रचलनअनुसार मादल, खैँजेडी र मुजुरा लिएर देउसीको लयमा गीत गाउँदै घरघर डुल्ने प्रचलन रहेको छ ।

भैलोजस्तै देउसीमा पनि एक जनाले भट्टयाउने र अरुले सामूहिक स्वरमा 'द्यौसी रे' भन्ने गरिन्छ । परम्पराअनुसार देउसी खेल्न आएको र अरु घरमा पनि जानुपर्ने कुरा बताइन्छ । देउसीमा पनि घरका व्यक्तिले पैसा, मिष्ठान्न र फलफूल दिएर बिदाइ गर्दछन् । घरका बालबालिका दूबोझैँ मौलाउन् र बूढाबूढी वरपिपलझैँ झाङ्गियून् र सम्पन्नताले सबैलाई ढाकोस् भन्ने आशीर्वाद दिने गरिन्छ । देउसी र भैलोमा समानता हुने भएकोले युवायुवतिहरू दुवै मिलेर पर्व मनाउने र मनोरञ्जनका साथ गीत गाएर रमाउँदै नाच्ने पनि गर्दछन् । कतैकतै देउसी भाइटीकाका दिनमा पनि खेल्ने गाउने गरिन्छ । यसमा मादल, खैँजडी र मुरलीका साथ स्वरमा स्वर मिलाउँदै मादलका तालमा नाचगान गरिन्छ । गीतमा वर्ष दिनको ठूलो चाड हो भन्दै सम्पूर्ण व्यक्तिहरू बाँचेर भेट भएको र माग्न आएको कुरा उल्लेख गरिन्छ ।

### ३.७.२.५ तीजको पर्वगीत

तीजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाई तीजको गीत भनिन्छ । तीजका अवसरमा विवाह भएकी आफ्नी चेली वा नारीलाई माइती घरमा माइतीहरू लिन आउने गर्दछन् । दरखाने दिनको राती र तीजकै दिन व्रत बसी नारीहरू तीजका गीत गाउने र नाच्ने गर्दछन् । माइतीघर जानेहरूको दिदी-बहिनीहरूसँग भेटघाट हुन्छ अनि आनन्द र उमङ्गका साथ माइत जान नपाउने चेलीहरूको बिलौना, ब्यथा र मर्महरूलाई तीजका गीतमा व्यक्त गरिएको हुन्छ । नारीजीवनका मर्महरूको अभिव्यक्ति तीजका गीतमा पाइन्छ । नारीहरूले शोषण, अन्याय, पुरुषबाट पाएको पीडा तथा सासूहरूद्वारा आफूमाथि गरेका ज्यादतीको विरोधमा विद्रोहको स्वर तीजका गीतमार्फत् अभिव्यक्त गरेका हुन्छन् ।

तीजका गीतहरूमा ग्रामीण नारीहरूका सामाजिक अवस्थाको चित्रण गरिएको पाइन्छ । यी गीतहरूमा बालविवाह र अनमेल विवाहले ल्याएका समस्याहरू र थिचोमिचोले जन्माएका पींडाहरूका दुःख र दर्दहरूलाई अभिव्यक्त गरिएको पाइन्छ । तीजका गीतहरूले जन्मस्थलको सम्झना, आमाबाबु, दिदीबहिनी, दाजुभाइहरूप्रतिको प्रेम, बाल्यकाल र साथीसङ्गीको सम्झना गराउँदछन् । एक्लै वा दोहोरीका रूपमा तीजका गीतहरू गाउने गरिन्छन् र यी गीतहरूले समाजमा नारीको स्थितिलाई राम्ररी स्पष्ट पार्ने काम गरेका हुन्छन् । तीजका गीतहरू नेपालको मध्यपहाडीक्षेत्रमा बढी मात्रामा गाइने गरिन्छ भने पूर्वी तथा पश्चिमी क्षेत्रमा त्यसको मात्रा धेरै पाइन्छ । यी गीतहरूमा सर्वत्र नारी जीवनका इच्छा-आकाङ्क्षा तथा दुःखपूर्ण अनुभवहरूको अभिव्यक्ति पाइन्छ । बालविवाह र बहुविवाहका मारमा परेका नेपाली नारीहरूका करुणगाथा तीजका गीतमा प्रतिध्वनित भएका पाइन्छन् । वर्षदिनको तीजमा माइती लिन आउलान् भनेर आस गरेकी नारीको मनोदशाको कारुणिक चित्रण तीजका गीतहरूमा भएको पाइन्छ ।

वर्षदिनमा नारीहरू माइत जाँदा माइतीहरू खुसी नहुने त कुरै भएन त्यहाँ धेरै टाढा-टाढाका दिदीबहिनी आएर आफ्ना पोइली घरमा पाएका दुःखकष्टहरूको वर्णन गर्दै एक आपसमा दुःखहरू साटासाट गर्दै सुखानुभूति गर्दछन् । अहिले त नारी-स्वतन्त्रताको पक्षमा उभिँदै

पितृसत्ताको विरोध र शोषणका विरुद्धको नारी विद्रोहका स्वरहरू गीतका माध्यमबाट प्रकट भएका पाइन्छन् । धेरै पछि दिदी-बहिनीको भेट भएकामा उनीहरू खुसी हुन्छन् र पछि बिछोड हुँदा दुःखी बन्छन् । घरको कामकाजले माइतीघर आउन नसकेका कारण नारीका अन्तर्हृदयका पींडाहरू गीतका माध्यमबाट उनीहरू पोख्न चाहन्छन्  र मन हलुङ्गो पार्न चाहन्छन् । तीजका अवसरमा माइतीमा भेला हुँदा खासगरी दर खाने, तीजको राती र तीजकै दिन व्रत बस्ने र गीत गाउने गरिन्छ । पूर्वीमा नेपालको पहाडी क्षेत्रमा महिलाहरू सङ्गिनी लयमा गीत गाउँछन् । कुनै क्षेत्रमा महिलाहरू राम्रो पति पाउँला भनेर पानीसमेत नखाएर व्रत बस्ने गर्दछन् । व्रत सकिएपछि नाचगान गरी समाप्त गर्ने चलन छ ।

# अध्याय चार

# अछामी मागल र पर्वगीतहरूको सङ्कलन तथा वर्गीकरण

## ४.१ अछामी मागलको सङ्कलन

सुदूरपश्चिमका नौवटा जिल्लाहरूमध्येको एक विकट पहाडी जिल्ला अछाममा कुनै कार्यहरूको थालनी गर्दा मङ्गलाचरणका रूपमा कुनै विघ्नबाधा नआइपरोस् भन्नका लागि शुभगीतका रूपमा मागलगीत गाइने गरिन्छ । नेपालका कुनैपनि क्षेत्रको आ-आफ्नै संस्कृति हुन्छ । विभिन्न जातजाति भाषाभाषी भएको देश नेपालमा आ-आफ्नै किसिमले हिन्दूसंस्कारअन्तर्गत रहेर सबैले आफ्नो संस्कृतिको पालना गरेकै हुन्छन् । यसरी अछाम जिल्लामा पनि विभिन्न संस्कार र पर्वका अवसरमा विभिन्न किसिमका मागलहरू गाउने गरिन्छन् । अन्य जिल्लाका तुलनामा यस जिल्लामा आफ्नै पाराको संस्कृति र परम्परा रहेका कारणले विभिन्न अवसरमा (जस्तै : व्रतबन्ध, विवाह, देवस्तुतिसँग सम्बन्धित) मागलहरू गाइने प्रचलन रहेको छ र हाल आएर यो लोप हुने अवस्थामा रहेको छ । अछामका केही ठाउँमा मात्र यो सीमित रहेको र आधुनिकताका कारणले केही परिवर्तन समेत हुन गई ठेट अछामी भाषिकाको मागल पाउन निकै कठिन रहेको छ ।

हिन्दूसंस्कार परम्पराअन्तर्गत विभिन्न सोह्रसंस्कारमध्ये मृत्युबाहेक अन्य अवसरमा मागलगीतहरू माङ्गलिक कार्यमा गाइने गरिन्छन् । अधिकांश अछामी ग्रामीण भेगका बासिन्दाहरूले परम्परादेखि नै गाउँदै र हस्तान्तरण हुँदै आएका र आजकाल सीमित ठाउँमा थोरै व्यक्तिहरूले व्रतबन्ध विवाहमा मात्र मागलगीत गाएको पाइन्छ । अछामी महिलाहरूद्वारा लामो स्वरले लेग्रो तानेर कोकिल कण्ठद्वारा मागलगीत गाइने गरिन्छ । विशेषगरी नारीकण्ठद्वारा गाइने भएकाले यसलाई नारीगीत पनि भनिन्छ । नारी समूहमा गाइने गीत भएकाले सरस र सहज पाराका हुन्छन् जसमा कुनै वाद्ययन्त्रबिना नै गाइने प्रचलन छ । अछाम जिल्लामा पाइने मागलगीतको सङ्कलन निम्नानुसार छ :

### ४.१.१ धार्मिक कार्यसँग सम्बन्धित मागल

#### ४.१.१.१ मङ्गलाचरण

स्वर्ग जान्या सिँढी मजबुत बनाउनू ।
पूर्व फर्की सुर्जेलाई अर्घ पनि दिनू ॥

जो आउँछ देलामा माग्न आउन्या भोको ।
खान दिई बाँढनु धरमको पोको ॥

नागालाई बस्तर तिर्खाउन्यालाई पानी ।
परदेशीलाई बासदिनु ज्ञानले जानी ॥

तुलछीकी बिडुवा आँगनमा लाउनू ।
चोखीनीति जलधारा आरती गाउनू ॥

तुलछीकी, बिडुवा हुनिन् जस्का घर ।
पापै र जमदुत, भाग्दै जान्छन् पर ॥

रुन लाग्या पापीहरू सम्भ्या तिनले ज्ञान ।
हिजो गर्‍यौ पाप, आज रुन्छौ क्यान ॥

परम ब्रह्मको हुकुम भयो यस्तै ।
दया छैन प्रभुलाई रोऊ तमि कस्तै ॥[26]

कुनै एउटा बाबाजीबाट सिकेको ज्ञान र प्रचलनले सम्पूर्ण कामगर्दा पहिले विघ्न-बाधा नपरोस्, अपशकुन नहोस् भन्नाका लागि शुभकार्य गर्दा मङ्गलाचरण स्वरूप यो गीत महिलाहरूद्वारा भनिने, गाइने प्रचलन छ ।

### ४.१.१.२ कलशपूजाको मागल

कालिका मालिका देवीऔ तमि दाइना भया ।
नवदुर्गा भवानीऔ तमि दाइना भया ॥
हाँसुल्ला साँचुल्लादेवी तमि दाइना भया ।
रखवाला भया ॥
डोट्याला बन्डाली तमि दाइना भया
रखवाला भया ॥
दिनदिन्या जोइसीऔ तमि दाइना भया ।
भरी कलसौ तमि दाइना भया ॥
पाँचै पाण्डव दूविपात तमि दाइना भया ।
रखवाला भया ॥
सगुन रातापेला अछेता तमि दाइना भया ।
प्रछना भया ॥
ओ दियाइय तमि दाइना होइजाया ।
ओ अछेता थाल तमि दाइना होइजाया ।
ओ माट्याभूमि तमि दाइना होइजाया ।
ओ कोलपाट्या तमि दाइना होइजाया ।

### ४.१.१.३ दियो जलाउँदाको मागल

कहाँ भयो दियाडिको जरम माउलो ?
सुनारबाडा, दियाडिको भयो जरम माउलो
सुनारबाडा दियाडिको भयो जरम माउलो ।

कहाँ भयो दियाडिको रजाइ थानको ?
पाँडै र मुज्यालीमा भयो रजाइ थानको
हामी लाइना हामी लाइना पुतका लगन ।

दुलयाका बाबुज्यूले आर्ज्या र उबार्ज्या
दुलयाकी जिज्याजूले साँचिसूची राखिन् ।

[26] स्रोत :तोली गा.वि.स. वार्ड नं. ९, निवासी ७० वर्षीया ऐसरा खत्री र ५६ वर्षीया जुनकला खत्रीबाट प्राप्त ।

हामी लाइना हामी लाइना पुतका लगन ।

शुभदिया जोइसीज्यूऔ शुभ दिया लगन
हामी लाइना हामी लाइना पुतका लगन ।
कालिका मालिका देवी तमि दाइना भया ।
कालिका मालिका देवी तमि दाइना भया ।[27]

## ४.१.२ देवीदेवतासँग सम्बन्धित मागल

### ४.१.२.१ प्रभुको मागल

पंवा फूलका पदम फूलका पउलाउ ।
भोलिका यो तान प्रभुकाँ होउलाउ ? (२)
पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान दुल्लुकाँ होउलाउ ।

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभुकाँ होउलाउ ? (२)
पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान साँचुला होउलाउ । (२)

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होऊलाऊ ?
पंवा फूलका पदम फूलका पउलाउ ।
भोलिका यो तान कुइकाल्या होउलाउ ।

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान ननाइथान होउलाउ ।
पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होउलाउ ?

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान मालिका होउलाउ ?
पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होउलाउ ?

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान गोइजात्याखा होउँला ।
पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होउलाउ ?

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान तितौरा होउँलाऊ ॥[28]

[27] स्रोतः विनायक निवासी ६२ वर्षीया जुनादेवी अधिकारी र कोकिलादेवी अधिकारीबाट प्राप्त ।

### ४.१.२.२ माईको मागल

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
हाम्री माईका देवीथान, फूलपत्र भरियो रे ।
फुलपत्र भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, दूध चावल भरियो रे ।
दुध चावल भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, अछेता भरियो रे ।
अछेता भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, छत्रले भरियो रे ।
छत्रले भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, यात्रुले भरियो रे ।
यात्रुले भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, मूर्तिले भरियो रे ।
मूर्तिले भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, धजाले भरियो रे ।
धजाले भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकमेलो हरियो रे ।
हाम्री माईका देवीथान, चाँदीले भरियो रे ।
चाँदीले भरियो रे । (२)

एकु मेलो गौचरन, एकमेलो हरियो रे ।
एकुमेलो हरियो रे ।
हाम्री माईका देवीथान, जौ, तिलले भरियो रे ।

[28] तोली गा.वि.स. वडा नं.९, निवासी ७० वर्षीया ऐसरा खत्री र जुनकला खत्रीबाट प्राप्त ।

जौ, तिलले भरियो रे । (२)[29]

### ४.१.३ व्रतबन्धसँग सम्बन्धित मागल

व्रतबन्धसंस्कार अछामी समाजमा हिन्दूपरम्पराअनुसार कर्मकाण्डविधिद्वारा गरिन्छ । व्रतबन्धमा केश खौरिनु, शुभसाइत हेर्नु, हदेली घस्नु, उपटन लगाउनु आदि कार्यमा महिलाहरूद्वारा मागलगीत गाइने गरिन्छ ।

#### ४.१.३.१ हदेली घस्ताको मागल

उभो बाडी तोडीको उधो बाडी हदेलीको
आज हाम्रा हदेलाको चाड
घसघस मेरी बउजु
उपटन घस ।

उभो बाडी तोरीको उधो बाडी हदेलीको
आज हाम्रा तोडीयाको चाड
घसघस बुआ जिउऔ
उपटन घस ।

उभो बाडी तोरीको उधो बाडी हदेलीको
आज हाम्रा तिलको चाड
घसघस मेरी बउजु
उपटन घस ।

#### ४.१.३.२ उपटन लगाउँदाको मागल

लाओ लाओ दिदीज्यूऔ उपटन लाओ
उपटन लाओ आमाज्यूऔ निकरी लाओ
दुलाहाकी बैनाऔ दूबो टिपी लाओ
दूबाको माला बनाई मण्डपमा पठाओ

टाउकादेखि पाउसम्म नुहाइदेऊ आमा जिउऔ
टाउकादेखि पाउसम्म नुहाइदेऊ फूपु जिउऔ

#### ४.१.३.३ विदेश जाँदाको मागल

देओ देओ आमा जिउऔ
झोली र मेखला भरिदेओ ।
गाउँघरका बहिनाउँ दिइहाल भिख
मस्तै दिया भिख बहिनाऊँ
मेरो बालो प्रदेशमा जान्या

---

29 ;|f]tM विनायक गा.वि.स. वडा नं. ७, निवासी ५४ वर्षीया सरस्वतीदेवी अधिकारीबाट प्राप्त ।

बाबाजिउका दिया भिख तीर्थमा चढाउँला
आमा जिउका दिया भिख जमात खुवाउँला
भरभर आमा जिउऔ पाथीभरी भिख
भरभर कान्छीआमा जिउऔ पाथीभरी भिख
भरभर सानी आमा मानाभरी भिख
देओदेओ बहिनाजिउऔ पोल्टाभरि भिख ।

### ४.१.४ विवाहसंस्कारसँग सम्बन्धित मागल

विवाहसंस्कार मानवजीवनको एक अभिन्न र अनिवार्य संस्कार हो । अछाममा प्रत्येक मानिसको हिन्दूसंस्कारपरम्पराअनुसार शुभमुहूर्त हेरी शुभलग्न ठहराइ विवाह गर्ने चलन छ । विवाहको लगन सुरुहुँदा, दाउरा काट्दा, पात ल्याउँदा, तेल पेल्दा, बस्त्र सिलाउँदा, दुलाहा-दुलहीका माइत जाँदा आदि विभिन्न कार्यमा महिलाहरूद्वारा माङ्गलिक धूनमा मागलगीत गाइने गरिन्छ ।

#### ४.१.४.१ दूधको भारा माग्दाको मागल

बुबाज्यूले आर्ज्यान उबार्ज्या
जिज्याज्यूले साँचिसुचि राखि रै छन् ।

सगुन काकाज्यूले आर्ज्यैन उवार्ज्या
काकीज्यूल साँचिसुचि राखि रैछन् ।

अब दुलयाको लगन पइटियो
जिजाजिऔ काकिज्यूऔ
दुलयाको लगन पइटियो ।
बुबाजिऔ काकाजिऔ
दुलाहाको लगन पइटियो ।

दाज्यूल आर्ज्यान उपार्ज्या
भाउज्यूले साँचीसुचि राखिरैछन् ।
सगुन दुलयाको लगन पइटियो ।

आयो खाओ, देव देवर विदा देओ
दशधारी दूध खाओ ।
आओ आओ मेरी पुत्र
जाओ जाओ जेठा दाज्यू ।

आयो, आयो जेठी बउजु
अछेता लाओ
आओ आयो कान्ठीआमा, अछेता लाओ
आओ आयो कान्ठाबुआ, अछेता लाओ

#### ४.१.४.२ बालो खेलाउदाको मागल

**क) निङालाको अवस्था**

बुहारी : लेकको निङाली सासू, कति पात्या,
सासू कति पात्या ?
सासू : लेकको निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या,
सासू कति पात्या ?
सासू : लेकको निङाली बउअ दुमै पात्या,
बउअ दुमै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या,
सासू कतिपात्या ?
सासू : लेकको निङाली बउअ तीनै पात्या
बउअ तीनै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ?
सासू : लेकको निङाली बउअ चारै पात्या,
बउअ चारै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ।
सासू : लेकको निङाली बउअ पाँचै पात्या
बउअ पाँचै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ।
सासू : लेकको निङाली बउअ छ यै पात्या
बउअ छ यै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ।
सासू : लेकको निङाली बउअ सातै पात्या
बउअ सातै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ।
सासू : लेकको निङाली बउअ आठै पात्या
बउअ आठै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ।
सासू : लेकको निङाली बउअ नवै पात्या
बउअ नवै पात्या ।
बुहारी : लेकको निङाली सासू कति पात्या
सासू कति पात्या ।
सासू : लेकको निङाली बउअ दशै पात्या
बउअ दशै पात्या ।

**ख) बालोको अवस्था**

बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ एकै माँस्या,
बउअ एकै माँस्या ।

बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ दुमै माँस्या,
बउअ दुमै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ तीनै माँस्या,
बउअ तीनै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ चारै माँस्या,
बउअ चारै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ पाँचै माँस्या,
बउअ पाँचै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ छयै माँस्या,
बउअ छयै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ सातै माँस्या,
बउअ सातै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ आठै माँस्या,
बउअ आठै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ नवै माँस्या,
बउअ नवै माँस्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ दशै माँस्या,
बउअ दशै माँस्या ।

### ४.१.४.३ दुलहीले बिदा माग्दाको मागल

आओ आओ जेठा दाज्यू,
आओ आओ जेठी बउजु
अछेता लाओ ।
एकै माना फाँको देओ
आओ आओ जेठा दाज्यू,
हाम्रो घर पुऱ्याइ आओ ।

आओ कान्ठीआमा ज्यूऔ

लाओ लाओ अछेता लाओ
एकैमाना फाँको देओ ।
हामी जान्छौ आफ्नाइ घर ।
डाडु ताउला दाइजो माइतो
देओ हाम्रा बुबाउ,
हामी जान्छौँ आफ्नाइ घर ।

आओ कान्ठी काकी
अछेता लाओ ओ ......।
एकैमाना चावल फाँको देओ,
हामी जान्छौँ आपनाइ घर

आओ आओ फुपू जिउऔ
अछेता लाओ ओ .....।
एकैमाना फाँको देओ
हामी जान्छौँ आफ्नाइ घर ।

आओ आओ जेठी दिदी,
अछेता लाओ ओ .....।
एकैमाना फाँको देओ
हामी जान्छौँ आफ्नाइ घर ।

सात्यासङ्गी निको भलो मान्या,
हामी जान्छौँ आफ्नाइ घर

निको मान्या कन्छिमाऔँ
भलाभली लायाँ
हामी जान्छौँ आफ्नाइ घर ।
निको भलो मान्या बउजु औ
निको मान्यै जन्मथान
निको मान्या गाई बल्लौ
हामी जान्छौँ आफ्नाइ घर ।

हँट हँट जेठा दाज्यू अघिन्डा लाग ।
हँट हँट जन्ती औँ अघिन्डा लाग ।

आओ आओ जेठा दाज्यू
हाम्रो घर पुऱ्याउनै जाओ
आओ आओ कान्ठा भाउअ
हाम्रो घरमा पुऱ्याइआओ ।

हँट हँट काकाज्यूऔ
हाम्रो घरमा हेरियाओ ।

### ४.१.४.४ वधूप्रवेशको मागल

पञ्चदेव तमि दाइना भया
पञ्चकलश तमि दाइना भया
दहीगाबु सागपात सगुनौ तमि दाइना भया

भारे-भुरे जन्ती भाइऔ
मुड्यौलीऔ तमि दाइना भया
साथी सँगिनी सात्यौ तमि दाइना भया,
सातै बहिना मालिकायै तमि दाइना भया
रातापेला अछेता थाल तमि दाइना भया
माट्याभूमि तमि दाइना भया
भरीकलसौ तमि दाइना भया

कालिका मालिका देवी तमि दाइना भया
नवदुर्गा भवानीऔ तमि दाइना भया ।
कूलदेवताऔ तमि दाइना भया
रखवाला भया ।[30]

## ४.२ अछामी मागलको वर्गीकरण

अछाममा कुनै पनि कार्य गर्दा महिलाहरूद्वारा मुक्त कण्ठद्वारा मागलगीत गाइने गरिन्छ । कुनै पनि आनुष्ठानिक कार्य गर्दा प्राय : स्वास्नी मान्छेले नै गाउने चलन छ जसमा कुनै पनि वाद्ययन्त्रबिना नै मागलगीत गाइन्छ । अछामी समाजमा संस्कार कार्यमा, देवतासम्बन्धी मङ्गलकामना गर्दै मागलगीत गाइन्छ । नारीद्वारा गाइने लोकमन्त्रगीत छोराको जन्महुँदा, विवाह आदि कार्यमा मागलगीत गाइन्छ । यिनै विभिन्न आधारमा अछामी मागलगीतको वर्गीकरण यस प्रकार रहेको छ ।

### ४.२.१ संस्कारका आधारमा वर्गीकरण

हिन्दूपरम्पराअनुसार अछामी समाज विभिन्न किसिमका संस्कारहरू गरिने एक पहाडी जिल्ला हो जहाँ जन्मसंस्कार, छैठी, न्वारन, व्रतबन्ध, विवाह आदि अवसरमा महिलाहरूद्वारा माङ्गलिक कार्यमा मागलगीत गाउने प्रचलन छ ।

#### ४.२.१.१ जन्मसंस्कारको मागल

अछाम जिल्लामा बालक जन्मेको शुभअवसरमा हर्षोल्लासकासाथ त्यस घरमा सम्पूर्ण परिवारहरू आई बालकका बाबुलाई बधाइ दिँदै खुसीयाली मनाइन्छ । त्यहाँ बालक जन्मेको खुसीयालीमा मीठाईहरू बाँडेर खाने र त्यसपछि नाच्ने गाउने चलन छ ।

#### ४.२.१.२ छैटीसंस्कारको मागल

बालक जन्मेको छैठौँ दिनमा गाउँका मानिसहरू बालक जन्मेको घरमा आएर बाबुलाई अक्षता र दूबोको माला लगाइदिने चलन रहेको छ । सोही घरको आँगनमा बसेर कसैले गीत गाएर नाच्ने गर्दछ, कोही गीत गाउँछन् । ब्राम्हण, गुरुपुरोहितद्वारा कर्मकाण्डविधिअनुसार दशौँ दिनमा न्वारन गरी नाम राख्ने प्रचलन छ । त्यसदिन महिलाहरूद्वारा मागलगीत गाउँदै अरुले मीठामीठा परिकारहरू बनाएर खाई मनोरञ्जन प्रदान गर्दछन् ।

#### ४.२.१.३ व्रतबन्धसंस्कारको मागल

[30] ;|f]t M विनायक गा.वि.स. वडा नं. ७, निवासी ६२ वर्षीया जुनादेवी अधिकारी र ५३ वर्षीया कोकिलादेवी अधिकारीबाट प्राप्त ।

अछाम जिल्लामा हिन्दूपरम्पराअनुसार कर्मकाण्डविधिद्वारा ब्राम्हणद्वारा शुभसाइत हेरी, शुभलग्न ठहराई शुभदिनमा व्रतबन्ध गर्ने प्रचलन छ । त्यो दिन कपाल खौरिने, ब्राम्हण र छेत्रीहरूको व्रतबन्ध गर्ने प्रचलन रहिआएको छ । बालकलाई गेरु रङ्गको मेखला बनाई पहिरिएर टिमुरको लट्ठी टेकेर मेखला सहित जोगीको भेष धारण गरी भिक्षा माग्न लगाइन्छ । अनि महिलाहरूद्वारा लामो भाकामा करुण भावमा माहुरीको भुनभुनावट लयमा मागलगीत गाउने गरिन्छ ।

क) **हदेली घस्दाको मागल**
उभो बारी तोडीको उधो बारी हदेलीको
आज हाम्रा हदेलीको चाड
घस घस मेरी बउजु
उपटन घस ।

ख) **उपटन लगाउँदाको मागल**
लाओ लाओ दिदीज्यूऔ उपटन लाओ ।
उपटन लाओ आमाज्यूऔ निकरी लाओ ॥

ग) **विदेश जाँदाको मागल**
देओ देओ आमा जिउऔ ।
भोली र मेखला भरिदेऔ ॥

**४.२.१.४ विवाहसंस्कारको मागल**

बालक जन्मेर ठूलो हुँदै छैटी, व्रतबन्धजस्ता संस्कार गरी त्यसपछि विवाह गर्ने चलन अछाम जिल्लामा प्रचलित छ । विवाह प्रत्येक मानिसका लागि अत्यावश्यक पक्ष हो विवाह विना सृष्टि नै चल्दैन । विवाहका प्रारम्भमा लग्न ठहराई ब्राम्हणहरूद्वारा शुभमुहूर्त हेरिन्छ । पहिलो दिनमा लग्ने दाउरा काट्ने र वरवधूका लुगा सिलाउने कामदेखि चिउरा कुट्ने, तेल पेल्ने आदि कार्य तथा अन्तिम दिन चतुर्थी (चौथी) कर्मसम्म महिलाहरूद्वारा माङ्गलिक अवसरमा मागलगीत गाउने गरिन्छ । अछाममा जन्तीहरू दुलहीको माइतीघर प्रस्थान गर्दाको साँझ बालो खेलाउने, रत्यौली खेल्ने चलन दुलही गृहप्रवेश गर्दासम्मको अवस्थामा मागलगीत गाइने गरिन्छ । अन्य व्यक्तिहरूद्वारा माइती र पोइलीघरमा रत्यौली खेल्ने गर्दछन् । केही उदाहरणहरू :-

क) **आमाले दूधको भारा (भाडा) माग्दाको मागल**
बुबाज्यूले आर्ज्यान उपार्ज्या
जिजाज्यूले साँचीसुचि राखिरैछन् ।

ख) **दुलही बिदाइ हुँदाको मागल**
एकैमाना फाँको देओ
जाओ जाओ जेठा दाज्यू
हाम्रो घर पुऱ्याई आओ ।

आओ आओ जेठी बउजु
अक्षता लाओ
एकैमाना फाँको देओ
हामी जान्छौँ आफ्नाइ घर

ग) **विवाहका साँझ जन्ती प्रस्थान गर्दाको मागल**
बुहारी : लेकको निङाली सासू कति पात्या,

सासू कति पात्या ?
सासू : लेकको निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या ।

**घ) वधूप्रवेश गर्दाको मागल**

पञ्चदेव तमि दाइना भया
पञ्चकलश तमि दाइना भया
माट्याभूमि तमि दाइना भया

## ४.२.२ विषयवस्तुका आधारमा वर्गीकरण

अछामी समाजमा विभिन्न किसिमका विषयका आधारमा मागलको वर्गीकरण गरिएको पाइन्छ । धार्मिक विषयवस्तु र देवतासम्बन्धी विषयवस्तुका आधारमा मागलको वर्गीकरण गर्न सकिन्छ ।

### ४.२.२.१ धर्मकर्मसम्बन्धी मागल

अछामी समाजमा हिन्दूधर्मअनुसार सम्पन्न गरिने धार्मिक अनुष्ठानमा गाइने मागलगीत नै धार्मिक मागलगीत हुन् ।

**क) मङ्गलाचरणको मागल**

स्वर्गजान्या सिँढी मजबुत बनाउनू
पूर्व फर्की सुर्जेलाई अर्घ पनि दिनू ।

**ख) दियो जलाउँदाको मागल**

कहाँ भयो दियाडिको जरम माउलो ?
सुनारबाडा दियाडिको भयो जरम माउलो ।

### ४.२.२.२ देवीदेवतासम्बन्धी मागल

**क) देवताको मागल**

देवताका मठ/मन्दिरमा गएर महिलाहरूद्वारा देवस्तुति/प्रार्थना र फलको आस गरी मागलगीत गाउने चलन छ । अछाम जिल्लामा विभिन्न शक्तिशाली देवताको आराधना गरिन्छ । यहाँ मष्टा, बन्डाली, भैरवनाथ, गोरखनाथजस्ता देवता र हाँसुल्ला, साँचुल्ला, जाल्पा, मालिका, नन्दामाता जस्ती शक्तिस्वरूपिणी देवीहरूको आराधना गरी मागलगीत गाउने चलन छ । ईश्वर भगवान्लाई खुसी पारेपछि शुभफल मिल्दछ भन्ने अछामी समाजमा रुढिवादी मान्यता रहेको छ ।

पंवा फूलका पदम फूलका पउलाउ ।
भोलीका यो तान प्रभु काँ होउलाउ ?
पंवा फूलका पदम फूलका पउलाउ ।
भोलीका यो तान साचुला होउलाउ ?

**ख) माईको मागल**

एकु मेलो गौचरन एक मेलो हरियो रे
एक मेलो हरियो रे

हाम्री माइका देवीथान फूलपाती भरियो रे
फूलपाती भरियो रे

### ४.२.३ आकारका आधारमा वर्गीकरण

अछामी महिलाहरू मागलगीत प्रायः लामो लेग्रो तानेर गाउने गर्दछन् । अछामी मागलहरू गाउँदा कुनैमा लामो आकारको स्वर हुन्छ भने कुनैमा छोटो आकारको स्वर हुन्छ ।

**क) छोटो आकारगत मागल**

पंवा फूलका पदम फूलका पउलाउ
भोलीका यो तान प्रभु काँ होउलाउ ।

कहाँ भयो दियाडिको जरम माउलो ?
सुनारवाडा दियाडिको भयो जरम माउलो ।

**ख) लामो आकारगत मागल**

अछामी मागलमा विवाहका अवसरमा गाइने मागल लामो आकारको हुन्छ । जस्तै :

बुहारी : लेककी निङाली सासू कति पात्या,
सासू कति पात्या ?
सासू : लेककी निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या ।
बुहारी : मेरो बालो सासू माइऔ कति माँस्या,
सासू कति माँस्या ?
सासू : तेरो बालो बउअ एकै माँस्या,
बउअ एकै माँस्या ।

## ४.३ अछामी पर्वगीतको सङ्कलन

कुनै विशेष अवसरमा मनाइने पर्वहरू आ-आफ्नै ढङ्गका हुन्छन् । अछाम जिल्लामा विभिन्न किसिमका चाडपर्वहरू मनाइने गरिन्छ । विसुपर्व, रनपुतला, तीज, देउसी, भैलो, होली, फागुजस्ता विभिन्न किसिमका चाडपर्वहरूका अवसरमा अछामी समाजमा समूहद्वारा पर्वगीत गाउने र नाच्ने गरिन्छ । पर्वगीतहरू विभिन्न ऋतुका आधारमा ऋतुसँग सम्बन्धित गीतहरू गाउने गरिन्छन् । चाडपर्व भनेका नेपालका ठूला चीज हुन् । हिन्दूपरम्पराअनुसार अछामी समाजमा विभिन्न किसिमका चाडपर्वहरू मनाउने गरिन्छन् । सुदूरपश्चिमका विभिन्न जिल्लाहरूमध्ये अछाम जिल्लामा आफ्नै किसिमको चाडपर्व मानिन्छ । जोसुकैले पनि गाउन सकिने गीतहरू चाडपर्वमा गाइन्छन् । आफ्नै स्थानीय ढङ्गले चाडपर्व मनाउने गरिन्छ । अछाम जिल्लामा पाइने पर्वगीतहरूको सङ्कलन यसप्रकार रहेको छ :-

### ४.३.१ रनपुतला गीत

सुदूरपश्चिमका अछाम, बाजुरा, डोटी र कैलालीमा समेत नववर्षको प्रारम्भमा विसुसंक्रान्ति भनेर चिनिने पर्वमा पुतला पनि एक हो । कतैकतै चैत्र २० गतेबाट महिलाहरूको

रतपुतला खेल खेलिन्छ जसमा माया, प्रेम र व्यथाका लय पोख्ने परम्परा छ  भनिएको पाइन्छ । विसुको दिनमा रनपुतलाको विसर्जन हुन्छ र विसुको प्रारम्भ हुन्छ ।

पुतला पर्व मूलतः चैत्रपूर्णिमादेखि आरम्भ भएर वैशाख सङ्क्रान्तिसम्म रहन्छ । वैशाख सङ्क्रान्तिका दिन पुरुषहरूले विसुबाघ बनाएर एकजनालाई लखेट्छन् । चालुवर्ष जान लागेको सन्दर्भमा पुतला खेल्ने चलन छ । पोइल जाने छोरीको बिलौनापूर्ण गीत गाउँदै जान लागेको वर्षलाई पोइल जाने छोरीको प्रतीकको रूपमा बिदाइ गर्ने परम्परा छ । सुरुमा सङ्गीसाथीलाई आग्रह गरी खेलिने खेल पुतला हो । स्त्री जातीले मात्र खेल्ने गरिन्छ र उनीहरूद्वारा नै गाउने परम्परा छ । केही उदाहरणहरू यस प्रकार छन् :

**पहिलो दिनः**

आओ आओ, सङ्गीसात्याऊ, रनपुतला,
पुतला खेलन बाइजाऊँ, रनपुतला ।

**दोस्रो दिन :**

जौ जौमास जौगेडी लेख्या, को जौमास जौगेडी लेख्याको
जौ जौमास जौगेडी लेख्या, को जौमास जोगेडी लेख्याको ।

ओपाया जोली सपन भिज्या
ओपाया जोली सपन भिज्याको
जौ जौमास जौगेडी लेख्या
को जौमास जौगेडी लेख्याको ।

उच्चीकोटको चौढुङ्गो
अइँ मेरो मोत्तीऊ चुइपड्यो
अइँ मेरो मोत्तीऊ जुइपड्यो ।

बाँसपात्या निगुणी नङ्ले नछोल बाली सैँया, नङले नछोल ।
बुबाका सौराइँले मैतला आयाँ
चरकी नबोल, बाली सैयाँ, चरकी नबोल ।

माटो कुटी-कुटी सोवाडी लायो
माटो कुटी-कुटी सोवाडी लायो
हृदय गुरुले मुडुल्ली चिठ्यो ।

इल्चा लुडुक्यो, जिना कागुन, भिटा लुडुक्यो साऊँ
आमा धेकन्नी झुरै मरन्नी, भुडुक्कै उठी जाऊ ।[31]

हाम्रा माइती संसारनाथ रनपुतला
पुतला पैटाउन आयौँ, रनपुतला
शीरकी कोकिला देवी, रनपुतला
तमि दाइनी भैजाया, रनपुतला

[31] ;|f]t M भाटाकाटियाँ गा.वि.स. वडा नं. ७, निवासी टेकराज खनालबाट प्राप्त ।

पापकी भवानीमाता, रनपुतला
तमि दाइनी भैजाया, रनपुतला ।[32]

### ४.३.२ लुतो फाल्ने गीत

अछामी समाजमा बैशाखे सङ्क्रान्तिलाई बूढी मैनाका रूपमा पनि लिने गरिन्छ । साउन महिनालाई काली रात भनेर पनि चिनिन्छ । बूढी राक्षसनीले घरमा कुनै क्षति नपुऱ्याओस् भनेर त्यस दिनमा वनबाट भिरुकाँडो (भिभ्रेरी काँडा) को हाँगो ल्याई मूल ढोकामाथि राखेर कुना कुनामा गई त्यसलाई लगेर अगुल्टोसँगै हल्लाएर लुतो फाल्ने चलन छ । यस पर्व र यस महिनाका अन्य केही गीतहरू यसप्रकार रहेका छन् :

उन्टा कुन्टाकी छिउ बूढी राँड
लुतो पाङ्ग्रो ले बुढी राँड
उन्टा कुन्टाकी छिउ बूढी राँड
हामी सबैको लुतोले बूढी राँड ।

**अर्को,**

साउनको राती,
हगाइलाग्यो ताती,
रोटो दिन्या माए
जन दिन पाए ।

आरु घङ्गारु कालका भाइ ।
यत्तिले पुग्योन भन्या लेक निउडी जाइ ॥
भुसुल्या आरु कठी बाडे आँम ।
अघिन्डो धात पछिन्डो मलाम ॥

### ४.३.३ भैलो गीत

पुसे पूर्णिमालाई भैले पूर्णिमा पनि भन्ने चलन छ । यस उपलक्ष्यमा अछाम जिल्लामा बूढा-युवा, तन्नेरी मिलेर आ-आफ्ना बेग्ला-बेग्लै टोली समूह बनाएर घर-घरमा भैलो माग्दै गीत गाउँछन् र त्यहाँ उठेको पैँसा, चामल आदि लिएर बनभोज खाने गर्दछन् । कतै कतै अछामी समाजमा राम्रा कार्यका लागि भैलो माग्ने चलन पनि छ । अछामी भैलो अन्य क्षेत्रकाभन्दा भिन्न प्रकारको रहेको छ । गीतहरूमा आशीर्वाद दिने र गाली फलाक्ने चलन पनि छ । पुषको पूर्णिमादेखि काठहरूको थुप्रो लगाएर माघ महिनाको अघिल्लो रातमा मूढा बालेर आगो ताप्ने त्यसपछि खोला, नदी, कुवा, धारा आदिमा गएर नुहाईसकेपछि माघेसङ्क्रान्तिका दिन मीठामीठा पाकपकवान खाने चलन छ ।

ए भन भन भाइऔ - भैलो
ए भैलो माग्न्याका - भैलो
ए काँनौनो थैलो - भैलो
ए जो देला मानु - भैलो
ए उसको आँखो कानु - भैलो
ए जो देला मुठी - भैलो
ए उसको घुँडो फुटी - भैलो

32 राजाराम सुवेदी, **अछामको इतिहास**, (अछामः श्री वैद्यनाथ क्षेत्र प्रकाशन स., २०५८), पृ.६८ ।

ए जो देला पाथी - भैलो
ए उसको ठूलो छाती - भैलो
ए जो देला मुरी - भैलो
ए उसको सुनको धूरी - भैलो

## ४.३.४ भुओ गीत

अछाम जिल्लामा भुओगीत पुरुषहरूद्वारा गाइने र नृत्यगीत हो । अछाममा पुसको औँसीका दिन कुनै ठाउँमा खाल्डो खनी आगो बालेर पुरुषहरूको समूहद्वारा भुओगीत गाउने चलन छ । भुओ खेल्दा तलवार, खुँडाका साथै दाव हातमा समातेर गीत गाउँदै एकजनाद्वारा भट्याइन्छ र युवा खेलमा पुरुषहरूले पगरी र जामा पहिरेर बाजाको तालमा नाच्ने गर्दछन् । भुओपर्व रावण र रामको लडाईंबाट रावणको मृत्यु र रामले गरेको साहसको खुसीयालीमा खेलिने किँवदन्ति रहेको छ । केही गीतका नमुनाहरू :

ए ! यो भुओ कइको हो ? - भस्सी र भस्सी
ए ! यो भुओ मोखियाको हो - भस्सी र भस्सी
ए ! पैले काँ छियो ? - भस्सी र भस्सी
ए ! स्वर्गका राजा इन्द्रका घर - भस्सी र भस्सी

भुवो खेल्दा बौजुलाई विशेष पुकारिन्छ ।

जस्तै :

आलो कोद्या सुकाइ राख्या हो, बासा आइ पिनुला - भसडो
बौजुका सुकिला दन्त टाढा है चिनुला - भसडो ।

## ४.३.५ होरी गीत

होरी पर्व अछामी चाडपर्वहरूमध्ये एक महत्त्वपूर्ण पर्व हो । यसलाई होली, फागुका नामले पनि पुकारिन्छ । प्राचीन समयदेखि खेलेर चलिरहेको परम्परागत खेल हो । यसको सुरुमा शिवालय वा मन्दिरमा गएर सुरु गरी खेलिन्छ । एकजनाले भट्याउने र अरुले स्वरमा स्वर मिलाउने गरिन्छ । अछाममा शिवरात्रीबाट सुरु भएर फागु पूर्णिमासम्म खेलिने गरिन्छ र विभिन्न किसिमका पुरुषहरूद्धारा दुई समूहमा खुट्टाद्वारा पैतल हानी बाहिर भित्र गरेर खेल्दै हातको ईशारा पनि देखाइने गरिन्छ । ढोल, टाम्को र भ्याली तीनवटा बाजाका साथै सेतो कुर्ता, सुरुवाल पोशाक लगाएर गाउँदै खेलिने गरिन्छ । तेजप्रकाश श्रेष्ठकाअनुसार 'यो अछाममा घर-घरमा लोककविहरू छन् "जब फागुनले आफ्नो लाली अनुहार देखाएर लोकसँग मुस्कुराउन थाल्दछ, तब अछामका पुरुष समुदायको आँगन, चोक, बैठक, मन्दिरमा घेरा लाग्दछ, होली खेल्नको निम्ति" होली पर्व अछाममा धूमधामसँग मनाइने गर्दछ । होली पर्वका केही उदाहरण (होरी गीत)हरू :

### ४.३.५.१ श्रीरामसँग सम्बन्धित होरी

ए राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो
राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो ।

ए सीसम्म कुड्ससी गंगा विराज्ये
पितृ वचनलाई मान्नुपड्यो
राम सीता वन जानुपड्यो ।

ए राज्याभिषेक भोलि हुन्यामा
चौध बरस वन जानुपड्यो,
राम सीता वन जानुपड्यो ।
ए तीन लोकका मालिक धन्य प्रभु हुन्
कैकेयीले वर माग्नुपड्यो
राम सीता वन जानुपड्यो ।

ए मन्थरा दासी दुष्ट हुनाले
खाली भूमिमा सुत्नै पड्यो
राम सीता वन जानुपड्यो ।
ए राजमुकुट जो पैरनु पर्न्या
पिताको आज्ञा मान्नुपड्यो
राम सीता वन जानुपड्यो ।
ए प्रभुका साथ लछीमन गया रे
राज्य भरतले गर्नुपड्यो
राम सीता वन जानुपड्यो ।
ए चौधै वरसको बाचा गरेको
पितृ वचनलाई मान्नुपड्यो
राम सीता वन जानुपड्यो ।
ए चौरासी व्यञ्जन भोजन गर्न्या
कन्दमूल खोजी खानुपड्यो
राम सीता वन जानुपड्यो ।
ए रावण कुल विनाश गराई
भूमिको भार उतार्नुपड्यो
राम सीता वन जानुपड्यो ।
ए रावण आई वारो उठायो
सीतालाई चोरी लियो रे
रामसीता वन जानुपड्यो ।
ए सीताको खबर सुग्रीवले भन्यो
रावणले सीता लङ्का लियो रे
राम सीता वन जानुपड्यो ।
ए सीताका खोट हनुमान गयो रे
अशोक भेटी सीताकन ल्यायो रे
राम सीता वन जानुपड्यो ।
ए तीन् लोकका मलिक धन्य प्रभु हुन्
कर्मको फल सब भोग्नुपड्यो
राम सीता वन जानुपड्यो ।
राम सीता वन जानुपड्यो ।
राम सीता वन जानुपड्यो ॥

### ४.३.५.२ श्रीरामलीलासँग सम्बन्धित होरी

राजा दशरथका कुलमा श्रीरामले अवतार लिएपछिको कथा यसमा वर्णित छ ।

चारही चार कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी

दशरथकी चारै कुमार प्यारी
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।
ए वृद्ध बाहुली अवस्था भई रे
नै भई पुत्र गरौं क्यारे, दशरथकी चारै कुमार प्यारी
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

ए पुत्रका लागि गै गुरु पास
यज्ञे गरी वर दिया रे, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

ए कौशल्या यमुना माता प्रभुकी
गुरुको यज्ञे पुरा गरी, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

ए चैत्र नवमीका शुभ दिन
जेठा श्रीराम जन्म्या रे, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

ए भरत जन्म्या सोही महिनामा
शत्रुधन लछीमन जउल्या रे, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

ए मङ्गल चार भै दरबार
नौमती बाजा बज्या रे, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

ए सूर्यवंशमा राम जि केवल
दीप रघुर्वशी जाग्या रे, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

#### ४.३.५.३ श्रीकृष्णलीलासँग सम्बन्धित होरी

पृथ्वीको भार हर्नलाई श्रीकृष्णले अवतार लिई जन्मेपछिको कथानक यसमा वर्णित छ ।

देवकी वसुदेवका बाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल
ए भदव मासकी पक्ष अन्यारी
अष्टमी रात अतिकाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए कंसका पाल्या विनाई गया रे
जन्म्या वसुदेवका बाला रे, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए बाल कन्हैया बोल्या ताहाँ रे

मुकि पुऱ्याई दे नन्दशाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल
ए काल भैरवजस्ता चौकी कता है
उघ्री द्वार खुली तालारे, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए नेल हतकडी आफै खुल्या छन्
द्वारका पाल्या सुती गया, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए बालकलाई गोकुल पुऱ्याया
गोकुल पुगी कन्या ल्याया रे, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए नन्दका घर आफै गया रे
ल्याई कन्या रोइन रे, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए यशोदा माई भइन सुतक्यारी
रोइन कन्या जाग्यो रे, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए झट्ट दिया थाहा पाई कंस दरबारी
आयो दगुरी सो चन्डाल, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए खोसी कन्या लिई शिला पछारी
उडी आकास सोही बाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

ए केवल तेरो काल सुरारी
जन्म्या गोकुल गई गोपाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

### ४.३.५.४ श्रीकृष्णसँग सम्बन्धित होरी

गोपिनीहरू वनमा गई श्रीकृष्णको बाँसुरी चोरी ल्याएपछिको आख्यान यसमा वर्णित छ ।

दिईहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए क्याहाले गाउँ क्याहा बजाऊँ
क्याहाले गाई फर्काइ ल्याऊँ रे, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए बाँसुरी मेरो प्राण झैँ प्यारो

हरिया बाँसको ढुन्को रे, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए सुनको नाही रुपयाको नाही
हरिया बाँसको ल्याऊ बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए नन्दमहलको हुँ गाई ग्वालो
हेर दशा यी भ्रमपुरी, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए रनवन डुली गाई चराई
कि दिउँ जडा उखेली, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए बाँसुरी माग्न लाल कन्हैया
क्याहा बाँसकी बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए घर घरान कि हौ तिमी गोरी
चोरीका कामको क्या बाहादुरी, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

ए सुन सुन हो बाँसुरीका स्वर
बङ्सी बजाई लाल कन्हैया, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

**४.३.५.५ पौपाठसम्बन्धी होरी**

वृजकुञ्जमै धम्मामै चैहोरी, वृज कुञ्जमा धम्मामै चैहोरी
ए काँ हामै जन्म्या कृष्ण कन्हैया
काँहामै जन्मिन् धागोरी, वृज कुञ्जमै धम्मामै चैहोरी
ए गोकुल जन्म्या कृष्ण कन्हैया
मथुरामै जन्मीन् राधागोरी, वृज कुञ्जमै धम्मामै चैहोरी
ए कति बरीसकमा कृष्ण कन्हैया
कति वरीसकी राधा गोरी, वृजकुञ्जमै धम्मामै चैहोरी

ए बाह्र बरीसका कृष्ण कन्हैया
सात बरीसकी राधागोरी, वृजकुञ्जमै धम्मामै चैहोरी ।
ए क्याहाजु आया कृष्ण कन्हैया
क्याहाजु आइन् राधागोरी, वृज कुञ्जमै धम्मामै चैहोरी

ए रथ चली कृष्ण कन्हैया
पाउचली आइन् राधागोरी, वृजकुञ्जमै धम्मामै चैहोरी

ए क्याहाजु खावै कृष्ण कन्हैया
क्याहाजु खाईन् राधागोरी, वृज कुञ्जमै धम्मामै चैहोरी

ए दूधपीडा खाई कृष्ण कन्हैया
वहीपीडा खाइन राधा गोरी, वृजकुञ्जमै धम्मामै चैहोरी

ए क्याहाजु पैरे कृष्ण कन्हैया
क्याजु पैरीन राधागोरी, वृजकुञ्जमै धम्मामै चैहोरी

ए पितम्बर पैरे कृष्ण कन्हैया
मखमली पैरीन राधागोरी, वृजकुञ्जमै धम्मामै चैहोरी

#### ४.३.५.६ देवीसम्बन्धी होरी

फागुन मास खेलै होरी, फागुन मास खेलै होरी
फागुन मास खेलै होरी, फागुन मास खेलै होरी
ए उत्तर विराजै मालिका देवी,
मालिका देवी रक्षा गरि, फागुन मास खेलै होरी
ए दक्षिण विराजै कालिका देवी,
त्रिपुरासुन्दरी रक्षा गरि, फागुन मास खेलै होरी
ए पूर्व विराजै वरदादेवी,
चण्डिका देवी रक्षा गरि, फागुन मास खेलै होरी
ए पश्चिम विराजै जालपा देवी,
अम्बिका देवी रक्षा गरि, फागुन मास खेलै होरी
ए जवानदी तिलानदी कण्ठेश्वरी,
बीचमा श्री वैद्यनाथ धाम हरि, फागुन मास खेलै होरी
ए बीच वृद्धगङ्गा उत्तम महाँ
कैलाश नदी पाप हरि, फागुन मास खेलै होरी
फागुन मास खेलै होरी, फागुन मास खेलै होरी ।[33]

## ४.४ अछामी पर्वगीतको वर्गीकरण

कुनैपनि चाडपर्वका अवसरमा गाइने गीतहरूलाई पर्वगीत भनिन्छ । अछामी समाजमा हिन्दूपरम्पराअनुसार विसु, साउने सङ्क्रान्ति, दसै, तिहारको देउसी, भैलो, पुसे औसीको भुओ, पुसे पूर्णिमाको भैलो, फागु, माघेसंक्रान्तिजस्ता पर्वहरूमा गीत गाउने परम्परा रहेको छ । कुनै पर्वमा महिलाद्वारा गीत गाउने प्रचलन छ भने कुनै पर्वमा पुरुषले तथा कुनैमा दुवै समूहले गीत गाउने गर्दछन् । कुनै देवतासँग सम्बन्धित, कुनै नारीगीत, पुरुषगीत तथा कुनै गीत लामो आकारका छन्, कुनै छोटा र कुनै गीत गाउँदा लामो लय र कुनै छोटो लयका हुन्छन् यिनै आधारमा अछामी पर्वगीतहरूको वर्गीकरण गर्न सकिन्छ :

### ४.४.१ विषयवस्तुका आधारमा वर्गीकरण

#### ४.४.१.१ देवीसँग सम्बन्धित पर्वगीत

यस प्रकारका पर्वगीतहरूमा अछामी नन्दादेवी, कालिकादेवी, मालिकादेवी, जालपादेवी, त्रिपुरासुन्दरी, नन्दामाता नौरथादेवीजस्ता देवीहरूको आराधना गरिन्छ । जसमा एउटा भनाइ छ :

"बान्नीगढी वरदादेवी कोटघर कालिका

[33] ;|f]t Mविनायक गा.वि.स. वडा नं. ७, निवासी चन्द्रप्रसाद अधिकारीबाट प्राप्त ।

अछाम त बैकुण्ठ रैछ धन्ने हो मालिका ।"
ए उत्तर विराजै मालिका देवी,
मालिका देवी रक्षा गरि फागुन मास खेलै होरी ।
ए दक्षिण विराजै कालिका देवी
त्रिपुरासुन्दरी रक्षा गरि, फागुन मास खेलै होरी ।

### ४.४.१.२ देवतासँग सम्बन्धित पर्वगीत

अछाम तेत्तीसकोटी देवीदेवता भएको जिल्ला हो । यहाँ मष्टा, वन्डाली देवताका साथै होरी पर्वमा राम, श्रीकृष्ण भगवान्का लीलाहरूको वर्णन गरिएको पाइन्छ । जस्तै :

**क) श्रीरामसँग सम्बन्धित पर्वगीत**

राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो
राम सीता वन जानुपड्यो
ए सीसम्म कुड ससी गंगा विराज्ये
पितृ वचनलाई मान्नुपड्यो
राम सीता वन जानुपड्यो ।

**ख) श्रीकृष्णसँग सम्बन्धित पर्वगीत**

देवकी वसुदेवका बाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल
ए भदव मासकी पक्ष अन्यारी
अष्टमी रात अतिकाला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

### ४.४.२ लिङ्गका आधारमा वर्गीकरण

अछामी पर्वगीतहरू कुनै पुरुषहरूद्वारा गाउने गरिन्छ । कुनै महिलाहरूद्वारा र कुनै दुवै पुरुष तथा महिलाद्वारा गाउन सकिने खालका हुन्छन् । जस्तै :

### ४.४.२.१ नारी गीत

नारीहरूद्वारा मात्र गाइने गीतहरू यस अन्तर्गत पर्दछन् । जस्तै : **रनपुतला**
आओ आओ, सङ्गीसात्याऊ, रनपुतला ।
पुतला खेलन बाइजाऊँ, रनपुतला ।

### ४.४.२.२ पुरुष गीत

पुरुषहरूले मात्र गाउने पुरुष गीत हो । जस्तै : भुओ, होरी आदि ।

**क) भुओ पर्वगीत**

आलो कोद्या सुकाइ राख्या हो, बासा आई पिनुला - भसडो
बौजुका सुकिला दन्त टाढा है चिनुला - भसडो

**ख) होरी पर्वगीत**

राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो
राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो

### ४.४.२.३ सामूहिक गीत

अछामी समाजमा पुरुष, महिला, बुढाबूढी र तन्नेरीद्वारा गाइने गीत सामूहिक गीत हो । जस्तै :

**भैलो गीत**

| | | |
|---|---|---|
| ए भनभन भाइ हो | - | भैलो |
| ए भैलो माग्न्याका | - | भैलो |
| ए कानौनो थैलो | - | भैलो |

### ४.४.३ आकारका आधारमा वर्गीकरण

अछामी पर्वगीतहरूमा कुनै एक/दुई पङ्क्तिका हुन्छन् भने कुनै तीन/चार पङ्क्तिका छन् । जस्तै :

**क) छोटो आकारगत पर्वगीत**

**भैलोगीत**

| | | |
|---|---|---|
| ए जो देला मानु | - | भैलो |
| ए उसको आँखो कानु | - | भैलो |

**ख) लामो आकारगत पर्वगीत**

**अ) रामलीलाको होरीगीत**

चारही चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी
दशरथकी चारै कुमार प्यारी
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी

**आ) रनपुतलागीत**

वाँस पात्या निगुणी नङले नछोल बाली सैया, नङ्ले नछोल
बुबाका सौराइले मैतला आया, चरकी नबोल बाली सैया, चरकी नबोल ।

### ४.४.४ लयका आधारमा वर्गीकरण

अछामी पर्वगीतहरू गाउँदा कुनै छोटो समयमा गाउन सकिन्छ भने कुनै लामो लयका आधारमा गाउन सकिन्छ ।

**क) छोटो लय :**

| | | |
|---|---|---|
| ए भनभन भाइ हो | - | भैलो |
| ए भैलो माग्न्याका | - | भैलो |
| ए काँनौनो थैलो | - | भैलो |
| ए जो देला मानु | - | भैलो |
| ए उसको आँखो कानु | - | भैलो |

**ख) लामो लय**

राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो,
राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो,
ए चौरासी व्यञ्जन भोजन गर्न्या
कन्दमूल खोजी खानुपऱ्यो, राम सीता वन जानुपड्यो ।

आओ आओ, सङ्गीसात्याऊ, रनपुतला,
पुतला खेलन बाइजाउँ, रनपुतला ।

# अध्याय पाँच

# अछामी मागल तथा पर्वगीतको विश्लेषण

## ५.१ अछामी मागलको परिचय

कुनै पनि मङ्गल कर्ममा गाइने गीतलाई मागल भनिन्छ । संस्कारका अवसरमा भाव, इच्छा र चाहना प्रकट गरी गाइने गीत मागलगीत हुन् । संस्कृत भाषाको मङ्गलगीत नै नेपालीको मागलगीत हो । विशुद्ध मङ्गलकार्यमा गाइने गीतका रूपमा मागल परिचित छ । फाग, सगुन र मागललाई पर्यायवाचीका रूपमा लिइएको पाइन्छ र यिनीहरू एक अर्काका पर्याय हुन् । अछामी जन्मसंस्कार, व्रतबन्धसंस्कार, विवाहसंस्कारजस्ता शुभकार्यमा मागलगीतहरू महिलाहरूद्वारा गाइने प्रचलन रहेको छ । मागल मन्दिरहरूमा अथवा कुनै पनि शुभसाइत आदिका अवसरमा गाउने गरिन्छ ।

जयराज पन्तकाअनुसार फाग र सगुन दुबै संस्कार गीत हुन्, माङ्गलिक अवसरमा गाइने हुँदा यिनलाई मङ्गलगीत पनि भन्न सकिन्छ । उनले मङ्गलगीत नै मागलगीत हो भन्ने चर्चा गरेका छन् ।[34] जन्म, छैटी, न्वारन, चूडाकर्म, व्रतबन्ध र विवाहजस्ता संस्कारहरूमा नेपाली नारीहरूले एक प्रकारको गीत गाउँछन् । यसलाई मांगल भनिन्छ । यसलाई महाल वा माल पनि भन्ने गरिन्छ । मांगल, महाल वा माल शब्द मङ्गलबाट आएको हो । यसको अर्को नाम सगुन हो ।[35]

कुनै पनि शुभकार्य गर्दा प्रारम्भमा मागलको गायन गरी उक्त कार्य निर्विघ्न सम्पन्न होस् भन्ने कामनाका लागि शुभ होस् भन्दै मागलगीत गाउने गरिन्छ । मागल नारी गीत हो र सौभाग्यवती महिलाहरूले गाउने गर्दछन् । मागलगीत गाउने महिलालाई माग्ल्यारी, मुग्लेरी वा मङ्गलेरी भनिन्छ । माहुरीहरूको भुनभुनावटजस्तै गरी नारीहरूद्वारा गुनगुन गाइने हुनाले यसलाई फाग भनिन्छ । सगुन भनेको शुभकामना हो, इष्टफल प्राप्ति र निर्विघ्न कार्य समाप्तिका लागि गरिने ईशवन्दना हो, शुभचिन्ह वा शुभलक्षण अर्थात् शुभसङ्केत हो, स्वच्छ र पवित्र हृदयले प्रदान गरिने उपहार वा कोसेली, ईश्वरमाथि गरिएको आस्था, विश्वास र भरोसा हो, प्रत्येक माङ्गलिक अनुष्ठानमा अवलम्बन गरिने तत्स्थानीय कर्मकाण्डको अनिवार्य परम्परा हो ।[36]

देवकान्त पन्तकाअनुसार फाग नारीहरूका मङ्गल गीत हुन्, स्थानीय बोलीमा फाग भनेको घरको भित्तामा रहेको माहुरी बस्ने १/१ हात लम्बा चौडा प्वाल पनि हो, त्यो भित्र माहुरीहरूले सधैँ गुनगुनको ध्वनी गरिरहन्छन्, नारीहरूले पनि गीत गाउँदा गुनगुन ध्वनि र लयको प्रयोग गर्दछन् ।[37] सगुनमा गणेशजीलाई अगुवा बनाएर त्यसपछि बृहस्पति र तेत्तीसकोटी देवताको आह्वान गरिएको छ । सदा सौभाग्यका प्रतीक ईश्वर (शिवजी) की

---

34 ho/fh kGt, k"j{jt\, k[i& 1 .
35 r"*fdl)f aGw", k"j{jt\, k[i& 155 .
36 ho/fh kGt, k"j{jt\, k[i& 3 .
37 b]jsfGt kGt, *f]^]nL nf]s;flxTo Ps cWoog, -sf&df)*f}M g]kfn PlzofnL cWoog ;+:yfg sLlt{k'/, 2032_, k[i& 7 .

पार्वती, रामकी जानकी, ईश्वर (ब्रह्मा) की सरस्वती र नलकी दमयन्तीजस्ती ऐहाती (सौभाग्यवती) नारीहरूद्वारा मङ्गलोच्चारण आवश्यक मानिएको छ ।[38]

सगुन, फाग र मागल जे नाम रहे पनि वास्तवमा कुनै पनि शुभकार्यको थालनी गर्दा आरम्भ गरिएको शुभकार्य निर्विघ्न समाप्त गर्ने र चिताएको फल प्राप्त गर्ने उद्देश्यले मङ्गलगीतका रूपमा नारीहरूद्वारा भुनभुनावटका छाँटमा लामो भाकामा लेग्रो तानेर गाइने गीत मागल हो ।

## ५.२ मागलगीतको ऐतिहासिकता

संस्कृतको मङ्गल शव्दबाट परिवर्तन हुँदै नेपालीमा मागल शब्द आएको हो । यसको अर्थ शुभ भन्ने हुन्छ । मानवका सोह्रसंस्कार (मृत्यु बाहेक) मा गाइने हुनाले यसको नाम मागल रहन गएको हो । हिन्दूधर्ममा मागलगीतको चलन पहिलेदेखि चल्दै आएको हो भन्ने गरिन्छ । यसको सुरुआत कहिलेदेखि भयो भन्ने यकिन नभए पनि परम्परादेखि भएको हो भन्ने गरिन्छ ।

अछामी समाजमा पनि यसलाई पहिले देखि नै महिलाहरूद्वारा गाइँदै आइरहेको पाइन्छ । विवाह, व्रतबन्धजस्ता शुभसंस्कारहरूमा मागलगीत गाउने परम्परा आजसम्म पनि रहिरहेको छ । देवीदेवताका मन्दिरहरूमा पनि मागलगीत गाउने प्रचलन रहिआएको पाइन्छ । अछाम जिल्लामा सोह्रसंस्कारहरूमध्ये शुभकार्य गर्दा महिलाहरूले मागलगीत गाउने परम्परा आफ्नै रीतिरिवाज र चालचलनका आधारमा रहिआएको पाइन्छ । कुनै पनि शुभकार्य गर्दा पहिले गणेश भगवान्लाई पुकार्दै मागलगीतको सुरुआत गर्ने गरिन्छ ।

## ५.३ मागलगीतका विशेषताहरू

नेपालका अधिकांश ग्रामीण वासिन्दाहरूले परम्परादेखि गाउँदै र हस्तान्तरण गर्दै आएका लोकसांस्कृतिक गीतहरूका कुनै पनि वस्तु, घटना आदिमा निहित गुण वा दोषको समष्टिगत विशेषतालाई केलाउनु आवश्यक हुन्छ । अछामी भाषिकामा गुन्जिने मागलगीतहरूका पनि आ-आफ्नै विशेषता रहेका छन् । कुनैगीतहरू पुरुषप्रधान र कुनै नारीप्रधान हुन्छन् भने कुनै शुभअवसरमा मात्र गाइने गरिन्छन् त कुनै जुनसुकै अवसरमा गाइने गरिन्छन् । त्यसैले यिनीहरूका आ-आफ्नै विशेषता रहेका हुन्छन् ।

अछामी मागलगीतहरू नारीहरूद्वारा गाइने र मौरीको भुनभुनावटका छाँटले विभिन्न शुभकार्यमा कुनै पनि बाजा वा वाद्ययन्त्रविना नै गाउने गरिन्छन् । अछाममा व्रतबन्ध र विवाहजस्ता शुभकार्यमा मागलहरू गाउने गरिन्छन् । देवीदेवताका मन्दिरमा कुनै पनि फलप्राप्तिका लागि मागलगीत गाउने गरिन्छ । अछामी महिलाहरूले कहिले लामो लय र कहिले छोटो लयका आधारमा मागलगीतहरू गाउँदा ध्वनिको गुञ्जन आउने भएकाले एक किसिमको अर्कै आभास पाइन्छ जुन सरल र सहज हुने गर्दछ ।

### ५.३.१ माङ्गलिक अभिव्यक्ति

अछामी मागलमा मायापिरती, दुःख, व्यथा, वेदना, बिछोड, वियोग आदि भावनात्मक अभिव्यक्ति कम मात्रामा पाइन्छ तर यसको प्रबलता भने पाइँदैन । मागल मङ्गलसूचक भएकाले माङ्गलिक् कार्यमा मात्र प्रस्तुत हुन्छ । कुनै शुभकार्य गर्दा विघ्नबाधा आईनपरोस् भन्ने अभिप्रायले देवीदेवताको शक्तिलाई पुकारिएको भावाभिव्यक्ति मागलमा पाइन्छ । यो एक विशुद्ध अभिव्यक्ति हो ।

[38] b]jsfGt kGt, k"j{jt\, k[i& 18 .

### ५.३.२ लामो ऐतिहासिक पृष्ठभूमि

मागल-गायन परम्परादेखि नै चलिआएको पाइन्छ  र अछामी समाजमा पनि यसको जन्म परापूर्वकालदेखि भएको हो भन्ने मानिएको छ । प्राचीनकालमा यसको गायन शुभसंस्कारका कार्यमा गरिन्थ्यो र हाल आएर पनि माङ्गलिक कार्यमा गाइने गरिन्छ । सामाजिक रीतिरिवाज ऐतिहासिक प्राकृतिक परिवेशलाई अङ्कित गरेर सिर्जनशील भएका मागलगीतहरूले समाजमा प्रभुत्व जमाइरहेका छन् । परम्परित मागलगीतहरूमा श्रुतिमाधुर्य भएर एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै गए पनि लोकगायकको सिर्जनात्मक शक्तिको छनक भने पाइँदैन । त्यसैले यसको प्राचीन पृष्ठभूमि रहेको छ ।

### ५.३.३ सामूहिकता

मागलगीत परम्परादेखि गाइँदै आएको एक सामूहिक विशेषता हो । मागलगीत महिलाहरूका दुई समूहद्वारा गाइने हुँदा यसको आफ्नै विशेषता रहेको छ । अछामी समाजमा मागल गाउँदा एक समूहमा दुईदेखि चार जना महिला र अर्को समूहमा पनि त्यस्तै महिलाहरू हुने हुँदा यो एक व्यक्तिले गाउन नसक्ने भएकाले सामूहिकतालाई यसको एक विशेषता मान्न सकिन्छ ।

### ५.३.४ नारी प्रधानता

कुनै गीतमा पुरुषहरूको तथा कुनैमा पुरुष र महिलाको प्रधानता रहेको हुन्छ भने मागलगीत नारी प्रधान हुने वा नारी मात्रले गाउने हुँदा यसको आफ्नै विशेषता नारी प्रधान हुनु पनि हो । मागलगीत यसैमा दक्षताप्राप्त महिलाहरूले मात्र गाउने चलन अछामी समाजमा रहेको छ । त्यसैले नारीहरूको स्वरमाधुर्य यसको विशिष्ट पक्ष हो ।

### ५.३.५ रचनाकारको अज्ञातता

मागलगीत परम्परादेखि एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा सर्दै आएकाले यसको रचनाकार अज्ञात हुन्छ । श्रुतिपरम्पराअनुसार मागलगीत गाउन जान्ने जोसुकै नारीहरूद्वारा गाइने भएकाले यसको रचनाकार लोकमानस नै हो । त्यसैले मागलगीतको रचना गर्ने व्यक्ति यो नै हो भनेर यकिन गर्न नसकिने हुनाले रचनाकारको अज्ञातता हुनु पनि एक विशेषता हो ।

### ५.३.६ मौखिकता र मौलिकता

लोकसाहित्यका अन्यविधाजस्तै मागलगीत पनि एक प्रकारको मौखिक र मौलिक अभिव्यक्ति हो । मागलगीत परम्परादेखि चल्दै आएको र एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक समुदायबाट अर्को समुदायमा क्रमशः मौखिक अभिव्यक्तिका माध्यमबाट सर्दै आएको मौलिक गीत हो । यो लिखित नभएर मौखिक परम्परामा विश्वास राख्ने लोकगीतको एक भेद हो । त्यसैले मौखिक र मौलिक हुनु पनि यसको एउटा महत्त्वपूर्ण विशेषता मानिन्छ । अछाम जिल्लामा गाइने मागल परम्परादेखि मौखिकता र मौलिकताले गर्दा समाजमा संस्कारका रूपमा रहिआएको छ । यो एक परम्पराबाट अर्को परम्परामा हस्तान्तरित हुँदै गएकाले मागलको मौखिक र मौलिक विशेषता मानिन्छ ।

### ५.३.७ स्थानीयता

प्रत्येक ठाउँमा आफ्नै भाषा/भाषिकामा गाउने चलन हुनु मागलको विशेषता मानिन्छ । अछामी समाजमा स्थानीय भाषामा यसको गायन-प्रक्रिया आफ्नै प्रकारको छ । स्थानीय परिवेश, रीतिरिवाज र संस्कृतिअनुसार आ-आफ्नै प्रकारको मागलगीत गाउने गरिन्छ । मागलगीतहरूमा मानवीय जीवनका तीता/मीठा अनुभव, अनुभूति र अभिव्यक्तिका साथै समाजमा मानिँदै र गरिँदै आएका विभिन्न संस्कार, संस्कृति र समाजका सामाजिक अवस्था धार्मिक विश्वास आदिले स्थान पाएका हुन्छन् । एउटा पुत्रले आमा-बाबुको आज्ञापालनको कर्तव्य तथा सासू-बुहारीको अनमेल अवस्थाको प्रसङ्गजस्ता कुराहरू मागलमा समावेश भएका हुन्छन् । समाजमा देखिने

अनमेल विवाह, असमानता, नारीले भोग्नुपर्ने स्थिति र प्रताडना, युगको विश्वास, ईश्वरप्रतिको आस्था, आपसी मेलमिलाप, समाजमा धर्मप्रतिको विश्वासमा निहित भएर व्यक्तिले गर्नुपर्ने कर्तव्यजस्ता कार्यमा कुनै विघ्नबाधा नहोस् भन्ने हेतुले मागलगीत गाउने गरिन्छ । अछामी समाजमा विभिन्न कार्यमा गाइने शुभगीतमध्ये मागल पुरुष जन्मँदा मात्र गाउने गरिन्छ, भने छोरीको जन्म हुँदाका समयमा छैटी पनि नगर्ने र मागलगीत पनि नगाउने चलन रहेको छ ।

### ५.३.८ सङ्गीतको प्रयोग नहुनु

अछामका कतिपय लोकगीतमा वाद्ययन्त्रको प्रयोग गरिएको पाइन्छ तर मागलगीतमा भने कुनै पनि वाद्ययन्त्रको प्रयोग गरिएको पाइँदैन । वाद्ययन्त्रविना पनि नारीगुन्जित ध्वनिबाट श्रुतिमधुरता वा मिठास उत्पन्न भएको पाइन्छ । प्राय : अपठित र निरक्षर ग्रामीण नारीहरूले गाउने हुनाले मागललाई सरल र सहज रूपमा स्मरण गर्न सकिन्छ  तापनि स्थानीय उपभाषिका बुझ्न भने यस उपभाषिकामा पहुँच नभएकालाई गाह्रो हुन्छ ।

### ५.३.९ पुनरावृत्तिको प्रयोग हुनु

मागलगीतमा कुनै पङ्क्ति पूरै दोहोरिएको पाइन्छ भने कुनैमा एक अंश वा पदसमूहको पुनरावृत्ति भएको पाइन्छ । मागलमा पुनरावृत्ति हुनु पनि एक विशेषता मानिन्छ ।

**जस्तै : क)पङ्क्ति दोहोरिएको मागल**

कालिका मालिका देवी तमि दाइना भया ।
कालिका मालिका देवी तमि दाइना भया ।

**ख) पदसमूह दोहोरिएको मागल**

**अ) देवीसम्बन्धी मागलः**

हाम्री माईका देवीथान, फूलपत्र भरियो रे
फूलपत्र भरियो रे ।

**आ) विवाह अवसरको मागलः**

आओ आओ मेरी पुत्र
आओ आओ जेठा दाज्यू

पहिलो पङ्क्तिमा ‘फूलपत्र भरियो रे’ र दोस्रो पङ्क्तिमा ‘आओ आओ’ पदसमूह दोहोरिएको छ ।

## ५.४ मागलका तत्त्वहरू

मागलका आन्तरिक र बाह्य बनोटसँग सम्बन्धित तत्त्वहरू नै संरचनागत तत्त्वहरू हुन् । स्थायी र अन्तरा, लय, गेयात्मकता, भाषा, भाव आदि मागलका तत्त्वहरू हुन् । लय, भाव आदि जस्ता तत्त्वहरू आन्तरिक र अन्य तत्त्वहरू बाह्यअन्तर्गत पर्दछन् । तिनीहरू यस प्रकार रहेका छन् :

### ५.४.१ लय वा भाका

लय वा भाका भनेको मागलगीतको स्वरगठन हो । लय जुनसुकै गीतको पनि प्रमुख तत्त्व भएकाले मागलको पनि प्रमुख तत्त्व हो । यसले ध्वनिको मात्रा र क्रम निर्धारण गर्ने, आन्तरिक सङ्गीत निर्माण गर्ने तथा गीतको शैली निर्धारण गर्ने काम गर्छ । गीत गाउने शैली नै भाका हो । भाव वा विचारलाई अभिव्यक्त गर्ने र सम्प्रेषण गर्ने काम लयमा आबद्ध पदावलीले गर्दछ । जस्तै :

एकु मेलो गौचरन एक मेलो हरियो रे
एक मेलो हरियो रे ।
हाम्री माईका देवीथान धजाले भरियो रे
धजाले भरियो रे ।

### ५.४.२ स्थायी र अन्तरा

मागलको प्रथम पङ्क्तिलाई स्थायी भनिन्छ । यो प्रायः हरेक पटक दोहोरिन्छ । अन्तरा भनेको स्थायी भावलाई अगाडि बढाउन र मागलको मर्म स्पष्ट पार्न आउने तत्त्व हो ।

जस्तै :

लेककी निङाली सासू कति पात्या
सासू कति पात्या ?
लेककी निङाली बउअ दुमै पात्या,
बउअ दुमै पात्या ।

पंवा फूलका पदम फूलका पउलाउ ।
भोलीका यो तान प्रभु काँ होउलाउ ?
पंवा फूलका पदम फूलका पउलाउ ।
भोलीका यो तान साचुला होउलाउ ।

### ५.४.३ भाषा

भाषा मागल लगायतका लोकगीतको संरचनाको एक महत्त्वपूर्ण तत्त्वहो । अछामी मागलगीतमा स्थानीय भाषिका रहने गर्दछ । यसलाई अछामी उपभाषिका वा ओरपच्छिमा भाषिका भनिन्छ । स्थानीय भाषीले मात्र त्यो ठाउँको मागलगीत गाउँछ र बुझ्न सक्दछ । अन्य व्यक्तिको लागि त्यो कठिन हुनसक्छ । तलका पङ्क्तिमा अछामी भाषिकाको प्रयोगलाई देख्न सकिन्छ :

कालिका मालिका देवीऔ तमि दाइना भया
नवदुर्गा भवानी तमि दाइना भया ।

यस पङक्तिमा तमि→तपाईं, दाइना → दाहिने, भया →भए आदिमा तमि, दाइना, भया आदि अछामी भाषिकाका शब्दहरू हुन् ।

### ५.४.४ भाव

भाव मागलगीतको प्राण हो । कुनै पनि मागल भावविनाको हुन असम्भव हुन्छ । मागलमा प्रेम, उत्साह, विरहजस्ता विषयगत भावहरू रहेका हुन्छन् । जस्तै :

क) **प्रेम वा करुण भाव :**

सात्या सङ्गी निको भलो मान्या
हामी जान्छौं आफ्नाई घर ।

ख) **भक्तिभावः**

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होउलाउ ?

### ५.४.५ गेयात्मकता

लोकगीतहरू गीतका रूपमा गाइने हुनाले गेयात्मकता भएझैँ मागलगीत पनि गीतका रूपमा गाइने हुनाले गेयात्मकता हुनु यसको एक तत्त्व हो । व्रतवन्ध, विवाहजस्ता संस्कारमा मागलगीतहरू गाएर अभिव्यक्त गर्ने चलन छ । यसका साथै देवीदेवतासम्बन्धी मागलमा पनि गेयात्मकता पाइन्छ, त्यसैले सम्पूर्ण माङ्गलिक कार्यहरूमा मागलगीत महिलाहरूद्वारा गाइने परिपाटी रहेको छ ।

### ५.४.६ कथनपद्धति

कथनपद्धति भनेको कथ्ने वा भन्ने तरिका हो । मागलगीतमा घटना, स्थान, व्यक्ति आदिलाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नुपनि कथनपद्धति नै हो । प्रायः व्रतबन्ध, विवाहसंस्कारमा गाइने मागलमा श्रृङ्खलाबद्ध घटना, स्थान प्रस्तुत भएको हुन्छ । विवाहमा दाउरा काट्दा, चिउरा कुट्दा, तेल पेल्दा, बालो खेलाउँदा, दुलाहा जन्ती प्रस्थान गर्दा, जन्ती फर्किंदा आदि घटनाको श्रृङ्खलाबद्ध प्रस्तुति भएको पाइन्छ ।

## ५.५ मागलको महत्त्व

मागलले ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, बौद्धिक, भाषिकपक्ष आदिको यथार्थ चित्रण गर्ने हुनाले यसको महत्त्वपूर्ण स्थान रहेको छ ।

### ५.५.१ ऐतिहासिक महत्त्व

मागलमा समाजको संस्कृति र संस्कारको ऐतिहासिक महत्त्व रहेको हुन्छ । हिन्दूपरम्पराअनुसार विभिन्न लोकगीतको ऐतिहासिक महत्त्व रहेजस्तै मागलगीतको प्राचीन ऐतिहासिक महत्त्व रहेको छ । परापूर्वकालदेखि नै मागलगीत गायन परम्पराबाट अगाडि सर्दै आजसम्म आइपुगेको छ । जन्मसंस्कार, व्रतबन्धसंस्कार र विवाहसंस्कार पहिलेदेखि नै गरिँदै आएको र त्यसमा मागलगीतहरू गाउने परम्परा रहेको छ ।

### ५.५.२ सांस्कृतिक महत्त्व

हिन्दूसमाजमा मागलगीतका रूपमा व्रतबन्धसंस्कार, विवाहसंस्कारजस्ता शुभकार्यमा महिलाहरूले गायन प्रक्रियाद्वारा त्यहाँको संस्कृतिलाई पनि झल्काएका हुन्छन् । लोकसंस्कृतिको रूपरेखा, सामाजिक रूपरेखाजस्ता महत्त्वपूर्ण पक्षहरूमा सांस्कृतिक महत्त्व रहेको छ । व्रतबन्ध गर्दा कपाल खौरिने, जनै पहिराउने, उपटन लगाउने, विवाह गर्दा तेल पेल्ने, लुगासिलाउने, दाउरा काट्ने, चिउरा कुट्ने जस्ता कार्यहरूमा मागलगीतका माध्यमद्वारा त्यहाँको संस्कृति पक्षको झल्को समेटिएको पाइन्छ ।

### ५.५.३ भौगोलिक महत्त्व

नेपाल भौगोलिक दृष्टिकोणले हिमाल, पहाड र तराईका साथै कर्णाली प्रदेश, गण्डकी प्रदेश र कोशी प्रदेशमा विभाजित छ । मागल कर्णाली प्रदेशको एक विकट पहाडी जिल्ला अछाममा विभिन्न शुभकार्यका अवसरमा गाउने गरिन्छ । त्यहाँको जनजीवनसँग सम्बन्धित मागलगीतहरू गाउने क्रममा भूगोलले पनि महत्त्व पाएको छ । यहाँका नदीनाला, वनस्पति, खाद्यान्न, तीर्थस्थल आदिको वर्णन मागलमा गरिएको छ ।

### ५.५.४ भाषिक महत्त्व

मागलगीतको भाषिक महत्त्व रहेको छ । अछाममा नेपाली भाषाको स्थानीय भाषिका साथै अन्य भाषिकाहरूको प्रभाव पनि पाइन्छ । स्थानीय भाषिकामा ओरपच्छिमा भाषिकाको प्रयोग भएको पाइन्छ भने पूर्वी क्षेत्रका केही गाउँहरूमा केन्द्रीय भाषिकाअन्तर्गतको खसानी भाषिकाको र पश्चिमतिर माझाली भाषिकाको प्रभाव रहेको पाइन्छ ।

### ५.५.५ सामाजिक महत्त्व

विभिन्न लोकगीतहरू समाजका साझा सम्पत्ति हुन् । त्यस्तै मागलगीत पनि समाजविना गाउन नसकिने गीत हो । मागलगीत विभिन्न शुभसंस्कारका अवसरमा गाइन्छ । संस्कारहरूको प्रचलन रहेन भने मागलगीतको गायन प्रक्रिया लोप हुनसक्छ । त्यसैले समाजविना मागलगीत गाउन नसकिने र नसुहाउँदो किसिमको हुन्छ । कुनै पनि शुभकार्य गर्न व्यक्तिहरूको खाँचो पर्दछ । त्यसैले मागलगीतमा पनि समाजको आवश्यकता पर्ने हुनाले यसको सामाजिक महत्त्व रहेको छ । समाजको रुचि आकर्षण गर्न सक्ने भएकाले नै मागललाई समाजले संरक्षण र संबर्द्धन गर्दै आएको छ ।

### ५.५.६ साहित्यिक महत्त्व

लोकसाहित्यका विभिन्न भेदहरूमध्ये लोकगीत एउटा प्रमुख विधा हो जसमध्ये विभिन्न शुभसंस्कारहरूमा गाइने परम्परा भएको मागलगीत पनि पर्दछ । मागलमा साहित्यका विभिन्न पाटाहरू पर्दछन् जुन समाजका लागि महत्त्वपूर्ण मानिन्छन् । मागलगीतले समाजका लागि केही न केही भूमिका खेलेको पाइन्छ । समाजको हाँसो, आँसु, रोदन आदिको अभिव्यक्ति लोकसाहित्यमा पाइन्छ भने मागलमा भक्ति, प्रेम, वियोग, करुणा आदिका अभिव्यक्तिहरू प्रकट भएका पाइन्छन् । लयात्मक, श्रुतिमाधुर्य, शाब्दिक कोमलता आदि पनि मागलका साहित्यिक विशेषता हुन् ।

### ५.५.७ धार्मिक महत्त्व

नेपाल हिन्दूपरम्परा भएको राष्ट्र भएकाले यहाँका लोकगीतहरू प्रायः धर्ममा आधारित हुन्छन् । देवीदेवताको आराधना, दीपपूजा, कलशपूजाजस्ता अवसरमा मागलगीतहरू गाउने परम्परा रहेकाले धार्मिक महत्त्व रहेको छ । विभिन्न किसिमका तेत्तीसकोटी देवीदेवता भएको पहाडी जिल्ला अछाममा पनि मष्टा, बन्डाली, कालिका, मालिका, जालपा, षोडशा, त्रिपुरासुन्दरी, नन्दामाता, दुर्गाभवानीजस्ता देवीदेवताका मागलहरू गाइन्छन् ।

## ५.६ विभिन्न आधारमा मागलको विश्लेषण

अछामी मागलको संस्कारका आधारमा, विषयवस्तुका आधारमा, स्वरूपका आधारमा, लयका आधारमा, भाषाका आधारमा र साहित्यिक विशेषताका आधारमा विश्लेषण गर्न सकिन्छ :

### ५.६.१ संस्कारका आधारमा मागलको विश्लेषण

मानवका सोह्रसंस्कारमध्ये जन्मसंस्कार, व्रतबन्धसंस्कार, विवाहसंस्कारजस्ता शुभकार्यका अवसरमा अछामी समाजमा मागलगीत गाउने चलन छ । दुई वा दुईभन्दा बढी एउटा समूहमा र अर्को समूहमा पनि त्यति नै महिलाहरूद्वारा माङ्गलिक अवसरमा विभिन्न संस्कारहरूका मागलगीत गाइने गरिन्छन् । कुनै पनि थालनी गरेको काममा विघ्नबाधा नहोस् भन्नाका लागि देवीदेवताको आराधना वा स्तुति गरिन्छ । कुनै पनि कार्यको थालनी गर्दा सर्वप्रथम गणेश

भगवानलाई पुकारिन्छ त्यसपछि दीपपूजा गरिन्छ । अछामका शक्तिशाली देवीदेवताको आराधनाका साथै जन्मभूमिलाई पनि पुकारिन्छ ।

जन्मसंस्कारमा बालकको जन्म हुँदा खुसीयाली मनाउँदै नाचगान गर्ने गर्दछन् । बालकका घरमा गएर उसका बाबुलाई बधाइ दिने परिपाटी रहेको छ । सुत्केरी आइमाईलाई दशदिनसम्म अलग्गै कोठामा राखिन्छ, एघारौँ दिनमा सुत्केरी आईमाईलाई चोख्याई सम्पूर्ण परिवारसमान मानिने गरिन्छ । त्यसपछि छैँटी गर्ने दिनमा गुरुपुरोहितहरूद्वारा शुभमुहूर्तमा बालकको नाम राखिन्छ । दमाईहरूलाई बोलाएर दमाहा, झ्याली, नरसिंहा बजाएर नाच्ने, मनोरञ्जनजस्ता क्रियाकलाप गर्ने र महिलाहरूद्वारा रत्यौलीका साथै मागलगीत गाउने परम्परा रहेको छ । त्यसपछि मीठा-मीठा परिकार वा खानेकुरा बनाई गाउँघरका परिवार, मान्यजन तथा इष्टमित्रहरूलाई बोलाएर खुवाउने चलन रहेको छ । अन्य सबैले बालकका बाबुलाई टीका लगाई, आशीर्वाद दिई बालकको भविष्यप्रति शुभकामना व्यक्त गर्ने परिपाटी रहेको छ । छैँटीकर्म बच्चा जन्मेको छ दिनमा गर्ने चलन छ तर बालिका जन्मेमा छैँटी गर्ने चलन रहेको पाईँदैन ।

अछामी समाजको अर्को संस्कार व्रतबन्धसंस्कार पनि हो । गुरु पुरोहितद्वारा शुभसाइत हेर्दै कर्मकाण्डविधिद्वारा बालकको व्रतबन्ध गराउने चलन छ । व्रतबन्धका दिन कपाल खौरिने चलन पनि छ । त्यसपछि सफागरी नुहाइसकेपछि बेसार र तोरी पिसेर भाउजू, फुपू आदि आइमाई मानिसद्वारा बालकको शरीरभरि उपटन र हलेदी लगाउने गरिन्छ । हलेदाले त्यो बालक मोटो घाटो हुने, बोक्सी नलाग्ने र भविष्य पनि राम्रो हुने विश्वास अछामी समाजमा व्याप्त छ । वास्तवमा त्यस दिन त्यो व्यक्तिका लागि हलेदा र तोरीको चाडपर्वजस्तै हुने कुरा बताइएको छ । दिदीबहिनीद्वारा दूबो टिपेर लगाइने र मण्डपमा माला बनाएर पठाउने गरिन्छ । त्यसपछि त्यो बालकलाई नुहाइदिने परम्परा रहेको छ । व्रतबन्धमा एउटा पहेँलो बस्त्रको झोली र मेखला बनाइदिने त्यसपछि त्यो बालकलाई भिक्षा माग्नका लागि मण्डपबाट बाहिर पठाउने गरिन्छ । टिमुरको लठ्ठीका साथै हातमा कमण्डलुजस्तै बनाएर बालकलाई विदेश पठाइएको अभिनय गर्न लगाइन्छ । त्यो बालकले सबैसँग भिक्षामाग्ने गर्दछ । कसैले पाथी र कसैले माना भरी त्यो झोलीमा हालिदिने चलन रहेको छ । त्यसपछि माग्ल्यारीले मागलगीत गाउने र ब्राम्हणले पूजा गर्दै मन्त्र पढ्ने गर्दछन् । मुख्यगरी व्रतबन्धसंस्कार ब्राम्हण र छेत्रीहरूमा बढीजसो पाइन्छ । मतवालीहरूलाई जनै नपहिराउने गरिएको पाइन्छ । मनुस्मृतिमा उल्लेख गरिएअनुसार ब्राम्हणको व्रतबन्ध आठ वर्षमा गर्नुपर्ने सामाजिक मान्यता रहिआएको थियो तर वर्तमान अवस्थामा समाज परिवर्तन भएकाले सामाजिक मूल्य र मान्यताहरू पनि परिवर्तनशील रहेका छन् । त्यसैले आजभोलिको शिक्षित समाजमा केही परिवर्तन भएको र जतिखेर मन लाग्यो त्यतिखेर नै व्रतबन्ध गर्ने परिपाटी रहेको छ । अछामी समाजमा भिक्षा दिँदाको मागल महत्त्वपूर्ण मानिन्छ ।

संस्कारसम्बन्धी मागलहरूमध्ये विवाहसंस्कार हिन्दूधर्मपरम्पराको मुख्य संस्कार हो । विवाह दुई आत्माको मिलन हो जुन जीवनभर एकपटक मात्र गरिने संस्कार हो । सुदूरपश्चिमका बझाङ, बाजुरा आदि जिल्लामा अन्य संस्कारका मागलहरू घट्दै गइरहेका भए पनि विवाहसंस्कारमा गाइने मागलहरू निकै प्रचलित रहेका छन् । अछामी विवाहसंस्कारमा मागल गाउँदा विवाहको प्रारम्भका दिन दाउरा काट्ने, वरबधूका लुगा सिलाउने, कोलमा गएर तेल पेल्ने, चिउरा कुट्ने आदि कामदेखि विवाहको अन्तिम दिन चउथी (चतुर्थी) कर्मसम्म मागलगीत गाउने गरिन्छ । विवाहसंस्कार संसारभरि प्रचलित भए पनि यसलाई विभिन्न क्षेत्र वा ठाउँमा भाषा, संस्कृति र समुदायअनुसार विभिन्न किसिमले गरिने प्रचलन रहेको छ । अछामी समाजमा विशेष गरेर कन्यालाई कन्याका बुबाबाट मन्जुरी गरी मागेर विवाह गर्ने परम्परा रहेको छ । मन्जुर भइसकेपछि कन्या र वरको जन्मकुण्डली मिलाएर शुभमहिनामा, शुभदिनमा, शुभमुहूर्तमा कर्मकाण्डविधिअनुसार वरको घरमा ब्राम्हण-पुरोहित बोलाएर मण्डप तयार गरी

कुलदेवता, नवग्रह, गणेश, कलश र दीपका साथै तेत्तीसकोटी देवताको नाम सम्झँदै पूजा गर्ने परिपाटी रहेको छ । यसरी पूजा गर्दा पूजाविधिअनुसार विभिन्न देवीदेवताका नामसहित नेपाली नारीहरूले मागलगीत गाउने गर्दछन् । विवाहमा पञ्चैबाजाका साथ सम्पूर्ण गाउँले, इष्टमित्र, दुलहीका घरमा गएर दुलाहा-दुलहीको विवाह गरेर भोलिपल्ट दुलहीलाई ल्याएर दुलाहाको घरमा आउने चलन छ ।

अछामी समाजमा विवाह गर्दा प्रारम्भदेखि अन्त्यसम्ममा नै शुभगीतका रूपमा मागलगीत गाउने गरिन्छ । अछामी समाजमा दाउरा ल्याउँदा, दुलाहा-दुलहीका घर जाँदा, दुलही-दुलाहाको घरमा आउँदा र वधूप्रवेशको समयमा मागलगीत गाउने परम्परा रहेको छ । दुलाहाको घरमा लगनका अवसरमा र दियो जलाउने समयमा मागलगीत गाउँदै सर्वप्रथम दियाको जन्मस्थान कहाँ हो भनी प्रश्न गरिन्छ र त्यसपछि प्रश्नको उत्तरमा सुनारगाउँ दियाको जन्म भएको हो भन्ने गरिन्छ । त्यसपछि दियाको बस्ने ठाउँ कहाँ हो भनी प्रश्न गर्दा दियाको बस्ने (जल्ने) ठाउँ पाँड (घरको माथिल्लो तला) र मुज्याली (मुख्यकोठा) मा हो भन्ने उत्तर दिइन्छ । यसप्रकारको मागलगीतको नमूना यसप्रकार रहेको छ :

कहाँ भयो दियाडिको जरम माउलो ?
सुनारबाडा दियाडिको भयो जरम माउलो ।२।
कहाँ भयो दियाडिको रजाइ थानको ?
पाँडै र मुज्यालीमा भयो रजाइ थानको ।२।

दुलाहाका बुबाले आर्जन गरेको र दुलाहाकी आमाले साँचिराखेको कुरा उल्लेख गरिएको छ । त्यसपछि जोइसीज्यू शुभदिनु लगन भनेर कालिका-मालिका लगायतका सम्पूर्ण देवीहरूलाई तपाइँ दुलाहाको दाहिने भएर खुसी भई सधैँ बसिराख्नु भनिएको पाइन्छ । दुलाहालाई जीवनभर केही दुःख नहोस्, कतै हिँड्दा खुट्टामा ठेस नलागोस् भन्दै दीपपूजा गर्दै माग्ल्यारीहरूले मागलगीत गाउने गर्दछन् । अछामी समाजमा विवाहका अवसरमा कलशपूजा गर्दै मागलगीत गाउने चलन रहेको छ । नारीहरूले कालिका-मालिका देवीलाई सधैँ दुलाहाको दाहिने भई रहन आराधना गर्दै मागलगीत गाउने गर्दछन् । अछामी देवीदेवताहरू हाँसुल्ला, साँचुल्ला, नन्दामाता, जाल्पा, त्रिपुरासुन्दरी आदि देवीदेवताको स्तुति गर्दै शुभदिन हेर्ने ब्राम्हणलाई पनि सधैँ दाहिने रहिरहन आग्रह गरिन्छ । भरीकलश, पञ्चपाण्डव, सगुन, रातापहैँला, अक्षता, माट्याभूमि ( जन्मभूमि), सबै दाहिने हुन र खुसी रहन प्रार्थना गर्दै मागलगीत गाउने परम्परा रहेको छ । विवाहमा जन्ती पठाउँदा आमाले छोरालाई आफ्नो दूध चुसाउँदै तत्पश्चात् आमाबाट अलग भएको कुरा उल्लेख गर्ने र नारीहरूद्वारा मागलगीत गाउने चलन छ । आमा र काकीहरूले साँचिराखेको सम्पूर्ण सामग्री तयार पारी लगन सुरु भएको मागलद्वारा जानकारी गराइएको पाइन्छ । आमाले दश महिनासम्म गर्भमा राखेको र दशधारा दूध खुवाएर हुर्काएको छोरा आफूबाट बिदाइ भएको र बालक नभएर ठूलो भइसकेको अवस्थाको वर्णन गर्दै महिलाहरूद्वारा करुणभावमा मागलगीत गाउने गरिन्छ :

आओ आओ देव देवर बिदा देओ
दशधारी दूध खाओ
आओ आओ मेरी पुत्र ।

अछामी समाजमा बालो खेलाउने परम्परा अन्य ठाउँको भन्दा भिन्नै किसिमको रहेको छ । अछाममा विवाहको अवसरमा जन्ती दुलही ल्याउन जाँदको बेलुकीपल्ट दुलाहाको घरमा बालो खेलाउने चलन छ । कूचामा कपडा बेरेर सानो बालकको स्वरूप बनाएर खेलाउने गरिन्छ । जसरी बालक जन्मँदा उसलाई दूध चुसाउँछन् त्यसरी नै त्यो बालकलाई बुहारी वा आमा बनेर दूध चुसाउने परम्परा रहिआएको छ । त्यस अवसरमा एक समूहमा सासू र अर्को समूहमा बुहारी भई मागल गाउँदै बालो खेलाउने चलन अछाममा प्रचलित छ । अन्य महिलाहरूले

बाहिर आँगनमा रत्यौली खेलेर हर्षोल्लास मनाउने गर्दछन् । यो रत्यौली खेल दुलही लिएर आएको दिन र अर्को दिन माइतीपट्टिका तथा पोइलीपट्टिका लोग्ने मानिस र आइमाई मानिसका बीच घमासान रत्यौली खेल्ने प्रचलन रहेको छ । बालकलाई पलाउन, कोपिलाउन लागेको निङालोसँग तुलना गर्दै बुहारीले प्रश्नोत्तरका माध्यमद्वारा 'मेरो बालो कति पात्या' भन्दै सासूसँग प्रश्न गर्छिन् र सासूले पनि 'तेरो बालो एक पात्या, .... देखि दश पात्या' भन्दै उत्तर दिने गर्छिन् । दुलाहालाई दश महिनाको दूधे बालकझैँ मान्ने गरिन्छ । फेरि कूचाको बालो बनाई एक जना सासू र एकजना बुहारीको प्रश्नोत्तरका माध्यमद्वारा मागलगीत गाउने गरिन्छ । बुहारी (आमा) ले 'मेरो बालो कति माँस्या' भन्दै प्रश्न गर्छिन् भने सासूले 'तेरो बालो एक माँस्या ...दशमाँस्या' भन्दै उत्तर दिन्छिन् । यसरी अछामी समाजमा बिहेको साँझपख सासू र बुहारीको मागलमा प्रश्नोत्तरका माध्यमद्वारा बालकको दश महिनाको बाल्यकालको स्मरण गर्दै कूचालाई बालो (बालक) को अभिनय बनाएर बुहारी (आमा) द्वारा स्तनपान गराइन्छ ।

विवाहको अवसरमा दुलही माइतीघरबाट बिदा हुँदा पनि मागलगीत गाउने गरिन्छ । दुलहीले अब आफू जन्मेको ठाउँ छोड्नुपर्दाको अवस्थामा सारा माइतीतर्फका व्यक्तिहरू रुने गर्दछन् । धेरै दिन माइतीघरमा साथीहरूसँगै हुर्किएकी छोरी आज पराईघर जाने अवस्थाका पीडालाई पनि मागलगीतद्वारा अभिव्यक्त गरिएको हुन्छ । छोरीद्वारा आफ्नी भाउजूसँग बिदाइ हुँदा एकमाना फाँको (भोक लाग्दा खाने खाजा) भए पनि दिन आग्रह गरिन्छ, दाजुलाई आफ्नो घर पुऱ्याउनका लागि आग्रह गरिएको हुन्छ ।

आओ आओ जेठा दाज्यू  
आओ आओ जेठी बउजु, अछेता लाओ ।  
एकैमाना फाँको देओ  
जाओ जाओ जेठा दाज्यू  
हाम्रो घर पुऱ्याइ आओ ।

त्यस्तै गरी कान्छीआमा र काकीसँग अक्षता लाउन आग्रह गरी बुबासँग दाइजो माग्ने चलन अछामी समाजमा रहेको छ । साथीसङ्गीलाई राम्रो मान्नु, भलो मान्नु भन्दै बिदाइ गर्दै दुलहीलाई पोइलीघरमा प्रस्थान गराइन्छ । दुलही पोइलीघरमा वा घरभित्र पस्नुलाई यहाँको भाषामा घरपैँसो भन्ने गरिन्छ । दुलहीलाई मुख्य ढोकाबाट घरभित्र प्रवेश गराउँदा मागल गाउने गरिन्छ । पञ्चदेव, पञ्चकलश आदिलाई दाहिने भए भनी मागलगीत गाइन्छ । जन्ती, मुड्यौला, साथी सङ्गिनी, सात बहिनी मालिकादेवी, माट्याभूमि, बन्डाली देवता, कुलदेवताको आराधना गरी सधैँ दाहिने रहन भनी आग्रह गर्दै मागलगीत गाउने गरिन्छ । त्यसपछि जन्तीहरू, इष्टमित्र र सम्पूर्ण परिवारहरूलाई अक्षता लगाएर खाना खुवाउँदै रत्यौली खेल्ने चलन रहेको छ ।

## ५.६.२ विषयवस्तुका आधारमा मागलको विश्लेषण

अछामी मागलगीतलाई धार्मिक, सांस्कृतिक, देवीदेवता आदि विषयवस्तुका आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ५.६.२.१ धार्मिक दृष्टिकोणले विश्लेषण

अछाम जिल्लाका अधिकांश मानिसहरू हिन्दूधर्ममा आस्था राख्दछन् । त्यसैले होला अछामी मागल, भजन आदि हिन्दूधर्ममा आधारित रहेका छन् । अछामी संस्कारका हरेकक्षेत्र र कर्ममा मागलको प्रधानता रहेको पाइन्छ । हिन्दूधर्ममा देवीदेवताको पूजाआराधना गरिन्छ । अछामी समाजमा पनि देवीदेवताको पूजा गर्दै मागलगीत गाउने परम्परा रहेको छ । कलशपूजा, दीपपूजा आदिमा हिन्दूपरम्पराअनुसार मागलगीत गाउने गरिन्छ । हिन्दूधर्ममा धर्म गरे स्वर्ग र पाप गरे नरकमा गइन्छ भन्ने धार्मिक विश्वास रहेको छ । विवाह, व्रतबन्धजस्ता संस्कारहरूमा पनि धार्मिक बाहुल्य रहेको पाइन्छ । यस समाजमा व्रतबन्धमा कपाल खौरिने, आठवर्षको उमेरमा व्रतबन्ध गर्ने, शुभमुहूर्त हेरेर शुभलग्नमा विवाहजस्ता कार्यहरू गर्ने परम्परा रहेको छ । जे होस् यहाँका मानिसहरू

धर्मप्रति विश्वास राख्दछन् । ब्राम्हणहरू अर्काले छोएको नखाने, पूजापाठ जस्ता क्रियाकलापहरू गर्ने गर्दछन् ।

अछामी मागलगीतहरू धार्मिक विषयवस्तुसँग सम्बन्धित हुन्छन् । अछामका हरेकक्षेत्रमा तुलसीपूजा, सत्यनारायणपूजा, रुद्राभिषेक, सप्ताह आदिको प्रधानता रहेकाले धार्मिक दृष्टिकोणले ती महत्त्वपूर्ण मानिन्छन् । कुनै कार्य गर्दा विघ्नबाधा नआइपरोस् भन्नाका लागि माङ्गलिक कार्यमा मागलगीतको गायनप्रक्रिया प्रचलनमा रहेको पाइन्छ । यस अवसरमा ब्राम्हणहरूले वैदिकमन्त्र उच्चारण गर्दै सो कार्य सफलताका साथ सम्पन्न होस् भन्ने मङ्गलमयको कामना गर्दछन् । यस अवसरमा दीपपूजा, गणेशपूजा र कलशपूजा गर्दा महिलाहरूद्वारा मागल गाइने परम्परा रहेको छ । महिलाहरूले मङ्गलाचरणस्वरूप कुनै कार्यको आरम्भमा गाउने मागलगीतका नमुनाहरू यस प्रकार रहेका छन् :-

स्वर्ग जान्या सिँढी मजबुत बनाउनू ।
पूर्व फर्की सुर्जेलाई अर्घ पनि दिनू ॥

यस पङ्क्तिमा हरेक व्यक्तिलाई धर्मकर्ममा प्रवृत्त गराउन अछामी मागलको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । भविष्यका लागि वा स्वर्ग जानका लागि सधैं पूर्वतर्फ फर्केर सूर्यलाई जलधारा दिनुपर्छ अनि मात्र स्वर्गका लागि बाटो खुल्दछ भन्ने धार्मिक विश्वास रहेको छ ।

नागालाई बस्तर तिर्खाउन्यालाई पानी ।
परदेशीलाई बास दिनु ज्ञानले जानी ।

यस पङ्क्तिमा नाङ्गा मानिसलाई लुगाकपडा, तिर्खाएको मानिसलाई पानी र परदेशीलाई बास दिनुपर्छ भन्ने धार्मिक भावना रहेको छ ।

तुलछीकी बिडुवा आँगनमा लाउनू ।
चोखीनीति जलधारा आरती गाउनू ॥
तुलछीकी बिडुवा हुनिन् जस्का घर ।
पापै र जमदूत भाग्दै जान्छन् पर ॥

यी माथिका पङक्तिमा तुलसी विरुवाको महत्त्वका बारेमा उल्लेख गरिएको छ । तुलसीको विरुवा विभिन्न रोगको औषधि हुने भएकाले यसको विरुवा आँगनमा लगाएर चोखो भएर पानीले सेचन गरी आरती गाएपछि मात्र धर्म कमाइन्छ भन्ने मान्यता रहेको छ । जसका घरमा तुलसीका विरुवा रोपिएका हुन्छन् उसका घरबाट यमदूत र पाप भाग्दै जान्छन् भन्ने विश्वास रहेको छ । जसले ज्ञान-ध्यान गर्दछ ऊ स्वर्गमा जान्छ । ज्ञान ध्यान बिर्सने व्यक्ति सधैं नरकमा जान्छ भन्ने कुरामा अछामी समाजको मान्यता रहिआएको छ ।

रुन लाग्या पापीहरू, सम्झ्या तिनले ज्ञान ।
हिँजो गर्‍यौ पाप, आज रुन्छौ क्यान ॥
परम ब्रम्हको हुकुम भयो यस्तै ।
दया छैन प्रभुलाई रोऊ तमि कस्तै ॥

जुन व्यक्तिले यस जुनीमा पाप गर्दछ त्यसले भविष्यमा गएर पछुतो मान्दछ र नरकमा पर्दछ भन्ने कुरा यसमा उल्लेख गरिएको छ । पहिले पाप गर्ने व्यक्तिहरूलाई ब्रह्माजस्ता भगवान्‌हरूले पनि दया नगरेर दण्डित गर्ने र धर्म गर्ने जोसुकैलाई पनि दया गरेर स्वर्गमा लैजाने कुरा उल्लेख गरिएको पाइन्छ । त्यसैले भविष्यमा रुनुभन्दा पहिले नै धर्मकर्ममा विश्वास राख्दै पूजापाठ गर्नुपर्ने मान्यता अछामी समाजमा व्याप्त रहेको छ ।

### ५.६.२.२ देवीदेवतासँगको सम्बन्धका दृष्टिले विश्लेषण

देवीदेवतासँग सम्बन्धित विषयवस्तुमा अछाम जिल्लामा विभिन्न किसिमका मष्टा र बन्डालीजस्ता शक्तिशाली देवताहरू रहेका पाइन्छन् । त्यसैले यहाँ विभिन्न किसिमका देवीदेवताहरूका नाममा पूजाआजा गर्दै मागलगीत गाउने गरिन्छ । देवीदेवताको स्तुति-आराधना गरेपछि सम्पूर्ण इच्छाहरूको पूर्ति हुने कुरामा विश्वास राखेको पाइन्छ । यस्तै देवी वा माईका मन्दिरमा गएर श्रद्धालु भक्तजनहरूले पूजा गर्दै रातीमा जाग्रामका साथ महिलाहरूद्वारा मागलगीत गाइने परम्परा रहेको छ । देवीदेवताका नाम उच्चारण गर्दै शान्तिको कामनाका साथै फलप्राप्तिको चाहना राखिएको पाइन्छ । अछाममा जाल्पा, साँचुल्ला, नन्दमाता, हाँसुल्ला, तितौरा त्रिपुरासुन्दरी, कालिका, मालिका, नवदुर्गा आदि देवीहरूको पूजा आराधना गर्दै मागलगीत गाउने गरिन्छ त्यसले गर्दा सम्पूर्ण चाहना पूरा हुने इच्छा व्यक्त गरिएको पाइन्छ ।

पंवा फूलका पदम फूलका पउलाउ ।
भोलिका यो तान प्रभु काँ होउलाउ ?
पंवा फूलका पदम फूलका पउलाउ ।
भोलिका यो तान प्रभु साँचुला होउलाउ ?

पहिलो पङ्क्तिमा पंवा फूल र पदम फूलका शयनमा बस्ने ईश्वर भोलिका यो समयमा कहाँ हुनुहुन्छ होला भनी प्रश्न सोधिएको छ भने दोस्रो पङ्क्तिमा यस्ता प्रभु भोलिको यो समयमा साँचुलामा हुने कुरा उल्लेख गरिएको छ । यस्तै गरी प्रश्नद्वारा 'भोलिका यो तान प्रभु काँ होउलाउ' भनी प्रश्न सोध्ने गरिन्छ र त्यसको उत्तरमा साँचुल्ला, ननाइथान, पाँचुली, त्रिपुरासुन्दरी, मालिका आदि मन्दिरमा रहने कुरा उल्लेख गरिएको छ ।

यसैगरी देवीहरूप्रति विश्वास राख्दै अछामी समाजमा साँचुल्ला, तितौरा, ननाइथान, मालिका, कालिका, जाल्पाजस्ता मन्दिरहरूमा गएर पूजा-आराधना गर्ने गरिन्छ । देवीहरूलाई खुसी बनाउनका लागि जौ, चामल, अक्षता, फूलपाती आदिले पूजा गर्दै रातीमा जाग्राम बसेर मागलगीतहरू गाउने गरिन्छ ।

एकु मेलो गौचरन एकमेलो हरियो रे ।
एकमेलो हरियो रे ।
हाम्री माईका देवीथान फूलपत्र भरियो रे ।
फूलपत्र भरियो रे

पहिलो पङ्क्तिमा एउटा मैदान गौचरन भएको र अर्को मैदान हरियाली भएको उल्लेख गरिएको छ । दोस्रो पङ्क्तिमा देवीका मन्दिरको वर्णन गरिएको छ । यहाँ फूलपत्र भरिएकाले रमाइलो भएको र सम्पूर्ण भक्तजनहरूलाई आनन्दानुभूति भएको उल्लेख गरिएको छ । यसैगरी अन्य पङ्क्तिमा पनि गौचरन र हरियो मैदानको वर्णन गरिएको तथा त्यस हरियो मैदानको देवीको मन्दिरमा अक्षता, दूध, चामल, चाँदीजस्ता वस्तुले भरिपूर्ण भएको कुरा उल्लेख गरिएको छ ।

अछामी समाजमा विवाहका अवसरमा पनि देवीदेवताको पूजाआराधना गर्दै मागलगीत गाउने गरिएको पाइन्छ । व्रतबन्ध र विवाहसंस्कारमा देवीदेवताको आराधना गर्नाले उक्त कार्यमा कुनै बाधा अड्चन नहुने कुरा तलका पङ्क्तिमा उल्लेख गरिएको छ ।

कालिका मालिका देवीऔ तमि दाइना भया ।
नवदुर्गा भवानीऔ तमि दाइना भया ।
माट्या बन्डालीऔ तमि दाइना भया ।

### ५.६.२.३ सामाजिक दृष्टिकोणले विश्लेषण

हरेक समुदायको आ-आफ्नै सामाजिक सांस्कृतिक मान्यता भएजस्तै अछामी समाजमा पनि आफ्नै रीतिरिवाज र परम्परा रहेको छ । यहाँका प्रत्येक घरमा धार्मिक सांस्कृतिक मान्यताहरूलाई सबैले जोगाइ राख्ने गरेको पाइन्छ । ब्राम्हणहरूद्वारा पूजापाठ गर्ने, तुलसीका मठ बनाएर पूजापाठ गर्ने, हरेक बिहान र साँझका समयमा मन्त्र उच्चारण गर्ने परम्परा रहेको छ । कुनै पनि व्यक्तिको घरमा केही अप्ठ्यारो काम परेमा सम्पूर्ण मानिसहरू जम्मा हुने र उसको काम गरिदिने गर्दछन् । पुरुषहरूले देशविदेश गएर पैसा कमाउने र महिलाहरूले घरको हेरविचार गर्ने परम्परा यस समाजमा व्याप्त छ । यहाँका महिलाहरूले लोकसंस्कृतिको संरक्षण गर्दै मागलगीतहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै गायनका माध्यमले अगाडि बढाएका छन् । प्रत्येक घरका आँगनमा तुलसीको मठ र घरको सबैभन्दा माथिल्लो तलामा देवीदेवताको स्थापना गरेर पूजाआजा गर्ने परिपाटी रहेको छ ।

अछामी समाजमा कुनै व्यक्ति घरबाट बाहिर वा विदेश जाँदा शुभसाइत हेरेर आमा-बाबु तथा ठूला मान्यजनबाट अक्षता लगाइसकेर आशीर्वाद ग्रहण गर्दै हातमा साग लिएर यात्रा गर्ने गरिन्छ । सम्पूर्ण देवीदेवता, माट्याभूमि, कुलदेवताको पूजा गरेमा आफ्नो यात्रा सफल हुने कुरामा समाजले मान्यता राखेको पाइन्छ । देवीदेवताको मन्दिरमा दर्शन गर्नुभन्दा पहिले पूर्वस्नान गरेर आफ्नो घरमा भएका चामल, अक्षता, जौ, तिल, घिउ, ध्वजापताका र मूर्तिजस्ता वस्तुहरूलाई जम्मा गरी मनले एकाग्र चित्त गर्दै प्रस्थान गर्ने परिपाटी रहेको छ ।

व्रतबन्धका अवसरमा कपाल खौरिने, जनै पहिराउने, उपटन लगाउँदा बेसार र तोरी पिसेर बालकको शरीरमा लगाउनेजस्ता कुरामा आफ्नै प्रकारको सामाजिक मान्यता रहेको छ । व्रतबन्ध गर्दा झोली र मेखला पहिराउनु र टिमुरको लट्ठी टेकेर विदेश गएको अभिनय गराउनुजस्ता कार्यले अछामी समाजको सांस्कृतिक पक्षलाई समेट्ने गरेको पाइन्छ । त्यस्तै विवाहका अवसरमा दुलहीका घरमा गएर दुलही माग्नु, शुभसाइत हेरेर बिहेको लगन तयार पार्नुले पनि अछामी संस्कृतिको पहिचान गराउँछ । त्यसपछि लगनको सुरुआतमा पात टिप्न जानु, तेल पेल्नु, दाउरा काट्नु, लुगा सिलाउनु र चिउरा कुट्नुजस्ता कुराले यस समाजको झल्को प्रस्तुत गरेका छन् । अछामी समाजमा दुलाहाले बिहेको दिनमा आमाको स्तनपान गर्नु, त्यसपछि जन्ती प्रस्थान गर्नु र त्यस दिनको साँझ दुलाहाका घरमा मागलगीत गाउँदै अन्य नारीहरूले रत्यौली खेल्नु, दुलहीका घरमा जन्तीहरू जाँदा दहीसागको सगुन खुवाउनु, दुलही बिदा हुँदा मागल गाउनु, साथीसङ्गीहरूले छुट्टिँदाका समयमा पैसा माग्नु (जसलाई अछामी भाषामा सात छडाउनी भनिन्छ) र दुलहीलाई घरमा प्रवेश गराउँदा मागलगीत गाउनुजस्ता कुराहरू प्रचलित रहेका छन् । 'जिउँदाको जन्ती मर्दाको मलामी' भन्ने उखान अछामी समाजमा व्याप्त रहेको छ । त्यसैले अछामी समाजको सामाजिक र सांस्कृतिक पक्षलाई बचाइराख्नुमा महिलाहरूद्वारा गाइने मागलगीतको महत्त्वपूर्ण भूमिका रहेको छ । हरेक समुदायका सामाजिक, सांस्कृतिक पक्षलाई जोगाइराख्नु हामी सबैको कर्तव्य हो ।

### ५.६.२.४ प्रकृतिवर्णनका दृष्टिले विश्लेषण

अछामका मागलगीतमा प्रकृतिसँग सम्बन्धित विषयवस्तुलाई पनि समेटेको पाइन्छ । अछाम गाउँ नै गाउँले भरिएको तथा सुन्दर हरिया फाँट, डाँडाकाँडा, छहराको छङ्छङ् खोलाको कलकल र हावाको सरसरका साथै चराचुरुङ्गीको चिरबिरले गुञ्जायमान र प्रकृतिको स्वच्छ स्पन्दन भएको पहाडी जिल्ला हो । यहाँका महिलाहरूद्वारा गाइने मागलगीतमा पनि प्राकृतिक सौन्दर्य भेटिन्छ । जसरी मौरीहरू भुनभुन गरी फूलैफूल डुलेर मह जम्मा गर्दछन् त्यसरी नै अछामी नारीहरू मौरीको भुनभुनजस्तै लामो लेग्रो तानेर मागलगीतमा ध्वन्यात्मकता र श्रुतिमधुरता ल्याउँछन् ।

अछामी महिलाहरूद्वारा गाइने देवीदेवतासम्बन्धी मागलमा प्रकृतिको वर्णन भेटिन्छ ।

पंवा फूलका पदम फूलका पउलाउ ।
भोलिका यो तान प्रभु काँ होउलाउ ?

यस पङ्क्तिमा पंवा फूल र पदम फूलको बिछ्यौनामा हिँड्ने ईश्वरको वर्णन गरिएको छ । यस्तै फूलैफूलको बगैँचामा रमाउने ईश्वरको बासस्थान प्रत्येक दिन भिन्न हुने कुरा उल्लेख गरिएको छ ।

माईका मन्दिरमा गएर अछामी महिलाहरूले गाउने मागलगीतमा प्राकृतिक विषयवस्तुको वास्तविक चित्रण गरिएको छ । देवीका मन्दिरमा गएर गाइने अछामी मागलगीतको नमुना यसप्रकार रहेको छ :

एकु मेलो गौचरन एकमेलो हरियो रे,
एकमेलो हरियो रे ।
हाम्री माईका देवीथान फूलपत्र भरियो रे,
फूलपत्र भरियो रे ।

उक्त पङ्क्तिमा अछामी देवीहरूका मन्दिरको यथार्थ चित्रण गरिएको पाइन्छ । अछामका डाँडाकाँडाहरू सधैँ हरियाली भएको र देवीहरूको बासस्थान पनि पहाडीक्षेत्र भएकाले वातावरण रमणीय देखिन्छ । उच्च पहाडमा एक मेलो गाईहरूका लागि गौचरन र अर्को मेलो हरियाली भएको कुरा उल्लेख गरिएको छ । त्यसैले हरियाली डाँडामा अवस्थित विभिन्न मन्दिरमा अछामी नरनारीहरू पूजाआराधनाका लागि त्यस ठाउँमा प्रवेश गर्दछन् । त्यस ठाउँमा वर्षको एकपटकमा मात्र दर्शनार्थीहरू पूजा पनि गर्दछन् । त्यसपछि रातीमा जाग्राम बसेर त्यो रमणीय, प्राकृतिक र मनमोहक वातावरणमा मानिसहरू नै आफ्नो मनलाई शान्त पार्दै विभिन्न किसिमका फूलहरूद्वारा शोभायमान मन्दिरबाट बिदाइ हुँदै घरमा प्रस्थान गर्ने गर्दछन् ।

अछाम जिल्लामा विवाहका अवसरमा गाइने मागलमा पनि प्रकृतिको विषयवस्तु समेटिएको पाइन्छ । अछामी महिलाहरूले विवाहको साँझ दुलाहाको घरमा बालो खेलाउने गर्दछन् । बालो खेलाउँदा बालक र निङालाका बीचमा तुलना गरिएको पाइन्छ । मागलमा वर्णन गरिएअनुसार जसरी निङालाका पातहरूमा क्रमशः एक, दुई, ... गरी कोपिला पलाउँदै जान्छ त्यसरी नै बालक पनि एक महिना, दुई महिना ... हुँदै अगाडि बढ्दै जान्छ । बालकको सानो अवस्थादेखि ठूलो हुँदै जाने र निङालाको बोट पनि कोपिलादेखि ठूलो हुँदै अगाडि बढ्दै जाने हुनाले मानिसको जिन्दगीलाई प्रकृतिसँग तुलना गरिएको हो । प्रत्येक मानिस प्रकृतिबाट कहिल्यै पनि विमुख हुनसक्दैन किनभने प्रकृतिबिना मानिस बाँच्न र सास फेर्न सक्दैन । त्यसैले प्रकृति र मानवबीच तादात्म्य सम्बन्ध छ । तलका पङ्क्तिहरूले यही कुराको सङ्केत गर्छन् :-

लेककी निङाली सासू, कति पात्या,
सासू कति पात्या ?
लेककी निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या ।

यहाँ एउटी आइमाई सासू र अर्की आइमाई बुहारीका रूपमा रहेका छन् र प्रश्नोत्तरका माध्यमद्वारा बालकको अवस्थाको वर्णन गरिएको छ । जहाँ लेकमा पाइने निङालाको बोटसँग बालकको कोपिलाउँदो उमेरको वर्णन गर्दै तुलना गरिएको छ । यसमा एक पातदेखि दश पातको र एक महिनादेखि दश महिनासम्मका बालकको अवस्थाको वर्णन गरिएको छ ।

### ५.६.२.५ प्रेमप्रसङ्गका दृष्टिले विश्लेषण

माया-प्रीतिको क्रममा सलल्ल बगेको मागलगीतलाई प्रेम प्रधान मागलगीत भन्न सकिन्छ । अछाम जिल्लाका कतिपय मागलगीतमा मातृप्रेम, भ्रातृत्वप्रेम आदिजस्ता विषयवस्तुमा मानवीय प्रेमको झझल्को पाइन्छ । प्रायजसो अछामी समाजमा विवाहका अवसरमा गाइने मागलगीतमा मानवीय प्रेमको आभास पाइन्छ । जन्ती पठाउँदा आमाले बालक (छोरा) लाई आफ्नो स्तनपान गराई मातृत्व प्रेम दर्साएको पाइन्छ । त्यतिखेर आमाका आँखा खुसीले रसाउने हुँदा आमाले मातृत्व प्रेम प्रकट गरेकी हुन्छिन् । यस अवसरको मागलगीतको नमुना यस प्रकार रहेको छ :

आओ खाओ, दशधारी दूध खाओ
आओ आओ मेरी पुत्र ।

यहाँ आमाले छोराप्रति गर्ने मातृस्नेहका बारेमा उल्लेख गरिएको छ । यसै क्रममा दाजुभाइ र भाउजूद्वारा गरिने भ्रातृत्वप्रेमको चर्चा यसरी गरिएको पाइन्छ :

आओ आओ जेठा दाज्यू
आओ आओ जेठी बउजु
अछेता लाओ ।

छोरीको बिदाइको क्रममा सम्पूर्ण माइतीपट्टिका मानिसहरूका आँखा रसाएका देखिन्छन् । छोरीलाई हुर्काएर ठूली बनाइसकेपछि माइती पक्षबाट बिदा हुँदै ऊ आफ्ना घर जान्छे, त्यसैले आँखामा आँसु खुसीले गर्दा आएका हुन्छन् । यसमा माइती पक्षहरूले छोरीलाई गर्नुपर्ने स्नेहको यथार्थ चित्रण भएको पाइन्छ । छोरीले दुःख नपाओस्, भविष्यमा छोरीको भाग्य सफल होस् भन्ने चाहना सम्पूर्ण माइतीका मनमा प्रकट भएको हुन्छ । दुलही (छोरी) ले बिदा माग्दाको मागलगीतको नमुना यस प्रकार रहेको छ :

आओ आओ जेठा दाज्यू
आओ आओ जेठी बउजु
अछेता लाओ ।
एकै माना फाँको देओ ।

यहाँ दाजु र बहिनीप्रतिको स्नेहको भावना प्रकट गरिएको छ । बहिनीले दाजुभाउजूलाई अक्षता लगाउन, भाउजूलाई केही खानेकुरा (खाजा) दिन र दाजुलाई पोइली घर पुऱ्याउन आग्रह गरेकी छिन्, जहाँ भ्रातृत्वप्रेम प्रकट भएको छ । यसैगरी आफ्ना बुबालाई केही दाइजो दिन भनिएको छ । दाइजो दिने सामग्रीले मातृ-पितृस्नेहलाई सधैँभरि आत्मसात् गरिरहने कुरा स्पष्ट गरिएको छ ।

डाडु ताउला दाइजो माइतो
देओ हाम्रा बुबाउ
हामी जान्छौँ आफ्नाइ घर ।

यसैगरी अछामी समाजमा साथीसङ्गीबाट छुट्टिँदाको पीँडा र उनीहरूप्रतिको प्रेमको दुखेसोलाई यसरी प्रस्तुत गरिएको छ :

सात्या सङ्गी निको भलो मान्या
हामी जान्छौँ आफ्नाइ घर ।

### ५.६.३ स्वरूपका आधारमा मागलको विश्लेषण

प्रत्येक लोकगीतको आ-आफ्नै स्वरूप भएजस्तै अछामी मागलगीतको पनि अन्य क्षेत्रका मागलकोजस्तै स्वरूप रहेको पाइन्छ । स्वरूपले मागलगीतको आकारलाई सङ्केत गर्दछ । स्वरूपका आधारमा मागलगीतलाई दुई वर्गमा राखेर विश्लेषण गर्न सकिन्छ ।

क) छोटा आकारका मागल          ख) लामा आकारका मागल ।

#### ५.६.३.१ छोटा आकारका मागल

छोटो आकारका मागलमा सानो विषयवस्तु समेटिएको हुन्छ । यसको स्वरूप बढीमा एक पृष्ठसम्मको हुन्छ । कलशपूजाको मागल, मङ्गलाचरणको मागल, दियो जलाउँदाको मागल आदि छोटो आकारका मागलअन्तर्गत पर्दछन् ।

**अ) मङ्गलाचरणको मागल**

स्वर्ग जान्या सिँढी मजबुत बनाउनू ।
पूर्व फर्की सुर्जेलाई अर्घ पनि दिनू ।

यस पङ्क्तिमा पहिलोमा पाँचशब्दहरू र दोस्रोमा छ शब्दहरूको संयोजन भएको छ । यहाँ पहिलो पाउ र दोस्रो पाउ मिलेर एउटा श्लोकको आकार निर्माण भएको छ । यस्तै अन्य छ पङ्क्तिमा पनि दुई-दुई पाउको संयोजन भएको छ । त्यसैले यसको स्वरूप छोटो आकारको छ ।

**आ) कलशपूजाको मागल**

कालिका मालिका देवीऔ तमि दाइना भया ।
नवदुर्गा भवानीऔ तमि दाइना भया ॥

यस पङ्क्तिमा दुई पाउको एक श्लोक निर्माण भएको छ । पहिलो पाउमा छ शब्दहरू र दोस्रो पाउमा पाँच शब्दहरूको संयोजनद्वारा यस पङ्क्तिको निर्माण भएको छ । यसैगरी अन्य पङ्क्तिमा पनि दुई-दुई पङ्क्तिहरू र कुनैमा चार पाउद्वारा निर्माण भएको पाइन्छ ।

**इ) दियो जलाउँदाको मागल**

कहाँ भयो दियाडिको जरम माउलो ?
सुनारबाडा दियाडिको भयो जरम माउलो ।

यस पङ्क्तिमा पाँच शब्दहरूद्वारा पहिलो पाउ र दोस्रोमा पनि पाँच शब्दहरूद्वारा संयोजन भएको छ । यसैगरी अन्य चार पङ्क्तिमा पनि शब्दहरूको संयोजन भएको छ । त्यसैले यस्ता मागलहरू गाउँदा थोरै समय लाग्ने गर्दछ ।

#### ५.६.३.२ लामा आकारमा मागल

लामो आकारको मागल गाउँदा समय धेरै लाग्छ । यसमा सूक्ष्म कथानक पनि जोडिएको हुने हुँदा लामो आकारगत मागल एक पृष्ठदेखि माथि हुन्छ । यस अन्तर्गत विवाहका अवसरमा गाइने मागल, देवीदेवतासँग सम्बन्धित मागल आदि पर्दछन् ।

**अ) विवाहका अवसरमा गाइने मागल**

लेककी निङाली सासू कति पात्या,
सासू कति पात्या ?
लेककी निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या ।

यहाँ चार पङक्तिद्वारा एक श्लोकको निर्माण भएको छ । पहिलो पाउ र तेस्रो पाउमा पाँच शब्दहरू तथा दोस्रो र चौथो पाउमा तीन-तीन शब्दहरूद्वारा श्लोकको निर्माण भएको छ । यसैगरी यस अवसरमा गाइने मागलगीतमा बालकको दसौँ महिनासम्मको अवस्था र निङालाका दसौँ पातसम्मको तुलना गरिएको छ । त्यसैले यसमा सूक्ष्म कथानक पनि भेटिन्छ । विवाहका समयमा गाइने मागलको अर्को नमुना यसप्रकार रहेको छ :-

बुबाज्यूले आर्ज्यान उबार्ज्या
जिजाज्यूले साँचीसुची राखिरैछन् ।

यस पङ्क्तिमा पहिलोमा तीन शब्दहरू र दोस्रोमा पनि तीन शब्दहरूद्वारा शब्दको संयोजन भएको छ । विवाहका अवसरमा गाइने मागलमा विवाहको सुरु हुनुपूर्व आमाले आर्ज्याको (आर्जन गरेको) सम्पत्तिको वर्णनदेखि विवाहको अन्त्यसम्मको सूक्ष्म कथानक जोडिएको छ । त्यसैले यस अवसरमा गाउने मागलगीतको आकार पनि लामो रहेको पाइन्छ ।

आओ आओ जेठा दाज्यु
आओ आओ जेठी बउजु
अछेता लाओ

यी पङ्क्तिहरू दुलही माइतीघरबाट बिदा हुँदाको मागलसँग सम्बन्धित रहेका छन् । यस अवसरमा गाइने मागलगीतको स्वरूप पनि एक पृष्ठ भन्दा बढी लामो रहेको छ । तीन/तीन पाउको एक श्लोकको वा गीतको निर्माण भएको छ । यसको अन्तिम पङ्क्ति यस प्रकारको रहेको छ :

हँट हँट काकाज्युऔ
हाम्रो घर हेरियाओ ।

**आ) देवीदेवतासँग सम्बन्धित मागल**

पंवा फूलका पदम फूलका पउलाउ ।
भोलिका यो तान प्रभु काँ होउलाउ ?

यस पङ्क्तिको पहिलो पाउमा पाँच र दोस्रो पाउमा छ शब्दगुच्छहारहरूद्वारा समायोजन गरिएको छ । यस प्रकारका मागलमा चौध श्लोक वा पङक्तिहरू समावेश भएका छन् । प्रत्येक पङ्क्तिमा शब्दयोजन एक रूपले भएको पाइन्छ ।

हाम्री माईका देवीथान अछेता भरियो रे
अछेता भरियो रे ।

यस प्रकारको मागलमा पनि बराबर रूपले शब्दसमायोजन भएको पाइन्छ । यसको स्वरूप सबै ठाउँमा एकनासले रहेको पाइन्छ । यस पङ्क्तिमा पहिलो पाउमा छ र दोस्रो पाउमा तीन शब्दगुच्छहारहरू रहेका छन् ।

## ५.६.४ लय र छन्दका आधारमा मागलको विश्लेषण

### ५.६.४.१ लयका आधारमा विश्लेषण

मागल पद्य र गेय विधा भएकाले लयको स्थान महत्त्वपूर्ण मानिन्छ । लयले गर्दा नै मागलमा श्रुतिमधुरता प्राप्त हुन्छ । मागल गाउँदा कुनैमा लामो समय र कुनैमा छोटो समय

लाग्दछ । त्यसैले लयका आधारमा मागलगीतलाई लामो लय र छोटो लयमा विश्लेषण गर्न सकिन्छ :-

**क) छोटो लय**

कुनै मागलगीत गाउँदा थोरै समय लाग्दछ भने त्यसलाई छोटो लयका मागलमा राख्न सकिन्छ । कुनै मागलगीत छोटो स्वर गरेर गाउन सकिने हुनाले र समयको खर्च पनि कम हुने हुनाले त्यसलाई छोटो लयमा राख्न सकिन्छ । दियो जलाउने, मङ्गलाचरण गर्ने आदि कार्य गर्दा गाइने मागलगीतमा कम समय लाग्ने भएकाले यसमा विश्लेषण गर्न सकिन्छ :

**अ) दियो जलाउँदाको मागल**

कहाँ भयो दियाडिको रजाइ थानको ?
पाँडै र मुज्यालीमा भयो रजाइ थानको
हामी लाइना हामी लाइना पुतका लगन ।

यी मागल गाउँदा कहाँ/भयो/दियाडिको/रजाइथानको । यसरी नै अलग अलग शब्दहरू छोटो लयमा गाउने गरिन्छन् । कहाँ शब्दमा अलिअलि विश्राम हुँदै 'कहाँभयो', 'दियाडि', मा विश्राम गर्दै अन्तिममा /रजाइथानको/ मा अलिकति स्वर लम्ब्याउनु पर्दछ । यसैले यस्ता प्रकारका मागलको गायन प्रक्रियामा छोटो सयम लाग्ने गर्दछ ।

**आ) देवीवदेवतासँग सम्बन्धित मागल**

पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होउलाउ ?

यस्ता मागलगीत गाउँदा पहिलो पाउमा /पंवा फूलका/ मा विश्राम, /पदम/ मा अलिकति विश्राम र /फूलका पउलाउ/मा विश्राम हुन्छ । दोस्रो पाउमा/भोलिका/,/यो तान/ र / प्रभु काँ होउलाउ/ मा विश्राम भएको छ । जुनगीत गाउँदा कम समय लाग्ने गर्दछ । अन्य गीतहरू पनि यस्तै प्रकारले गाउने गरिन्छन् ।

**इ) मङ्गलाचरणको मागल**

तुलछीकी बिडुवा हुनिन् जस्का घर
पापै र जमदूत भाग्दै जान्छन् पर ।

यस पङ्क्तिमा पहिलो पाउमा /तुलछीकी बिडुवा/ मा विश्राम तथा /हुनिन् जस्का घर/ मा विश्राम भएको छ । /तुलछीकी/र/बिडुवा/ का बीचमा पनि विश्राम भएको आभास पाइन्छ । दोस्रो पाउमा /पापै र जमदुत/ तथा /भाग्दै जान्छन् पर/ मा विश्राम भएको छ । यसैगरी अन्य मङ्गलाचरणको मागलमा कम मात्रामा विश्राम भई छोटो लयमा गाउन सकिन्छ ।

**ख) लामो लय**

लामो लयका मागलगीतको एउटै पङ्क्ति गाउँदा पनि प्रत्येक शब्दमा केही समयमा विश्राम हुँदै पुनः अर्को शब्दहरूको गायन गरिएको पाइन्छ भने कुनै ठाउँमा स्वरलाई मोड्नुपर्ने अवस्था पनि आउँछ । त्यसैले गर्दा यस प्रकारका मागलगीत गाउँदा लामो समय लाग्ने गर्दछ । माईको मागल, कलशपूजा, विवाह र व्रतबन्धका अवसरमा गाइने गीत लामो लयका आधारमा गाउन सकिन्छ ।

**अ) माईको मागल**

एकु मेलो गौचरन, एक मेलो हरियो रे,
एक मेलो हरियो रे ।
हाम्री माईका देवीथान, दूध चावल भरियो रे,
दूध चावल भरियो रे ॥

यस पङ्क्तिको पहिलो पाउमा एकु मेलो/ , /गौचरन/ मा केही मात्रामा लामो विश्राम, /एकु मेलो/ , / ह/ , / रियो/ , / रे / मा लामो समय सम्म विश्राम हुन्छ । त्यस्तै अर्को पाउमा /हाम्री माईका/ , / देवीथान/ केही मात्रामा लमो विश्राम भई /दूध चावल/ , / भ/ मा विश्राम भई केही समयपछि /रिया/ , / रे / मा विश्राम हुन्छ । यसरी नै अन्य माईका गीतमा यस्तै प्रकारको लय पाइन्छ ।

**आ) कलशपूजाको मागल**

कालिका मालिका देवीऔ तमि दाइना भया
नवदुर्गा भवानीऔ तमि दाइना भया
हाँसुल्ला साँचुल्ला देवी तमि दाइना भया
रखवाला भया ।

पहिलो पाउमा /का/,/लि/,/का/ मा लामो स्वर गर्दै केही विश्राम /मा/,/लि/,/का/, मा पनि केही मात्रामा विश्राम ,/देवी/,/औ/मा लामो स्वर गर्दै विश्राम ,/तमि/ मा विश्राम ,/दाइ/,/ना/ मा विश्राम ,/भ/ लामो स्वर गर्दै /या/ मा पनि लामो लयात्मक अभिव्यक्ति भएको पाइन्छ । दोस्रो पाउमा /नव/,/दु/,/र्गा/ मा विश्राम ,/भ/,/वा/,/नी/ ,/औ/ मा केही विश्राम ,/भ/ मा लामो स्वर गर्दै /या/ मा धेरै लामो लयात्मक अभिव्यक्ति पाइन्छ । यसैगरी अन्त्यमा पनि एक एक वर्णमा विश्राम हुने र लामो लयात्मक अभिव्यक्ति भएको पाइन्छ ।

**इ) विवाहका अवसरको मागल**

बुबाज्युले आर्ज्यान उबार्ज्या
जिजाज्युले साँचिसुची राखिरैछन् ।
सगुन काकाज्युल आर्ज्यैन उबार्ज्या
काकीज्युल साँचिसुची राखिरैछन् ॥

पहिलो पाउमा /बु/बा/,/ज्यु/ले/,/आर्ज्या/न/,/उ/बा/ ज्र्या/, मा लामो लयात्मक अभिव्यक्ति हुँदै बीचमा विश्राम भएको पाइन्छ । दोस्रो पाउमा /जि/,/जा/ज्यु/ले मा केही मात्रामा विश्राम ,/साँ/चि/सु/ची/,/रा/खि/,/रै/छन्/ मा विश्राम भई लामो लयात्मक अभिव्यक्ति पाइन्छ । यसैगरी अन्य मागलगीतहरूमा पनि यसै प्रकारको लामो लयात्मकता पाइन्छ ।

लेककी निङाली सासू कति पात्या,
सासू कति पात्या ?
लेककी निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या ।

पहिलो पाउमा /ले/,/क/,/की/ मा केही समय विश्राम, /नि/ङा/ली/,/सा/सू/ मा लामो लयात्मक विश्राम , /कति/,/पा/त्या/ यसमा लामो लयात्मक अभिव्यक्ति पाइन्छ ।

दोस्रो पाउमा /ले/क/की/,/नि/डा/ली/,/बउ/अ/मा लामो लयात्मक विश्राम ,/एकै/,/पा/त्या/ मा लामो लयात्मक अभिव्यक्ति पाइन्छ ।

### ५.६.४.२ छन्दका आधारमा विश्लेषण

मागल लोकगीतको एक उपविधाअन्तर्गत पर्दछ । यस लोकगीतको संस्कारगीतअन्तर्गत पर्दछ । त्यसैले मागलगीतमा लोकछन्दको प्रयोग हुनु स्वाभाविक छ । त्यसैले मागलगीतमा विभिन्न किसिमका लोकछन्दहरू रहेका छन् :

**क) मङ्गलाचरणको मागल**

स्वर्ग जान्या सिँढी मजबुत बनाउनू
पूर्व फर्की सुर्जेलाई अर्घ पनि दिनू ।

यस पङ्क्तिमा दुई पाउको एक श्लोक निर्माण भएको छ । यसका पहिलो पाउमा बाह्र वर्ण र दोस्रो पाउमा पनि बाह्र वर्ण हुने लोकछन्दको प्रयोग भएको छ । पहिला पाउमा पाँच र दोस्रो पाउमा छ शब्दगुच्छहारद्वारा एउटा श्लोकको निर्माण भएको छ ।

**ख) कलशपूजाको मागल**

कालिका मालिका देवीऔ तमि दाइना भया
नवदुर्गा भवानीऔ तमि दाइना भया ।

यस श्लोकमा पहिलो पाउमा १५ वर्ण र दोस्रो पाउमा १४ वर्ण हुने लोकछन्दको निर्माण भएको छ । पहिलो पाउमा छ शब्दगुच्छहार र दोस्रो पाउमा पाँच शब्दहरूद्वारा निर्माण भएको छ ।

हाँसुल्ला साँचुल्ला देवी तमि दाइना भया ।
रखवाला भया ॥
डोट्याला बन्डाली तमि दाइना भया ।
रखवाला भया ॥

यहाँ पहिलो श्लोकको पहिलो पाउमा १४ वर्ण र छ शब्दगुच्छहार तथा दोस्रो पाउमा छ वर्ण र दुई शब्दगुच्छहारहरूद्वारा श्लोक निर्माण भएको छ । दोस्रो श्लोकको पहिलो पाउमा १२ वर्ण र ५ शब्दगुच्छहार तथा दोस्रो पाउमा दुई शब्दगुच्छहार छ वर्णहरूद्वारा श्लोक निर्माण भएको छ । यहाँ गद्यछन्दको प्रयोग भएको छ ।

## ५.६.५ साहित्यिक विशेषताका आधारमा मागलको विश्लेषण

लोकसाहित्यको लोकगीतअन्तर्गत मागलगीत पनि पर्दछ । मागलगीतमा लोकछन्दका अतिरिक्त रस, अलङ्कार आदि साहित्यिक विशेषताहरू पाइन्छन् । साहित्यका विशेषतामा रसहरूको पनि प्रमुख भूमिका रहेको हुन्छ । विवाहका अवसरमा आमाले दूधको भारा माग्दाको मागल र दुलही बिदाई हुँदाको मागलमा वात्सल्य रसको प्रधानता रहेको हुन्छ ।

आओ आओ मेरी पुत्र
दशधारी दूध खाओ
आओ आओ मेरी पुत्र ।

यस पङ्क्तिमा आमाले छोराको विवाहमा स्तनपान गराउँदा मातृस्नेहका साथै वात्सल्य रस प्रधान रहेको पाइन्छ । यस्तै छोरी बिदाइका अवसरमा पनि माइतीपक्षबाट स्नेही भाव व्यक्त भएका अवसरमा वात्सल्य रसको प्रधानता रहेको पाइन्छ ।

सात्यासङ्गी निको भलोमान्या
हामी जान्छौँ आफ्नाइ घर
निको मान्या कान्छिमाऔ भलाभली लायौँ
हामी जान्छौँ आफ्नाइ घर

अछामी मागलमा भक्तिभावको प्रधानता रहेको पाइन्छ । ईश्वरप्रति, देवीदेवता आदिप्रति भक्तिभाव दर्साएको पाइन्छ ।

कालिका मालिका देवीऔ तमि दाइना भया
नवदुर्गा भवानीऔ तमि दाइना भया ।
पंवा फूलका पदम फूलका पउलाउ
भोलिका यो तान प्रभु काँ होउलाउ ?

यी पङ्क्तिमा कालिका, मालिका, नवदुर्गा भवानीदेवी र प्रभु (ईश्वर) प्रति भक्तिभाव दर्साएको पाइन्छ । अछामी समुदायले कुनै कार्य गर्नुपूर्व ईश्वरलाई पुकारिएको पाइने हुनाले मागलमा भक्तिरसको प्रधानता रहेको पाइन्छ ।

अछामी मागलमा अलङ्कारहरू पनि रहेका पाइन्छन् । अनुप्रास, अन्त्यानुप्रास, तुल्ययोगिताजस्ता अलङ्कारहरूको प्रयोग गरिएको पाइन्छ ।

**क) मङ्गलाचरणको मागल**

स्वर्ग जान्या सिँढी मजबुत बनाउनू
पूर्व फर्की सुर्जेलाई अर्घ पनि दिनू ।

यहाँ 'बनाउनू' र 'दिनू' को अन्त्यमा 'ऊ' कारमा अन्त्यानुप्रासको प्रयोग भएको छ ।

**ख) दियो जलाउँदाको मागल**

कहाँ भयो दियाडिको जरम माउलो ?
सुनारबाडा दियाडिको भयो जरम माउलो ।

यस पङ्क्तिको बीचमा र अन्त्यमा क्रमशः 'दियाडिको' र 'जरम माउलो' मा शब्दानुप्रासको प्रयोग भएको छ ।

**ग) माईको मागल**

एकु मेलो गौचरन, एक मेलो हरियो रे ।
एकु मेलो गौचरन, एक मेलो हरियो रे ।

यस पङ्क्तिमा दुबै पाऊहरू पूरै दोहोरिएकाले लाटानुप्रासको प्रयोग भएको छ । यहाँ 'रे' निपात र 'एक' संख्यात्मक विशेषणको प्रयोग भएको छ ।

घ)  **विवाहको मागल**

लेककी निङाली सासू कति पात्या,
सासू कति पात्या ?
लेककी निङाली बउअ एकै पात्या,
बउअ एकै पात्या

यस पङ्क्तिमा बालक र निङालाकाबीच तुलना गरिएकाले यहाँ तुल्ययोगिता अलङ्कारको प्रयोग भएको छ । यहाँ आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको पनि प्रयोग गरिएको पाइन्छ ।

मागलगीतमा रस, अलङ्कार, निपात, विशेषण आदिले भाषालाई सरल र सहज बनाइदिएका छन् । समासको प्रयोग कम मात्रामा भएको पाइन्छ । भक्ति, वात्यसल्यजस्ता रसहरूले साहित्यमा ठूलो भूमिका खेलेका छन् र मागललाई श्रुतिमधुरता प्रदान गरेका छन् ।

### ५.६.६ भाषाका आधारमा मागलको विश्लेषण

अछाम जिल्लामा प्रचलित मागलगीतहरूको भाषा नेपाली भाषाको ओरपच्छिमा भाषिकावर्ग भित्र पर्दछ । यी मागलगीतमा केही मात्रामा पूर्वेली भाषिकाको खसानी उपभाषिका र केन्द्रीय नेपाली भाषिकासँग मिल्जाजुल्दा शब्दहरू पाइन्छन् । तापनि मूलतः अछामको स्थानीय भाषिकाको नै यिनमा प्रयोग भएको पाइन्छ । केही मात्रामा हिन्दी र संस्कृत भाषाको प्रभाव पनि यिनमा पाइन्छ । तलका शब्दहरूले उक्त कुराको उदाहरण प्रस्तुत गर्दछन् ।

#### ५.६.५.१ मङ्गलाचरणको मागलमा प्रयुक्त शब्दहरू

यस मङ्गलाचरणमा रहेका केही अछामी शब्दहरू र तिनको नेपाली अर्थ यहाँ प्रस्तुत छ :

| अछामी शब्द | स्तरीय नेपाली |
|---|---|
| जान्या | जाने काम |
| सुर्जे | सूर्य |
| देला | ढोका |
| धरम | धर्म |
| बस्तर | बस्त्र |
| तुलछी | तुलसी |
| बिडुवा | विरुवा |
| जमदुत | यमजूत |
| तमि | तिमी, तपाई |

**संस्कृत शब्दहरूमा**

अर्घ, स्वर्ग, ज्ञान, ब्रम्हा आदि ।

**हिन्दी शब्दमा :** मजबुत

केन्द्रीय नेपाली तथा खसानी भाषिकाका शब्दमा जान्या, सुर्जे, देलो, धरम, तमि आदिलाई लिन सकिन्छ ।

**५.६.५.२ कलशपूजाको मागलमा प्रयुक्त शब्दहरू**

| **अछामी शब्द** | **स्तरीय नेपाली** |
|---|---|
| देवीऔ | देवीहरू |
| दाइना | दाहिने |
| भया | भए |
| पेला | पहँला |
| प्रछना | खुसी |
| दियाइय | दियो |

**५.६.५.३ देवीदेवतासँग सम्बन्धित मागलमा प्रयुक्त शब्दहरू**

| अछामी शब्द | स्तरीय नेपाली |
|---|---|
| पदम फूल | कमल फूल |
| पउलाउ | जुत्ता |
| तान | समय |
| एकु मेलो | एउटा मेलो |
| धजा | ध्वजा |
| थान | मन्दिर |

यहाँ 'प्रभु' संस्कृत शब्द र 'चावल' हिन्दीशब्दलाई लिन सकिन्छ ।

**५.६.५.४ व्रतबन्धको मागलमा प्रयुक्त शब्दहरू**

| अछामी शब्द | स्तरीय नेपाली शब्द |
|---|---|
| आर्ज्यान | कमाएनन् |
| उबार्ज्या | उब्जाउनु |
| जिजा | हजुरआमा |
| दुलया | दुलाहा |
| पइटियो | सुरु भयो |
| पात्या | पाते |
| बउअ | बुहारी |
| फाँको | खाजा |
| कान्ठीआमा | कान्छीआमा |
| कान्ठाबुबा | कान्छाबुबा |
| आफ्नाइ | आफ्ना |
| जन्मथात | जन्मघर |
| बल्ल | गोरु |
| निको | राम्रो |
| भलाभली | सम्झाइबुझाइ |
| भाउअ | भाइ |
| भया | भए |

'लगन' र 'पुत्र' संस्कृतका शब्दहरू हुन् ।

## ५.७ अछामी पर्वगीतको परिचय

नेपाल बहुजाती, बहुभाषी भएको मुलुक भएकाले यहाँ विभिन्न किसिमका चाडपर्वहरू विभिन्न अवसरमा मनाइने गरिन्छ । प्रत्येक समुदायका आफ्नै किसिमका चाडपर्वहरू हुने हुनाले आफ्नै ढङ्गले चाडपर्वहरू मनाउँदै विभिन्न किसिमका गीतहरूद्वारा नाचगानका साथै

नरनारीहरूले मनोरञ्जन प्रदान गर्दै आफ्नो समाजलाई चिनाउने गर्दछन् । विभिन्न महिना र ऋतुहरूमा विभिन्न किसिमका पर्वहरू प्रत्येक समुदायद्वारा मनोरञ्जन गर्दै चाडपर्वहरू मनाउने गरिन्छ । नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीतहरू हुन् ।[39]

नेपालको भौगोलिक विविधताले हिमाल, पहाड र तराईमा बस्नेहरूले आ-आफ्ना चाडपर्व आ-आफ्नै ढङ्गले मनाउँछन् । यसरी नै भारतको सिक्किम, आसाम, दार्जिलिङ, देहरादून तथा भुटान, बर्मामा बस्ने नेपाली समुदायले पनि विभिन्न किसिमका चाडपर्वहरूमा विशेषगरी नववर्ष, तीज, दसैँ, तिहार, माघे सङ्क्रान्ति, गौरापर्व, फागु आदि मनाउने गर्छन् । त्यस्तै अछामी समाजका प्रमुख चाडपर्वहरूमा विसुपर्व, तीज, दसैँ, तिहार, शिवरात्री, फागु आदि पर्दछन् । अछामी समाजका चाडपर्वहरूमा मीठो मसिनो खानेकुरा खाने, नयाँ लुगा लगाउने, इष्टमित्रहरूलाई बोलाई मनोरञ्जन प्रदानगर्ने र टाढाटाढा भएका परिवारलाई बोलाई एक आपसमा सुख-दुःख बाँडेर विभिन्न गीतहरूद्वारा मनोरञ्जन तथा नाचगान गर्ने प्रचलन रहेको छ । अछामी समाजका तन्नेरी र बूढाबूढीहरूले चाडपर्वहरूमा गीत गाउँदै मनोरञ्जन गर्ने गर्दछन् ।

## ५.८ पर्वगीतहरूका विशेषता

पर्वगीतले लोकजीवनका सुख-दुःख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधिव्यवहार, संस्कृति, आस्था, विश्वास र मान्यताहरूको चित्रण गर्दछ । कठोर हृदय भएकालाई पनि सहृदयी बनाउनु यसको विशेषता हो । पर्वका प्रभावले मानिस आफ्ना दुःख र कष्टलाई बिर्सन्छ, भोक र रोगलाई भुल्छ र गीतकै रागात्मकतामा हराउँछ अनि रमाउने गर्दछ । पर्वगीतका केही विशेषताहरू यस प्रकार रहेका छन् :

### ५.८.१ ऐतिहासिकता

पर्वगीतहरू वा चाडपर्वहरू मानवसभ्यताको प्रादुर्भावदेखि नै मनाउने प्रचलन छ र तिनले समाजमा मनोरञ्जन प्रदान गर्दै आएको पाइन्छ । चाडपर्वहरू हिन्दूधर्मका आधारमा प्राचीन समयदेखि नै मनाउने गरिएको पाइन्छ । प्राचीन समयदेखि नै चाडपर्वहरूले गर्दा मानव समुदायमा दुःख-पीडा बिर्साउँदै आएको मानिन्छ । हाल पनि त्यस्तै अवस्था रहेको छ ।

### ५.८.२ स्थानीयता

प्रत्येक गीतमा आ-आफ्नै स्थानीय रङ्ग भेद पाइन्छ भने पर्वगीतहरूमा पनि प्रत्येक क्षेत्रको आ-आफ्नै भाषिक विशेषता र रीतिस्थिति रहेको पाइन्छ । अछामी समाजमा पर्वहरूमा पनि आफ्नै किसिमको संस्कृति, परिवेश, चालचलनअनुसार पर्वगीतहरू गाउने चलन रहेको पाइन्छ । आफूभन्दा ठूलाको आज्ञापालना र ठूलाले सानालाई गर्नुपर्ने माया र प्रेम अछामी समुदायमा रहेको पाइन्छ ।

### ५.८.३ सामूहिकता

पर्वगीत परम्परादेखि गाउँदै आएको एक सामूहिक गीत हो जसमा सामूहिक अभिव्यक्ति पाइन्छ । अछामी पर्वगीतहरूमा होरी पर्वगीत पुरुष समुदायले मात्र गाउने गर्दछन् भने रनपुतला महिला समूहहरूद्वारा मात्र गाउने गरिन्छ । अन्य पर्वगीतहरू युवा, बालक, बूढाबूढी र केटाकेटीहरूद्वारा गाउने हुनाले सामूहिकता पर्वगीतको महत्त्वपूर्ण विशेषता मानिन्छ । चाडपर्वहरू समुदायले मनाउने हुनाले पर्वगीत पनि सामूहिक जनसमुदायको अभिव्यक्ति हो ।

### ५.८.४ रचनाकारको अज्ञातता

पर्वगीतहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै मौखिक रूपमा सर्दै जाने भएकाले यसको रचनाकार हुँदैन । जनश्रुतिअनुसार पर्वगीत गाउन जान्ने जोसुकै पुरुष वा

[39] चूडामणि बन्धु, पूर्ववत्, पृ. १६३ ।

महिला समुदायले गाउने भएकाले यसको रचनाकार समाज नै हुन्छ । चाडपर्वहरू लोकसमाजका साझा सम्पत्तिहरू भएकाले रचनाकार पनि यो नै हो भनेर किटान गर्न सकिँदैन ।

### ५.८.५ मौखिकता र मौलिकता

लोकसाहित्यका अन्य विधाजस्तै लोकगीतअन्तर्गत पर्ने पर्वगीत पनि एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै मौखिक रूपमा अगाडि बढ्दै आएको मौलिक गीत हो । यो लिखित रूपमा नभएर मौखिक रूपमा विश्वास राख्ने भएकाले मौलिकता हुनु पनि यसको विशेषता हो । अछाम जिल्लामा विभिन्न अवसरमा मनाइने चाडपर्वहरूमा गाइने पर्वगीतहरू मौखिक रूपमा सुनाईंदै र एक अर्कामा सर्दै आएका मौलिक गीतहरू नै हुन् ।

### ५.८.६ पुनरावृत्ति

कुनै पनि गीतमा पुनरावृत्ति हुनु एक विशेषता मानिन्छ । पर्वगीतमा पनि विभिन्न पद, वर्णहरूको पुनरावृत्ति भएको पाइन्छ । अछामी पर्वगीतहरूका केही अंशहरू दोहोरिएका पाइन्छन् ।

## ५.९ पर्वगीतका तत्त्वहरू

पर्वगीतमा आन्तरिक र वाह्य संरचना तत्त्वहरू हुन्छन् । ती तत्त्वहरू यसप्रकार रहेका छन् :

क) लय वा भाका ख) स्थायी र अन्तरा ग) भाषा
घ) गेयात्मकता ङ) भाव च) कथनपद्धति

### ५.९.१ लय वा भाका

लय भनेको पर्वगीतको स्वरगठन हो । लय जुनसुकै गीतको प्रमुख तत्त्व भएकाले पर्वगीतको पनि प्रमुख तत्त्व हो । यसले ध्वनिको मात्रा निर्धारण गर्दछ । क्रम निर्धारण, आन्तरिक सङ्गीत निर्माण गर्ने तथा गीतको शैली निर्धारण गर्ने कार्य गर्दछ । गीत गाउने शैली नै भाका हो । भाव वा विचारलाई अभिव्यक्त गर्ने र सम्प्रेषण गर्ने कार्य लयमा आबद्ध पदावलीले गर्दछ ।

### ५.९.२ स्थायी र अन्तरा

कुनै पनि गीतको पटक-पटक दोहोरिने पङ्क्तिलाई स्थायी भनिन्छ । गीतमा यो प्रायः प्रथम पङ्क्तिका रूपमा रहन्छ । अन्तरा भनेको स्थायी भावलाई अगाडि बढाउन र पर्वगीतको मर्म स्पष्ट पार्न आउने तत्त्व हो ।

### ५.९.३ भाषा

भाषा अभिव्यक्तिको माध्यम भएकाले स्थानीय भाषिका पर्वगीतमा रहेको पाइन्छ । पर्वगीतमा अछामी उपभाषिका वा ओरपच्छिमा भाषिका वर्गको प्रयोग पाइन्छ । भाषाबिना कुनै पनि गीत गाउन सकिँदैन । स्थानीय भाषिका जान्ने र बुझ्ने व्यक्तिले मात्रै त्यो ठाउँको गीत गाउन सक्छ । अन्य व्यक्तिका लागि त्यो भाषिका बुझ्न र गीत गाउन कठिन हुन्छ ।

### ५.९.४ गेयात्मकता

पर्वमा गाइने गीतका रूपमा रहेका हुनाले गेयात्मकता हुनु यसको एक महत्त्वपूर्णपक्ष हो । बिसु, होरी, भैलोपर्व आदिमा गाउने गीतहरूमा गेयात्मकता पाइन्छ ।

### ५.९.५ भाव

भाव लोकगीतको प्राण भएजस्तै पर्वगीतको पनि प्राण नै हो । कुनै पनि गीत भाव विनाको हुन सक्दैन । पर्वगीतमा उत्साह, शान्त, विरहजस्ता विषयगत भावहरू रहेका पाइन्छन् ।

### ५.९.६ कथनपद्धति

पर्वगीतमा घटना, स्थान, व्यक्ति आदिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नु नै कथनपद्धति हो । होरी, विसु पर्वगीत आदिमा गाइने गीतको घटना शृङ्खलाबद्ध रहेको पाइन्छ ।

## ५.१० पर्वगीतको महत्त्व

नेपालका विभिन्न चाडपर्वहरूको आ-आफ्नै महत्त्व भएजस्तै अछामी चाडपर्वका अवसरमा गाइने विभिन्न किसिमका गीतहरूको पनि आफ्नै महत्त्व रहेको छ । चाडपर्वहरूले सांस्कृतिक, भौगोलिक, सामाजिक, ऐतिहासिक पक्षको यथार्थ चित्रण गर्ने भएकाले यिनीहरूको आ-आफ्नै महत्त्व रहेको पाइन्छ ।

### ५.१०.१ सांस्कृतिक महत्त्व

अछामी पर्वगीतहरूमा अभिव्यक्तिद्वारा त्यहाँको रीतिरिवाज, चालचलन र स्थानीय परिवेशको सांस्कृतिक झझल्को पाइने गर्दछ । त्यहाँको लोकसंस्कारअनुसार चाडपर्वहरूको आ-आफ्नै सांस्कृतिक झझल्को पाइनाका साथै स्थानीय बोलीचालीद्वारा गीतहरू गाइने परम्परा रहेको हुनाले पर्वगीतको सांस्कृतिक महत्त्व रहेको पाइन्छ । यहाँ मनाइने चाडपर्वहरूमा रनपुतला, साउने सङ्क्रान्ति, दसैं, तिहार, होली र भैलोहरूको आ-आफ्नै किसिमको सांस्कृतिक झल्को पाइन्छ ।

### ५.१०.२ ऐतिहासिक महत्त्व

अछाममा प्रचलित पर्वगीतहरूमध्ये कतिपयको ऐतिहासिक महत्त्व रहेको छ । चाडपर्वहरू परापूर्वकालदेखि मनाउँदै आएको भन्ने श्रुतिपरम्परा रहेको छ । विभिन्न चाडपर्वहरू कुन समयदेखि सुरु भएका हुन् भन्ने कुराको पत्ता नलागे पनि चाडपर्वहरू प्राचीन समयदेखि नै मनाईंदै आएका हुन् भन्ने कुरा थाहा पाउन सकिन्छ ।

### ५.१०.३ भौगोलिक महत्त्व

नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । उत्तरमा हिमाल तथा दक्षिणमा समथर भूमिमा फैलिएको हुनाले यहाँको प्रत्येक समुदायमा आ-आफ्नै ढङ्गले विभिन्न किसिमका चाडपर्वहरू मनाइने गरिएको पाइन्छ । त्यस्तै अछाम जिल्ला पनि एक पहाडी जिल्ला हो । यहाँ विसु, साउने सङ्क्रान्ति, होरी, भैलो भुओजस्ता पर्वहरू मनाउने गरिन्छन् । भौगोलिक विकटताले पहाडी जिल्ला भए पनि चाडपर्वका लागि यो क्षेत्र पनि अगाडि बढेको देखिन्छ ।

### ५.१.४ भाषिक महत्त्व

भाषा सम्प्रेषणको माध्यम भएकाले चाडपर्वहरूमा गाइने गीतहरूमा पनि आफ्नै स्थानीय भाषाको प्रयोग भएको पाइन्छ । तर आज आएर शिक्षित वर्गले आफ्नो स्थानीय भाषालाई बिर्संदै अन्य भाषाको समेत उपयोग गर्ने गरेको पाइन्छ । अछामी भाषिकामा ओरपच्छिमा भाषिकाको सम्मिश्रण वा बढी प्रयोग भएको छ । पूर्वतर्फ खसानी वर्गका भाषिकाको प्रयोग तथा पश्चिमतिर परपश्चिमा भाषिका र हिन्दी भाषाको समेत प्रभाव परेको पाइन्छ ।

### ५.१०.५ सामाजिक महत्त्व

विभिन्न लोकगीतहरू समाजका साझा सम्पत्ति हुन् । समाजविना लोकगीतको महत्त्व नै नरहने भएकाले चाडपर्वहरूमा सामाजिक महत्त्व रहेको हुन्छ । चाडपर्वमा समाजका सुख-दुःख, पीडा-वेदना आदि रहेका हुनाले सामाजिक महत्त्व रहेको हुन्छ । चाडपर्वहरूका माध्यमद्वारा समाजले आफ्नो किसिमले मनाउँदै एक आपसमा मेलमिलाप गर्दै नाचगानका साथै मनोरञ्जन प्रदान गरी दुःख-पीडा बिर्सने गर्दछ । चाडपर्वका समयमा अछामी समाजमा पनि टाढा-टाढा भएका आफन्तहरूको मिलन हुने गर्दछ । देउसी, भैलो, होरीजस्ता चाडपर्वहरूमा यस समाजका सम्पूर्ण व्यक्तिहरू जम्मा हुने, गीत गाउने, मनोरञ्जन गर्ने र मीठो-मसिनो खाने गर्दछन् । त्यसैले चाडपर्वहरूमा सामाजिक महत्त्व विशेष प्रकारको रहेको पाइन्छ ।

### ५.१०.६ धार्मिक महत्त्व

नेपालका अधिकांश व्यक्तिहरू हिन्दूधर्ममा विश्वास राख्दछन् । यहाँका ग्रामीण तथा शहरी क्षेत्रमा विभिन्न किसिमका चाडपर्वहरूमा देवीदेवताहरूको पूजा गर्ने परिपाटी रहेको छ । अछामी समाजमा पनि दसैँमा कालिका र नवदुर्गादेवीको पूजाआराधना गरी बलि चढाउने गर्दछन् भने होरी, शिवरात्रीमा भगवान् शङ्कर, राम र कृष्णजस्ता देवताहरूको आराधना गर्दछन् र तिनीहरूसँग सम्बन्धित पर्वगीतहरू गाउँदै मनोरञ्जन गर्दछन् । अछामी समुदायको देवीदेवताप्रति आस्था रहेको हुनाले धार्मिक महत्त्वका साथ पूजा-आराधना गर्दै विभिन्न पर्वका अवसरमा गीतहरू गाउने चलन छ ।

## ५.११ विभिन्न आधारमा पर्वगीतको विश्लेषण

अछाम जिल्लामा प्रचलित पर्वगीतहरूको विश्लेषण विषयवस्तु, वर्षचक्रीय, स्वरूप, प्रस्तुति, लय, भाषा र साहित्यिक विशेषताका आधारमा गर्न सकिन्छ ।

### ५.११.१ विषयवस्तुका आधारमा पर्वगीतको विश्लेषण

विषयवस्तुका आधारमा पर्वगीतलाई धार्मिक, सामाजिक र प्रकृतिका आधारमा विश्लेषण गर्न सकिन्छ ।

#### ५.११.१.१ धार्मिक दृष्टिकोणले विश्लेषण

अछामी पर्वगीतहरू धार्मिक विषयवस्तुसँग सम्बन्धित भएकाले हिन्दूधर्मको रीतिरिवाज तिनमा सम्मिश्रण भएको पाइन्छ । पर्वगीतहरूमध्ये होरी पर्वगीत धार्मिक विषयवस्तुमा आधारित भएकाले मर्यादापुरुषोत्तम राम भगवान्, शिवजी र कृष्णभगवान्सँग सम्बन्धित भएको पाइन्छ । रामको जीवन वृत्तान्तसँग सम्बन्धित होरी गीतमा रामको जन्म र सीताकासाथ चौधवर्ष वनबास जानुपरेको कुरा उल्लेख गरिएको पाइन्छ । हिन्दूधर्मका आधारमा तीनै लोकका मालिक आफ्ना बाबुको आज्ञापालना गरी चौध वर्षसमम्म राम वनबास हुनुपरेको दुःखद चित्रण छ । यहाँ वर्णित पिताको आज्ञापालना, सीताको पतिव्रता धर्म, रामको मर्यादापालन, लक्ष्मणको भ्रातृत्वप्रेम र सत्यको विजय हुने कुरा धार्मिक विश्वासमा अडेको छ ।

हिन्दूधर्मका आधारमा श्रीकृष्ण भगवानको जन्म, गोपिनीहरूसँग गरेको कृष्णलीला होरीका गीतमा वर्णन गरिएको छ । हिन्दूधर्मअनुसार भगवान्को पूजाआराधना गरेमा मनमा शान्ति हुने र आफूले सोचेको कुरा पूरा हुने विश्वासमा भगवान्हरूको मूर्ति पूजा गर्ने चलन छ । कृष्ण भगवान्को जन्मस्थल मथुराको वृन्दावनको वर्णन गर्दै भाद्र महिनाको कृष्णपक्षको अष्टमीका दिन जन्मेका कृष्णको वर्णन गरिएको छ । सत्यको विजय र असत्यको हार हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ । यसै अवसरमा अछामी समाजमा होरी पर्व मनाउने चलन छ । होरी पर्वमा भगवान्को आराधना गरिन्छ । होरी पर्व हिन्दू समाजमा मनाइने धार्मिक एवं सामाजिक पर्व भएपनि यसलाई मनाउने शैलीमा भने पृथक्ता रहेको पाइन्छ । जे भएपनि वसन्तऋतुको आगमनसँगै फागुन महिनाको शिवरात्रीका दिनदेखि शिवजीकै नाम उच्चारण गरी धुमधामकासाथ मङ्गलाचरणको रूपमा होरीको शुभारम्भ गर्ने प्रचलन रहिआएको पाइन्छ ।

#### ५.११.१.२ सामाजिक दृष्टिकोणले विश्लेषण

विभिन्न पर्वगीतहरू समाजका साझा सम्पत्तिका रूपमा रहेका हुन्छन् । चाडपर्वहरूका माध्यमद्वारा समाजले आफ्नो किसिमले मनाउँदै एक आपसमा मेलमिलाप गर्दै नाचगान तथा मनोरञ्जनका साथ दुःख-पीडालाई बिर्सने गर्दछ । अछामी समाजमा पनि टाढा-टाढा विदेशिएका आफन्तहरू चाडपर्वका अवसरमा स्वदेश फर्कने गर्दछन् ।

अछामी समाजमा मनाउने चाडपर्वहरूमा होरीलाई विशेष मानिन्छ । सामाजिक मान्यताअनुसार तीन लोकका मालिक राम आफ्ना बाबुको आज्ञापालन गर्दै सीताका साथ बनबास जानुपरेको दुःखद चित्रण छ । सौतेनी आमाको कठोर व्यवहार, पिताको आज्ञापालन, सीताको पतिव्रता धर्म, रामको मर्यादापालन, लक्ष्मणको भातृत्वप्रेम जस्ता कुराहरू हाम्रा समाजमा घटिरहने गर्दछन् । राम र सीताले वनमा कन्दमूल खानुपरेको र भरतले राज्यारोहण गरेको अवस्थाको वर्णन गरिएको छ । सीताजस्ता कतिपय नेपाली नारीहरूले भोग्नुपरेका कठिनाइ र रावणजस्ता परस्त्रीहरण गर्ने तुच्छ व्यक्तिहरूको चरित्र नै हाम्रो सामाजिक चरित्र चित्रण हो । यहाँ राम र सीताजस्ता असलचरित्र भएका व्यक्तिहरूको समाजमा सधैँ विजय हुने र रावणजस्ता असत् व्यक्तिहरूको समाजमा सधैँ पराजय हुने कुराको उल्लेख गरिएको छ ।

यस्तै श्रीकृष्ण भगवान्को जन्म वृत्तान्तको वर्णन होरी गीतमा गरिएको छ । श्रीकृष्ण र गोपिनीहरूको लीला होरीका गीतमा वर्णित छ । कृष्णले दिनभरि गोपिनीहरूसँग गाई चराउँदै ख्यालठट्टा गरेको कुरा हाम्रो समाजमा मेल खान्छ । कृष्णले बाँसुरी बजाउनु र गोपिनीहरू त्यसैमा रमाउनुजस्ता कुराहरू समाजमा सधैँ भई नै रहन्छन् । बालक छँदा दही चोरेर खाने प्रवृत्ति समाजको यथार्थ नै हो । कहिलेकाँही गोठालो जाँदा साँझसम्म पनि घर नफर्कनेजस्ता कुराहरू समाजमा प्रचलित छन् ।

रनपुतला खेलमा एउटालाई पुतला र अर्कोलाई पुतली बनाएर नाटक गरेझैँ दुलाहा-दुलही बनाइन्छ । माटाका भाँडा र गाईभैँसी बनाई दाइजो दिने चलन यसमा वर्णित छ भने हाम्रा समाजमा पनि छोरी बिदाइमा दाइजो दिने चलन रहेको छ । महिलाहरूले लगाउने धोती, पटुका, चौबन्दी चोलीजस्ता सामाजिक कुराहरूको वर्णन गरिएको छ । भुओ खेल्दा भूत पिशाच केही आउँदैन र बाली सप्रिन्छ भन्ने जनश्रुति रहेको छ । पौष महिनामा खेलिने भुओ पर्व रावण र रामको लडाइँबाट रावणको मृत्यु भएको र रामले गरेको साहसको खुसीयालीमा खेलिने गरेको किँवदन्ति पनि समाजमा प्रचलित छ ।

अछामी समाजमा भैलो पर्व पुस महिनाको पूर्णिमाका दिनमा मनाइने गरिन्छ । त्यसैले यस पूर्णिमालाई भैली पूर्णिमा भनिन्छ । यस अवसरमा तन्नेरी, बूढाबूढी मिलेर 'भैलो' भन्दै बेग्लाबेग्लै टोली बनाएर घरघरमा भैलो माग्ने गर्दछन् र वनभोज गरेर खाने चलन छ भने सो पैसा सामाजिक काममा पनि लगानी गर्ने चलन छ । एक जनाले 'भन-भन ...' भनेर भट्टयाउने र अरुले 'भैलो' भनेर स्वरमा स्वर मिलाउने गर्दछन् । भैलो गीतमा मुठी, माना, पाथी, मुरीजस्ता सामजिक विषयवस्तु आएका हुन्छन् ।

### ५.११.१.३ प्रकृतिप्रयोगका दृष्टिकोणले विश्लेषण

अछामी समाजका कतिपय चाडपर्वहरूमा प्रकृतिलाई पनि समावेश गरिएको पाइन्छ । बिसुपर्व वसन्तऋतुका अवसरमा मनाइने हुनाले यसमा वसन्तको हरियालीका समयमा लगाइने वा उत्पादन हुने जौ बालीको उल्लेख गरिएको छ । बाँसका पातको पनि केही चर्चा गरिएको पाइन्छ । जौ गहुँका खेतबारीमा हुने कागुनु र सामा घाँसको पनि उल्लेख गरिएको पाइन्छ जस्तै :

इल्चा लुडुक्यो, जिना कागुनु, भिटा लुडुक्यो साउँ
आमा धेकन्नी झुरै मरन्नी, भुडुक्कै उठी जाउँ ।

यहाँ खेतबारीका छेउछाउमा कागुनु र सामा घाँसले भरिएकाले आमाले देखेपछि रोएर मर्ने हुनाले आफू त्यहाँबाट उठ्ने कुरा गरिएको छ ।

श्रावण महिनामा लुतो फाल्ने बोटका रूपमा भिरुकाँडीलाई लिइएको पाइन्छ । त्यस्तै साउनका महिना फल्ने आरु र आँपको उपभोग गरेको अवस्थाको चित्रण छ । यस्तै यस अवसरमा फल्ने यस्ता फलफूलहरू खाएमा रोग लाग्ने हुनाले खान नहुने कुराको पुष्टि हुन्छ ।

भुवोपर्वका अवसरमा पनि जौ गहूँ मिचेर अर्थात् त्यसमा भुओ खेल्दा बाली सप्रन्छ भन्ने धारणा छ । यस्तै होरी पर्व पनि वसन्तको आगमनसँगै मनाइने भएकाले प्राकृतिक वातावरणसँग यसको निकट सम्बन्ध रहेको छ । धर्मराज थापाका भनाइअनुसार यो होरीका कविताहरू वर्षैपिच्छे रुखले पात फेरेझैँ फेरिँदै पनि जान्छन् । जतिबेला प्रकृति रानीले आफ्नो पुरानो वस्त्र फालेर नयाँ पैह्रन थाल्दछिन्, त्यतिबेला त्यही ऋतु छोपेर 'होलीक' राक्षसनीलाई श्रीकृष्णले जलाइदिएको ठान्दै त्यसै दिन यो होली खेल्ने चलन चलेर आएको हो ।[40]

## ५.११.२ प्रस्तुतिका दृष्टिले विश्लेषण

पर्वगीतहरू विभिन्न हाउभाउका साथ गीत गाउँदै खेल्ने गरिन्छन् । विसु पर्वमा महिलाहरूद्वारा गुन्यू, चौबन्दी चोली र सेतो पटुका लगाउँदै पुतलीभैँ वरिपरि घुमेर गीत गाउने गरिन्छ । आफ्ना साथीहरूलाई पुतला खेल्नका लागि आग्रह गरिन्छ । 'आओ आओ सङ्गीसात्याऊ' भन्दै गीत गाउँछन् । यस्तो अवस्थामा नारीहरू पुतलीजस्तै आकर्षक र सुन्दरी देखिन्छन् । यसै अवसरमा महिलाहरू भित्रै एउटालाई दुलाहा र अर्को आइमाई मानिसलाई दुलही बनाएर जन्तको अभिनय गर्दै गीतहरूको प्रस्तुति गरिन्छ ।

अछामी होरी पर्व पुरुषहरूद्वारा गाईंदै र खेलिँदै गरिन्छ । होरी दुई समूहमा सेतो जामा, सेतो फेटा र पटुका गुथेर गाउँदै खेलिन्छ । एक जनाले होरीका गीत भट्याउने र अरुले स्वर मिलाई खुट्टाद्वारा पैतल हानी बाहिर भित्र गरेर हातको ईशाराद्वारा देखाउँदै ट्याम्कोका साथ खेलिन्छ । चार-पाँच पाइला जति अगाडि बढेर फेरि फनक्कै फर्की दुबै हातले थपडी मारेर होरीका गीतलाई गाइने गरिन्छ ।

भुवो खेल्दा पौष औँसीका दिन मिर्मिरे बिहानीमा प्रत्येक घरका लोग्ने मानिसहरू हात-हातमा राँको (दियालो) लिएर गीत गाउँदै भुओ जगाउँछन् । भुओ खेल्दा प्रत्येक खेलाडीहरू बाजाकै तालमा ताल मिलाएर एकजनाले गीत भट्याउँदै अरुले स्वरमा-स्वर मिलाउँदै 'भस्सी र भस्सी' भनेर तरबार, ढाल, खुकुरी, खुँडा आदि लिएर साहसीको परिचय देखाउँछन् । गीतका साथ खुट्टामा खुट्टा मिलाउँदै कहिले अगाडि, कहिले पछाडि फर्कंदै तथा एक हात तल र एक हात माथि गर्दै पञ्चैबाजाका साथ प्रस्तुत गरिन्छ ।

## ५.११.३ वर्षचक्रीय आधारमा पर्वगीतको विश्लेषण

लोकगीतको वर्षचक्रीय आधारमा बाह्रमासे र ऋतुकालीनगीतका आधारमा विश्लेषण गरिएको पाइन्छ भने पर्वगीत ऋतुकालीनगीतमा समेटिएको पाइन्छ । विभिन्न चाडपर्वहरू वर्षमा फेरिँदै पुनः अर्को वर्ष आउने हुनाले वर्षचक्रीय आधारमा पर्वगीतलाई विश्लेषण गर्न सकिन्छ । वैशाख सङ्क्रान्तिदेखि चैत्र महिनाको मसान्तसम्म पर्ने हुनाले वर्षचक्रीय भन्ने गरिएको हो । चाडपर्वहरू वसन्तऋतु, वर्षाऋतु, शरदऋतु, शिशिरऋतु र हेमन्तऋतुमा पर्ने भएकाले वर्षचक्रीय आधारमा विश्लेषण गर्न सकिन्छ ।

विसुपर्व वैशाख महिनामा पर्ने भएकाले यस अवसरमा रनपुतला गीत गाउँदै महिलाहरूद्वारा नाचगान गरिन्छ । पुरानो वर्षको बिदाइ र नववर्षको आगमनको अवसरमा रनपुतला गीत गाइन्छ । यस पर्वगीतमा खेतबारीमा भएको जिना, कागुनु र सामा घाँस फैलिएको हुनाले वसन्त ऋतुको समय हो भन्ने कुराको उल्लेख पाइन्छ ।

[40] धर्मराज थापा, **मेरो नेपाल भ्रमण**, (काठमाडौँ : साझा प्रकाशन, २०३२), पृ.३३१-३३२ ।

साउने सङ्क्रान्तिमा गाइने गीतमा आरु, घङ्गारु र लामालामा रातको उल्लेख गरिएको पाइन्छ । त्यसैले यो समयलाई वर्षाऋतुले जनाउँछ । यो समय परिवर्तन भई नै रहन्छ । यसैगरी पौष महिनाको पूर्णिमाका दिन भुओ र औँसीका दिन भैलो पर्व मनाउँदै गीत गाउने चलन छ ।

जब फागुनले आफ्नोपन देखाएर लोकसँग मुस्कुराउन थाल्दछ, तब अछामका पुरुष समुदायको आँगन, चोक, बैठक, मन्दिरमा घेरा लाग्दछ । त्यस अवसरमा अछामी होरी पर्वगीतहरू गाउने चलन छ । बोटविरुवाले बर्षैभरि बोक्रा र पात फेरेजस्तै होरीका गीतहरू फेरिँदै जान्छन् । त्यसैले प्रत्येक वर्षको होरीगीतले नयाँ उमङ्गका साथ नयाँ जोशजाँगर लिएर आउने गर्दछ । त्यसैले चाडपर्वहरू एकपछि अर्को हुँदै गीतका माध्यमद्वारा फेरिँदै जानेगर्छन् ।

### ५.११.४ स्वरूपका दृष्टिले पर्वगीतको विश्लेषण

हरेक लोकगीतको आ-आफ्नै स्वरूप भएजस्तै पर्वगीतको पनि आफ्नै स्वरूप हुन्छ । स्वरूप भन्नाले गीतहरूको आकार वा लम्बाइलाई सङ्केत गर्दछ । त्यसैले पर्वगीतको स्वरूप पनि लामो र छोटो आकारको हुन्छ ।

#### ५.११.४.१ छोटा आकारका पर्वगीत

छोटो आकारको पर्वगीतमा सानो विषयवस्तु समेटिएको हुन्छ । यसको स्वरूप बढीमा एक पृष्ठसम्मको हुन्छ । भुओ गीत, भैलो गीत, श्रावण सङ्क्रान्ति गीतजस्ता छोटो आकारका गीतअन्तर्गत पर्दछन् ।

**क) भुओ पर्वगीत**

ए ! भुओ कइको हो ? - भस्सी र भस्सी
ए ! यो भुओ मोखियाको हो - भस्सी र भस्सी
ए ! पैले काँ छियो ? - भस्सी र भस्सी
ए ! स्वर्गका राजा इन्द्रका घर - भस्सी र भस्सी

यी पङ्क्तिको उच्चारण गर्दा कम समय खर्च हुन्छ । यहाँ कम्तिमा छ वर्णहरू र चार शव्दगुच्छहार तथा बढीमा नौ वर्णहरू र पाँच शव्दगुच्छहारहरू रहेका छन् । त्यसैले यो छोटो आकारको गीत  हो ।

**ख) भैलो पर्वगीत**

ए भन भन भाइ औ - भैलो
ए भैलो माग्याका - भैलो
ए काँनौनो थैलो - भैलो

यो सानो आकारको पर्वगीत हो । यसको प्रत्येक पङ्क्तिमा एउटाले भट्टयाउने र अरुले भैलो भनी स्वर मिलाउने गर्दछन् । यहाँ न्यूनतम् छ वर्णहरू र तीन शब्दगुच्छहार तथा अधिकतम् आठवर्णहरू र पाँच शब्दगुच्छहारहरू रहेका छन् ।

**ग) श्रावण सङ्क्रान्ति गीत (लुतो फाल्ने गीत)**

उन्टा कुन्टाकी छिउ बूढी राँउ
लुतने पाङ्ग्रो ले बूढी राँडी ।

यस पङ्क्तिमा न्यूनतम् नौ वर्ण र पाँच शव्दगुच्छहार तथा अधिकतम एघार वर्ण र पाँच शव्दगुच्छहारहरू रहेका छन् ।

आरु घङ्गारु कालका भाइ
यत्तिले पुग्योन भन्या लेक निउडी जाइ ।
झुसुल्या आरु कठिबाडे आम
अघिन्डो धात पछिल्लो मलाम ॥

यी पङ्क्तिमा न्यूनतम दश वर्ण र चार शव्दगुच्छहार तथा अधिकतम् पन्ध्र वर्ण र छ शब्दगुच्छहारहरू रहेका छन् । त्यसैले यस्ता कम वर्णहरू र कम शव्दहरूको संयोजन भएमा छोटो आकारको गीत हुन्छ ।

### ५.११.४.२ लामो आकारका पर्वगीत

लामो आकारको पर्वगीत गाउन बढी समय लाग्छ । यसमा सूक्ष्म कथानक पनि हुने हुँदा लामो आकारको गीत एक पृष्ठदेखि माथि हुन्छ । यस अवसरमा गाइने पर्वगीतहरूमा विसु पर्व र होरी पर्वगीतलाई लिन सकिन्छ ।

**क) विसु पर्वगीत**

आओ आओ, सङ्गीसात्याऊ, रनपुतला ।
पुतला खेलन बाइजाऊँ, रनपुतला ॥

यस पङ्क्तिको पहिलो पाउमा चार शब्दगुच्छहार र दोस्रो पाउमा पनि चार शब्दगुच्छहार तथा पहिलोमा चौध वर्ण र दोस्रोमा पन्ध्र वर्णहरूको संयोजनले एक श्लोकको निर्माण भएको छ ।

माटो कुटी-कुटी सोबाडी लायो
माटो कुटी-कुटी सोबाडा लायो
हृदय गुरुले मुडुल्ली चिठ्यो ।

यस पङ्क्तिमा तीनवटा पाउ रहेका छन् । यहाँ पाउमा एघार वर्ण र पाँच/पाँच शब्दगुच्छहार तथा चार शब्दगुच्छहारहरू छन् ।

**ख) होरी पर्वगीत**

**अ) राम भगवान्सँग सम्बन्धित**

ए राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो
राम सीता वन जानुपड्यो, राम सीता वन जानुपड्यो ।

यस पङ्क्तिमा पहिलो पाउमा नौ शब्दगुच्छहार तथा एक्काइस वर्णहरू र दोस्रो पाउमा आठ गुच्छहार तथा बीस वर्णहरू रहेका छन् । यस्तै अन्य गीतमा न्यूनतम् दशवर्णहरू र चार शब्दगुच्छहारहरू रहेका छन् । यस होरी गीतमा सोह्र पङ्क्तिहरू, तीन/तीन पाउ तथा अन्तिममा दुई पाउहरू रहेका छन् ।

**आ) श्रीरामलीलासँग सम्बन्धित**

चारही चार कुमार प्यारी, दशरथकी चारै चार कुमार प्यारी
दशरथकी चारै चार कुमार प्यारी
दशरथकी चारै चार कुमार प्यारी, दशरथकी चारै चार कुमार प्यारी

यहाँ तीन पाउको एक श्लोकमा क्रमशः आठ शब्दगुच्छहार र बाइस वर्णहरू, चार शब्दगुच्छहार र बाह्र वर्णहरू तथा आठ शब्दगुच्छहार र चौबीस वर्णहरू रहेका छन् ।

**इ)    श्रीकृष्ण भगवान्सँग सम्बन्धित**

दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी
गोरी दिहाल मेरो बाँसुरी, गोरी दिहाल मेरो बाँसुरी

यहाँको पहिलो पाउमा सात शब्दगुच्छहार तथा अठार वर्णहरू, दोस्रो पाउमा चार शब्दगुच्छहार तथा दश वर्णहरू र तेस्रो आठ शब्दगुच्छहार तथा बीस वर्णहरू रहेका छन् ।

## ५.११.५ लय र छन्दका आधारमा पर्वगीतको विश्लेषण

### ५.११.५.१ लयका आधारमा विश्लेषण

पर्वगीत पद्य र गेय भएकाले लयको स्थान महत्त्वपूर्ण मानिन्छ । लयले गर्दा नै गीतमा श्रुतिमधुरता प्राप्त हुने गर्दछ । कुनै पर्वगीत गाउँदा लामो समय लाग्दछ । कुनैमा छोटो समय लाग्छ कुनैमा घुमाउरो पाराले मोड्नुपर्ने हुन्छ ।

**क) छोटो लय**

जुन गीत गाउँदा छोटो समय लाग्दछ त्यसलाई छोटो लय भनिन्छ । कुनै पर्वगीतमा स्वर छोटो वा लय कम गरेर गाउन सकिने र समयको लागत पनि कम हुने गर्दछ । छोटो लयमा गाउन सकिने केही गीतहरू यस प्रकार रहेका छन् :

**अ)    भैलो गीत**

ए भन भन भाइऔ    -    भैलो

ए भैलो माग्न्याका    -    भैलो

ए काँनौनो थैलो    -    भैलो

ए जो देला मुठी    -    भैलो

ए उसको घुँडो फुटी    -    भैलो

यहाँ /ए/,/भन/,/भन मा केही विश्राम भई /भाइ/,/औ/ मा विश्राम हुँदै त्यसपछि अरुले ‘भैलो’ भन्ने गर्दछन् । त्यस्तै अन्य गीतमा पनि यस्तै प्रकारको लय हुन्छ ।

**आ)    साउने सङ्क्रान्ति गीत (लुतो फाल्ने गीत)**

उन्टा कुन्टाकी छिउ बूढी राँड

लुतो पाङ्ग्रो ले बूढी राँड ।

यस पङ्क्तिमा पाँच अक्षरमा विश्राम हुँदै पुनः एघार अक्षरमा विश्राम हुने गर्दछ । यस्तै अर्को पाउमा चार अक्षर र नवौं अक्षरमा विश्राम हुने गर्दछ । त्यसैले यसलाई छोटो लयमा राख्न सकिन्छ ।

**ख) घुमाउरो लय**

यस प्रकारको लयमा सुरुमा ठूलो स्वरले गीत गाउने र पछि केही मात्रामा मसिनो स्वर गरी लामो लय पारिन्छ । घुमाउरो लयमा पहिले एक किसिमको र पछि अर्कै किसिमको स्वरलाई मोड्नु पर्दछ । घुमाउरो लयको गीतको अंशको यस प्रकार रहेको छ :

आलो कोद्या सुकाइ राख्या हो, बासा आइ पिनुला - भसडो ।
बौजुका सुकिला दन्त, टाढा है चिनुला - भसडो ।

यस पङ्क्तिको पहिलो पाउमा दसौं वर्णमा विश्राम भई स्वर परिवर्तन गरिन्छ । त्यसपछि चौधौं वर्णमा स्वर लामो पारी सत्रौं वर्णमा विश्राम हुन्छ । अर्थात /आलो/,/कोद्या/सुकाइ/राख्या/हो/मा विश्राम भई /बा/सा/आइ/,/पि/नु/ला/ मा विश्राम हुने गर्दछ । यस्तै दोस्रो पाउमा घुमाउरो लय हुने गर्दछ ।

**ग) लामो लय**

अन्त्य लोकगीतजस्तै पर्वगीतको पनि लामो लय हुन्छ । लामो लयमा गीत गाउँदा स्वरको स्थिति पनि लामो हुने र समयको पनि धेरै खर्च हुने गर्दछ ।

**अ) विसु पर्वगीत**

जौ जौमास जौगेडी लेख्या, को जौमास जौगेडी लेख्याको ।२।

यस पङ्क्तिमा चतुर्थ वर्ण, नवौं वर्ण, तेह्रौं वर्ण, र उन्नाइसौं वर्णमा विश्राम भएको छ । /जौ/,/जौ/मास/,/जौगेडी/लेख्या/, /को/,/जौ/मास/,/ जौगेडी/लेख्या/ जस्ता ठाउँमा विश्राम भएको छ । त्यसैले यसलाई लामो लय अन्तर्गत राख्न सकिन्छ ।

इल्चा लुडुक्यो, जिना कागुनु, भिटा लुडुक्यो साउँ ।
बुबा धेकन्ना, चोली छेकन्ना, भुडुक्कै उठी जाउँ ।

यस पङक्तिको पहिलो पाउमा पाँचौ वर्ण, दसौं वर्ण र सत्रौ वर्णमा विश्राम भएको छ । दोस्रो पाउमा पनि त्यही आधारमा विश्राम भएको छ । यस पङ्क्तिमा सात/सात शब्दगुच्छहार भएकाले लामो लयमा राखिएको छ ।

**आ) होरी पर्वगीत**

ए तीन लेकका मालिक धन्य प्रभु हुन् ।
शिरमा जटाजुट भिर्नै पड्यो
राम सीता वन जानु पड्यो ।

यस पङ्क्तिमा क्रमशः पहिलो पाउमा प्रथम वर्ण, नवौं वर्ण, चौधौं वर्णमा तथा दोस्रो पाउमा तेस्रो वर्ण, सातौं वर्ण, एघारौं वर्णमा र तेस्रो पाउमा चौथो वर्ण, छैटौं वर्ण तथा दसौं वर्णमा विश्राम भएको छ ।

ए वृद्ध बाहुली अवस्था भई रे ।
नै भई पुत्र गरौं क्यारे, दशरथकी चारै कुमार प्यारी ।
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

यस पङ्क्तिमा क्रमश : प्रथम वर्ण, छैटौं वर्ण र बाह्रौं वर्णमा तथा दोस्रो पाउमा पाँचौ वर्ण, नवौं वर्ण र एक्काइसौं वर्ण एवं तेस्रो पाउमा बाह्रौं वर्ण र चौविसौं वर्णमा विश्राम भएको छ । त्यसैले यस प्रकारका गीतहरूलाई लामो लयमा राखिएको छ ।

ए भदव मासकी पक्ष अन्यारी
अष्टमी रात अतिकला, मथुरामै जन्म्या नन्दलाल
मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

यस पङ्क्तिको पहिलो पाउमा प्रथम वर्ण, सातौँ वर्ण र बाह्रौँ वर्णमा तथा दोस्रो पाउमा पाँचौ वर्ण, नवौँ वर्ण र उन्नाइसौँ वर्णमा एवं तेस्रो पाउमा दसौँ वर्ण र बीसौँ वर्णमा विश्राम भएको पाइन्छ ।

ए कति बरीसका कृष्ण कन्हैया
कति बरीसकी राधा गोरी, वृज कुञ्जमै धम्मामै चैहोरी ।

यस पङ्क्तिको पहिलो पाउमा प्रथम वर्ण, छैटौँ वर्ण र एघारौँ वर्ण, तथा दोस्रो पाउमा छैटौँ वर्ण, दसौँ वर्ण र एक्काइसौँ वर्णमा विश्राम हुने गर्दछ । यस प्रकारका गीतहरूमा प्रायः लामो लय नै हुने गर्दछ ।

**५.११.५.२ छन्दका आधारमा विश्लेषण**

पर्वगीत लोकगीतको एक उपविधाअन्तर्गत पर्ने भएकाले यसमा लोकछन्दको प्रयोग भएको छ । त्यसैले पर्वगीतमा विभिन्न किसिमका लोकछन्दहरूको प्रयोग भएको पाइन्छ ।

आओ आओ सङ्गीसात्याऊ रनपुतला ।
पुतला खेल्न बाइजाऊँ, रनपुतला ॥

यस पङ्क्तिमा दुई पाउको एक श्लोक निर्माण भएको छ । पहिलो पाउमा तेह्र र दोस्रो पाउमा चौध वर्ण हुने लोकछन्दको प्रयोग भएको छ ।

उन्टा कुन्टाकी छिउ बूढी राँड ।
लुतो पाङ्ग्रो ले बूढी राँड ॥

यस पङ्क्तिमा दुई पाउको एक श्लोक निर्माण भएको छ । पहिलो पाउमा दसवर्ण र दोस्रो पाउमा आठ वर्णहरूको संयोजनद्वारा लोकछन्दको निर्माण भएको छ ।

साउनको राती
हगाइ लाग्यो ताती ।
राटो दिन्या माए
जन दिन पाए ॥

यस पङ्क्तिमा पहिलो, तेस्रो र चतुर्थ पाउमा क्रमशः पाँच/पाँच वर्णहरूको तथा दोस्रो पाउमा छ वर्णहरू हुने लोकछन्दको प्रयोग भएको छ ।

चारही चार कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी
दशरथकी चारै कुमार प्यारी
दशरथकी चारै कुमार प्यारी, दशरथकी चारै कुमार प्यारी ।

यहाँ तीनवटा पाउहरू समानजस्तै देखिएकाले त्रिपन्दी छन्दको प्रयोग भएको छ । जसमा क्रमशः एक्काइस वर्ण, एघार वर्ण र तेइस वर्णहरूको प्रयोग भएको छ ।

ए भदव मासकी पक्ष अन्यारी
अष्टमी रात अतिकला, मथुरामै जन्म्या नन्दलाल

मथुरामै जन्म्या नन्दलाल, मथुरामै जन्म्या नन्दलाल

यहाँ तीनवटा पाउ अलग-अलग भएकाले त्रिभङ्ग छन्दको प्रयोग भएको छ । पहिलो पाउमा एघार, दोस्रो पाउमा अठार, तेस्रो पाउमा उन्नाइस वर्णहरू भएको त्रिभङ्ग छन्दको प्रयोग भएको छ ।

### ५.११.६ साहित्यिक विशेषताका आधारमा पर्वगीतको विश्लेषण

पर्वगीत लोकसाहित्यको एक उपविधा हो । यो लोकगीतको वर्षचक्रीयगीतअन्तर्गत ऋतुकालीनगीतको उपविधामा पर्दछ । पर्वगीतमा छन्द, अलङ्कार र रसजस्ता साहित्यमा हुनुपर्ने विशेषताहरू पर्दछन् ।

आओ आओ सङ्गीसात्याऊ, रनपुतला
पुतला खेलन बाइजाऊँ, रनपुतला ।

यस पङक्तिका पहिलो पाउ र दोस्रो पाउको अन्तिम शब्द 'रनपुतला' मा अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग भएको छ ।

उन्टा कुन्टाकी छिउ बूढी राँड ।
लुतो पाङ्ग्रो ले बूढी राँड ।

यस पङ्क्तिमा 'बूढी' शब्दमा मध्यानुप्रास र 'राँड' शब्दमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

साउनको राती
हगाइ लाग्यो ताती

यस पङ्क्तिको पहिलो र दोस्रो पाउमा 'राती' तथा 'ताती' मा अन्त्यानुप्रासको प्रयोग भएको छ । यहाँ साउनको राती एकदम डरलाग्दो भएकाले भयानक रसको प्रयोग गरिएको छ ।

राम सीता वन जानुपड्यो
राम सीता वन जानुपड्यो

यस पङ्क्तिमा पूरै शब्दहरूको पुनरावृत्ति भएको छ । त्यसैले यहाँ लाटानुप्रास शब्दालङ्कार छ । यहाँ राम-सीता वनवास गएको अवस्थाले गर्दा करुण रस उत्पन्न भएको छ ।

### ५.११.७ भाषाका आधारमा पर्वगीतको विश्लेषण

अछाम जिल्लामा बोलिने भाषिका नेपाली भाषाको ओरपच्छिमा वर्गभित्र पर्दछ । यी पर्वगीतमा पनि केन्द्रीय नेपाली भाषिका र पूर्वेली भाषिकाको खसानी उपभाषिकाको केही प्रभाव परेको पाइन्छ । अछामी स्थानीय भाषिकाको प्रयोग पर्वगीतमा भएको पाइन्छ । कहीँ कतै संस्कृत र हिन्दी भाषाको समेत प्रयोग भएको पाइन्छ ।

| अछामी शब्द | स्तरीय नेपाली शब्द |
|---|---|
| सङ्गी | साथी |
| सात्याऊ | साथी |
| बाइजाउँ | गइजाउँ |
| जौगेडी | जोगी |
| इल्चा | खेतको आली |
| जिना कागुनु | एक प्रकारको घाँस |

| | |
|---|---|
| भिटा | भित्ता |
| लुडुक्यो | फैलियो |
| भुडुक्कै | छिट्टै |
| छिउ | हे |
| ले | लैजा |
| कठी बाडे | साह्रो |
| आँम | आँप |
| अघिन्डो | अगाडि |
| धात | खबर |
| कोद्या | कोदो |
| बाखा | साँझ |
| बौजु | भाउजु |
| सुकिला | सेता |
| है | देखि |
| मोखिया | मुखिया |
| भदव | भाद्र |
| अन्यारी | अँध्यारो |
| जन्म्या | जन्मे |
| पाल्या | पाले |
| निनाई | निदाई |
| मुकि | मलाई |
| वरीस | वर्ष |
| धम्मा | धाम |

यिनीहरूका अतिरिक्त संस्कृत भाषाका 'बृद्ध', 'पुत्र', 'मास', 'कुञ्ज', 'दन्त' जस्ता शब्दहरू पर्दछन् ।

# अध्याय छ

# निष्कर्ष

सुदूरपश्चिमका अधिकांश पहाडी जिल्लाहरूमा विभिन्न किसिमका मागलहरू विभिन्न शुभकार्यका अवसरमा महिलाहरूद्वारा गाइने गरिन्छन् । मागल नारीहरूद्वारा गाइने र नारीहरूद्वारा नै सिकिने परम्परागत संस्कारगीत हो । अछामी समाजमा पनि विभिन्न संस्कारका अवसरमा मागलगीतहरू गाइन्छन् । मागलगीतहरू गाइने त्यस्ता संस्कारहरूमा जन्मसंस्कार, व्रतबन्धसंस्कार, विवाहसंस्कार आदि पर्दछन् । अछामी महिलाहरू मौरीका गुनगुनावटका आवाजमा मागल गाउने गर्दछन् । अछामी समाज हिन्दूपरम्परामा आधारित छ र त्यहाँ जुनसुकै शुभकार्यको अवसरमा नयाँ कार्यको थालनी गर्दा मागलगीतहरू गाउने गरिन्छन् । जन्म, छैटी, न्वारन, चूडाकर्म, व्रतबन्ध र विवाहजस्ता संस्कारहरूमा त्यहाँका नारीहरूले गाउने एक प्रकारको गीत नै मागलगीत हो । कुनै पनि शुभकार्य निर्विघ्न सम्पन्न होस् भन्ने उद्देश्यले सो कार्यको प्रारम्भमा मागलगीत गाउने गरिन्छ । मागल नारी गीत त हुँदै हो, सँगसँगै सौभाग्यवती महिलाहरूको गीत पनि हो । प्रायः जसो विवाहिता महिलाहरूले मात्र यसलाई गाउने गर्दछन् ।

हिन्दूसंस्कारका रूपमा अछामी समाजमा व्रतबन्धसंस्कारमा कपाल खौरिने र भिक्षा दिनेजस्ता कार्यहरूमा मागलगीत गाउने गरिन्छ । व्रतबन्धसंस्कारपछि गरिने प्रमुख शुभसंस्कारहरूमा विवाहसंस्कार प्रमुख मानिन्छ । यस अवसरमा अछामी समाजमा दाउरा काट्ने, तेल पेल्न, लुगा सिलाउने र चिउरा कुट्ने कार्यहरू गरिन्छन् । विवाहका अवसरमा जन्ती प्रस्थान गर्दा, आमाको दूधको भारा तिर्दा र दुलहीले माइतीघर छोड्दाजस्ता अवसरमा महिलाहरूद्वारा माङ्गलिक गीतका रूपमा मागलगीत गाउने गरिन्छ ।

अछामी समाजका अधिकांश ग्रामीण भेगमा देवीदेवताहरूको बाहुल्य रहेको छ । यहाँका देवीदेवताहरूमा जाल्पादेवी, नन्दामाता, हाँसुल्लादेवी, त्रिपुरासुन्दरी, कालिकादेवी, भैरवनाथ, गोरखनाथ, वैजनाथ, मष्टा, बन्डाली आदि पर्दछन् । अछाम जिल्लामा देवीदेवतासँग सम्बन्धित मागल र माईको मागल नारीहरूद्वारा देवीदेवताको आराधना वा देवस्तुति गरी गाउने गरिन्छ । यहाँ कुनै पनि शुभकार्य गर्दा सर्वप्रथम गणेशको पूजा आराधना गर्ने र त्यसपछि अन्य देवीदेवताको पूजा गर्ने परिपाटी रहेको छ । अछामी जनताहरू धार्मिक कार्यमा आस्थावान् रहेका हुनाले देवीदेवताप्रतिको आस्था अटुट रूपमा रहेको पाइन्छ । देवीदेवताको पूजा गर्नाले सम्पूर्ण पाप नष्ट भई स्वर्गमा गइन्छ र धर्मको विरोध गरेमा नर्कमा गइन्छ भन्ने धार्मिक मान्यता रहेको छ ।

अछामी मागलले लोकविश्वासलाई अँगालेर स्थानीय चलन नीति, उपदेश, व्यक्तिले गर्नुपर्ने कर्तव्य आदिजस्ता कुरालाई आफ्नो विषयवस्तु बनाएको देखिन्छ । विभिन्न प्रकारका शुभकार्यको थालनी गर्दा आयोजना गरिने अनुष्ठानहरूमा कार्यारम्भकासाथ नारीसमूहद्वारा गाइने मागलमा सर्वप्रथम स्वयं गायिकाहरूबाट हृदय खोलेर शुभकामना दिएको र देवीदेवता तथा पितरहरूसँग पनि दाहिने हुन अनुरोध गरिएको पाइन्छ । त्यस्तै पितृगणलाई देवीदेवतासरह मान्यता दिने, कुनैपनि शुभकार्यमा देवीदेवताहरूलाई सम्झने, विवाहव्रतबन्धजस्ता संस्कारमा वरबधूले कर्मकाण्ड र लोकमान्यताअनुसार कर्तव्यपालना गर्नुपर्ने परम्परागत संस्कार देखिनाका साथै अछामी स्थानीय चालचलन र संस्कृतिलाई पनि मागलले महत्त्व दिएको हुन्छ । मागलको भाषा सरल र सहज हुन्छ । यसमा अनुप्रास, लाटानुप्रास, अन्त्यानुप्रासजस्ता अलङ्कारका साथै वात्सल्य रसको प्रयोग पाइन्छ । धार्मिक, सामाजिक, प्रकृति आदिका विषयवस्तुहरू मागलमा समावेश भएका हुन्छन् ।

हिन्दूसंस्कारमा विभिन्न किसिमका चाडपर्वहरू पनि मनाउने गरिन्छन् । त्यस्तै अछामी समाजमा पनि विसु, तीज, दसैं, भैलो र होरीजस्ता चाडपर्वहरू मनाउने परम्परा रहिआएको छ । बिसुपर्वमा महिलाहरूद्वारा रनपुतला खेल खेल्दै गीत गाउने र मनोरञ्जन गर्ने गरिन्छ । रनपुतला सुरुमा सङ्गीसाथीलाई आग्रह गरी खेलिने खेल हो । स्त्री जातिले मात्र खेलिने यस खेलमा चौबन्दी चोली र सेतो पटुका पहिरिएर दुई समूहमा विभाजन भई खेल्ने र अन्तिममा 'विशु वाघ' र बिरालो बनाई मनोरञ्जनकासाथ खेल समाप्त गरिन्छ । साउने सङ्क्रान्तिका दिन लुतो फाल्ने र बूढी राक्षसनीले घरमा कुनै छेति नपुऱ्याओस् भन्ने उद्देश्यले यो दिनमा वनबाट भिरुकाँडीको हाँगो ल्याएर कुना-कुनामा गई लुतो पाल्ने गरिन्छ । असोज सङ्क्रान्तिका दिनमा अछामी समाजमा घाँसे सङ्क्रान्तिपर्व मनाईंदै गाईलाई घाँस खुवाउने चलन रहेको छ । यस दिनमा गैरीटाँड र कमलबजारका स्थानमा मेला लाग्ने गर्दछ ।

यसैगरी दसैंमा यस समाजमा पीङ् खेल्ने, नाचगान गर्ने, मीठामीठा खानेकुरा खाने सम्पूर्ण व्यक्तिहरूकाबीचमा मनोरञ्जन गर्ने गरिन्छ । तिहारमा यस समाजमा देउसी खेल्ने र मनोरञ्जन गर्ने गरिन्छ । पुसे पूर्णिमाका दिन अछामी समाजमा भैलो खेल्ने चलन छ । यस अवसरमा बूढा र तन्नेरी मिलेर बेग्ला-बेग्लै टोली बनाएर घर-घरमा भैलो माग्ने चलन रहेको छ । मकरसङ्क्रान्तिलाई अछामी समाजमा चेली तिहार भन्ने गरिन्छ । छोरी-बहिनी माइत आउने चलन छ । पुसे पूर्णिमाका दिनदेखि काठका मुढाहरू जम्मा गरेर रातमा आगो बालेर ताप्ने गरिन्छ । बिहान घरमा गई मीठामीठा खानेकुरा खाने र सेलपुरी लगेर चेली-बहिनीका घरमा जाने चलन रहेको छ । पुसे औंसीका दिनमा यस समाजमा भुओ खेल्ने परम्परा रहेको छ । यस पर्वमा लोग्नेमानिसहरू जम्मा भई भुओगीत गाउँदै तालमा ताल मिलाएर तरबार, खुकुरी इत्यादी लिएर उमङ्गका साथ कदममा कदम मिलाएर नाच्ने गर्दछन् । यस जिल्लामा होरीलाई महत्त्वपूर्ण पर्वका रूपमा मनाउने गरिन्छ । शिवरात्रिदेखि प्रारम्भ भई फागु पूर्णिमासम्म खेलिने यस पर्वमा पुरुषहरूद्वारा गीत गाउने र नाच्ने गरिन्छ । एक जनाले भट्टयाउने र अरुले त्यसमा साथ दिई गाउने गरिन्छ ।

पर्वगीतको भाषाशैली सरल हुन्छ र कहीँ कहीँ प्रश्नोत्तरशैलीको प्रयोग पनि भएको हुन्छ । यहाँ अनुप्रास, अत्यानुप्रासजस्ता अलङ्कारका साथै करुण रसको पनि प्रयोग भएको छ । लोकछन्दका साथै अन्य साहित्यिक विशेषताहरू पनि यसमा पाइन्छन् । कुनैमा छोटो लय र कुनैमा लामो लय पाइन्छ । रामलीला र कृष्णलीलाको महिमामय वर्णन यसमा गरिएको पाइन्छ । धार्मिक, प्रकृतिजस्ता विषयवस्तुको प्रयोग यसमा पाइन्छ ।

मागलगीत र पर्वगीत दुवै अछामी जनजीवनसँग सम्बन्धित विशिष्ट सांस्कृतिक सम्पदा हुन् । कुनैमा महिला र कुनैमा पुरुष सहभागी भएर गायन गरिने ती लोकगीतहरूमा स्थानीय संस्कृति, संस्कार, लोकविश्वास, मनोकाङ्क्षा आदि प्रकट भएको पाइन्छ । स्थानीय जनजीवनका विशेषताको पहिचानका दृष्टिले ती महत्त्वपूर्ण छन् । सामाजिक विकास र उत्थानका निम्ति पनि तिनको विविधपक्षीय विश्लेषण अपेक्षित छ ।

# सन्दर्भग्रन्थ सूची


आचार्य, कृष्णप्रसाद, **पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध**, कीर्तिपुरः क्षितिज प्रकाशन, २०६३ ।

कोइराला, शम्भुप्रसाद, **लोकसाहित्यः सिद्धान्त र विश्लेषण**, विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५ ।

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**, काठमाण्डौः एकता प्रकाशन, २०५७ ।

जोशी, सत्यमोहन, **नेपाली लोकगीत एक अध्ययन**, ललितपुरः साहित्य सदन ने.सं. १०७५ ।

जोशी, हितराज, "भुओगीतको अध्ययन", (त्रि.वि. नेपाली एम.ए. शोधपत्र), २०६० ।

तिमिल्सेना, नारायणप्रसाद, "दैलेखमा प्रचलित मागलको सङ्कलन, वर्गीकरण र विश्लेषण", (त्रि.वि.एम.ए. शोधपत्र), २०६२ ।

थापा, धर्मराज, **मेरो नेपाल भ्रमण**, काठमाण्डौः साझा प्रकाशन, २०३२ ।

पन्त, जयराज, **अँजुलीभरि सगुन र पोल्टाभरि फाग**, काठमाण्डौः ने.रा.प्र.प्र., २०५५ ।

पन्त, देवकान्त, **डोटेली लोकसाहित्य एक अध्ययन**, काठमाण्डौः नेपाल एशियाली अध्ययन संस्थान, कीर्तिपुर, २०३२ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाण्डौः वीणा प्रकाशन प्रा.लि., २०५७ ।

पराजुली, मोतीलाल, "लोकगीतको संरचना" **कुञ्जिनी**, ११:८, २०६० ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाण्डौः एकता प्रकाशन, २०५८ ।

यात्री, पूर्णप्रकाश नेपाल, **सेतीका तारा**, विराटनगरः हिमाली सौगात प्रकाशन, २०३४ ।

... ... ..., **सेतीको नालीबेली**, विराटनगरः हिमाली सौगात प्रकाशन, २०३४ ।

... ... ..., **सेतीअञ्चल दिग्दर्शन**, विराटनगरः हिमाली सौगात प्रकाशन, २०३५ ।

... ... ..., **भेरी लोकसाहित्य**, काठमाण्डौः ने.रा.प्र.प्र. २०४१ ।

लोहनी, शोभा तिवारी, **लोकसङ्गीतार्पण**, काठमाण्डौः साझा प्रकाशन, २०६० ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

श्रेष्ठ, तेजप्रकाश, **अछामी लोकसाहित्य**, काठमाण्डौः रत्नपुस्तक भण्डार, २०४४ ।

सम्पादक मण्डल, **होरी देउडा**, टीकापुरः टीकापुर सांस्कृतिक समाज, २०६१ ।

सुवेदी, राजाराम, **अछामको इतिहास**, अछामः श्री वैद्यनाथ क्षेत्र विकास समिति, २०५८ ।

सोती, बिर्खराज, "बझाङ्गी मागलको सङ्कलन र अध्ययन", (त्रि.वि. स्नातकोत्तर एम.ए., शोधपत्र), २०६२ ।

## **परिशिष्ट खण्ड** (क)

### **मागलगीतका सूचकहरू**

| | |
|---|---|
| ऐसरा खत्री | तोली गा.वि.स. वार्ड नं. ९, बान्ने अछाम । |
| जुनकला खत्री | तोली गा.वि.स. वार्ड नं. ९, बान्ने अछाम । |
| जुनादेवी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| कोकिलादेवी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| सरस्वती देवी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| मन्दोधरी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| बिन्द्रादेवी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| डीकादेवी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| मयसरा कुमारी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| मीन कुमारी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| सरस्वती कुमारी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| रामकला अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| नौरता कुमारी अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |

### **पर्वगीतका सूचकहरू**

| | |
|---|---|
| चन्द्रप्रसाद अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| तीर्थराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| सत्यराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| शिवराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| जनकराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| मदनराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| दिनेशराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |

| | |
|---|---|
| कमलराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| धर्मराज अधिकारी | विनायक गा.वि.स. वार्ड नं. ७, अछाम । |
| टेकराज खनाल | भाटकाटियाँ गा.वि.स. वार्ड नं. ७, छब्बीस, अछाम । |
| परमभक्त न्यौपाने (प्र.अ.) | शिशुकल्याण प्रा.वि.भैतासेन, बाटुलासेन वार्ड नं. ६, साँता, अछाम । |
| शिक्षक भवानीप्रसाद न्यौपाने | शिशुकल्याण प्रा.वि.भैतासेन, बाटुलासेन वार्ड नं. ६, साँता, अछाम । |
| लक्ष्मीकान्त न्यौपाने | बाटुलासेन गा.वि.स. वार्ड नं. ३, ठाकुरसैन अछाम । |

**विशेष सहयोगीहरू :**

मिनुराम जैसी, तुलसीपुर न.पा. वार्ड नं. ६, दाङ ।

लिलाधर पार्धे, हल्वार गा.वि.स. वार्ड नं. ३, बनहरी, दाङ ।

## परिशिष्ट खण्ड (ख)

अछामी मागल र पर्वगीतमा प्रयोग भएका अछामी भाषिकाका शब्दहरू र तिनको मानक नेपालीमा अर्थ ।

| अछामी शब्द | मानक नेपाली अर्थ |
|---|---|
| अई | त्यहीँ |
| अघिन्डा | अगाडि |
| अन्यारी | अँध्यारो |
| आउन्या | आउने काम |
| आर्ज्या | आर्जेको |
| आफ्नाइ | आफ्नो |
| आँम | आँप |
| आयाँ | आएँ |
| इल्चा | छेउ |
| उअ | स्वर लामो बनाउँदा पदान्तमा थपिने थेगो |
| उच्चीकोट | अग्लो गाउँ |
| उधो | तल |
| उपटन | बुकुवा |
| उभो | माथि |
| उन्टाकुन्टा | कुना-कुना |
| एकु | एक |
| कइको | कसको |
| कठीबाडे | धेरै साह्रो, काँचो । |
| कस्तै | कस्तै |
| कान्ठा | कान्छा |
| कुञ्ज | झाडी |
| कोद्या | कोदो |
| कोलपाट्या | तेल वा तोरी पेल्ने साधन । |
| काँ | कहाँ |
| काँनौनो | काँधमा |
| क्या | के |
| क्यान | किन |
| गया | गए |
| गाया | गाए |
| गैगया | गइहाले |
| गोरी | उदाएका सूर्यजस्तै गोरी |
| घङगारु | एक किसिमको राता गेडा फल्ने काँडादार वनस्पति |
| चरकी | चर्को |
| चारही | चार |
| चावल | चामल |
| चौढुङ्गो | चारकुना भएको ढुङ्गो |

| | |
|---|---|
| छियो | थियो |
| छन्ती | हुनासम्म |
| छिउ | हे |
| जरमाउलो | जन्मेको ठाउँ |
| जमात | समूह |
| जन्मथान | जन्मेको ठाउँ |
| जमदुत | यमदुत |
| जाग्या | बिउँझिए |
| जान्या हुँ | जानेछु । |
| जिउ | जीउ |
| जिजा | हजुरआमा |
| जिया | आमा |
| जोइसी | ज्योतिषी |
| जोली | जोडा |
| जौगेडी | जोगी |
| जौमास | असल |
| झुरै | रोएर |
| झट्ट | छिटो |
| ढुन्को | बाँसको टुक्रा भित्रको खाली भाग |
| तमि | तपाईं/तिमी |
| तान | समय |
| तिर्खुला | चुत्रो |
| तुलछी | तुलसी |
| थात | ठाउँ |
| थान | मन्दिर |
| थाली | थाल |
| दाइना | दाहिने |
| दिन्या | दिनेवाला |
| दियाइय | दियो |
| दियाडी | दियो |
| दुमै | दुई |
| दुलया | दुलाहा |
| दूबिपात | दुवाको पात |
| दे | दिने काम गर |
| देओ | दिनुहोस् |
| देला | ढोका |
| धजा | ध्वजा |
| धम्मा | धामा |
| धरम | धर्म |
| धात | खोज |
| धेक्नु | देख्नु |
| नछोल | नताछ |
| नाही | छैन |
| निकरी | राम्ररी |
| निङालो | एक किसिमको वनस्पति |

पउलाउ जुत्ता

| | |
|---|---|
| पदमफूल | कमलफूल |
| पड्यो | पऱ्यो |
| पछिन्डो | पछाडि |
| पराए | अर्कै |
| पात्या | पातको |
| पितम्बर | पहेँलो वस्त्र |
| पितृ | पिता |
| पुत | छोरो |
| पेला | पहेँला |
| पैटाउनु | सुरु गर्नु |
| पैले | पहिले |
| पैरनु | पहिरनु |
| पैरिन | पहिरिन |
| पाँडै | घरको माथिल्लो तला |
| प्रच्छना | खुसी |
| फाँको | भोक लागेका बेला खाने खाजा, नास्ता । |
| बउअ | बुहारी |
| बउजु | भाउजू |
| बङ्सी | बाँस |
| बयाँली | शीतलता |
| बहिनाउँ | बहिनी |
| बस्तर | कपडा |
| बाइगइन् | गइहालिन् |
| बाडी | बगैँचा |
| बासा | साँझ |
| बिड्वा | विरुवा |
| बुआ | बुबा |
| बुकै | सुख्खा |
| बैना | बहिनी |
| वृद्ध | बूढो |
| भदव | भाद्र |
| भया | भए |
| भलो | राम्रो |
| भरिया | भरिएको |
| भाउअ | भाइ |
| भिख | भिक्षा |
| भुडुक्कै | छिट्टै |
| भैजाया | होइजानु |
| मई | गोरु जोत्दा प्रयोग गरिने काठको दाँते |
| मजबुत | बलियो |
| माए | आमा |
| मास | महिना |
| माँस्या | महिना |
| माट्याभूमि | जन्मभूमि |

| | |
|---|---|
| मुकि | मलाई |
| मुड्यौली | दुलही पुऱ्याउन आउने जन्ती |
| मुज्याली | घरको मुख्य कोठा |
| मै | म |
| मैकन | मलाई |
| मैतला | माइत |
| रखवाला | रहनेवाला |
| रजाइ | बस्ने ठाउँ |
| रङ्गिला | रमाइला |
| रोटो | रोटी |
| रुपियाँ | रुपैयाँ |
| राँड | लोग्नेको मृत्यु भएकी आइमाई । |
| लछिमन | लक्ष्मण |
| लाइना | लगाउने काम |
| लुडुक्यो | यताउता फैलियो |
| लेख्या | लेखेको |
| ले | लैजाऊ |
| शिरकी | माथिकी, टाउकाकी |
| सपन | सपना |
| सर | जस्तै |
| सङ्गी | साथी |
| सात्या | साथी |
| सात्याउ | साथीहरू |
| साउँ | सामा घाँस |
| सिँढी | भऱ्याङ |
| सुकिला | सेता |
| सुनारबाडा | सुनार गाउँ |
| सुर्जे | सूर्य |
| सुप्पा | नाङ्लो |
| सौँराइ | माया |
| है | देखि |
| हदेली | बेसार |

## परिशिष्ट खण्ड (ग)

सङ्कलित अन्य केही अछामी लोकगीतहरू

### **१) असार महिनामा खेतगडमा गाइने गीत**

**अ)**

पानी पालो पाइन्या छैन, बुकै मई घसार ।
चङ्गीली होइजाओपन, रङ्गिला असार ॥

रोप रोप रोप्न्यारिऔ, हातको बीउ छन्ती ।
चिन्ता नमान बाजमोरेली, यो मेरो जीउ छन्ती ॥

जन्म दिन्या भगवान, मर्नू पर्छ किन ।
भेट होइजाली रोपाइँगडा, आउन्या यिनू दिन ॥

बल्ल पड्यो जुवालीउँदो, मई पड्यो पाँगाउँदो ।
मै पड्याँकी सबै पड्या, दोहोरा साँगाउँदो ॥

स्रोत व्यक्ति : लक्ष्मीकान्त न्यौपाने, बाटुलासेन गा.वि.स. वार्ड नं. ३, अछाम ।

**आ)**

रोप रोप रोप्न्यारीऔ, बीउ छ बिहारीको ।
मैकन सौराडी लाईगई, मेरी पियारीको ॥

सल्लीबेला घर बाइगईन, रोप्न्यारी पाङाकी ।
केका सर पडी सकूँ, दोहोरा साङाकी ॥

स्रोत व्यक्तिः टेकराज खनाल, भाटाकाटियाँ गा.बि.स. वार्ड नं. ७, छब्बीस, अछाम ।

### **२) वैशाख/जेठ महिनामा गाइने गीत**

**अ)**

लागला जेठको महिना, पाकन्ना तिर्खुला ।
मेरा जन्म्या अछाम जिल्ला, म कैले फिर्कुला ॥

जौ गहुँ पाकी पेलम्पुर, काफल पाकी कस्ता ।
सुख भन्नु पराए भैगो, पायाँ दुःखको माला ॥

लागला वसन्तऋतु, पालुवा पलाउन्ना ।
टुहुरा गरिबका छोरा, बाःभनी बोलाउन्ना ॥

जौ जमातो धान पोलाँटो, कोद्याका कुमला ।
कैले देश भाग लागला, कैल मन घुमला ॥

पाल्त न्याउला जन बास्या, हृदय रुन्या हो ।
दुःखीले सोच्याको जसो, कैले न हुन्या हो ॥

कालो लेक रमाइलो होला, काफल पाकन्या र ।
छुटेर कसरी जाउँली, झल्का लागन्ना र ॥

काफल ऐस्यालु जन, पाकन्ना तिर्खुला ।
तैँ र मै बड् पीपल होइजाऊँ, बयाली फिर्कुला ॥

स्रोत व्यक्तिः जानकी कुमारी न्यौपाने, बाटुलासेन गा.वि.स. वार्ड नं. ३, भैतासेन अछाम ।